# कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**

**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**

**एम्. ए. दोस्रो वर्षको दशौँ**

**पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन - कमलराज ढुङ्गाना (२०६६)

## शोधपत्र

शोधार्थी

**कमलराज ढुङ्गाना**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०६६

# कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्. ए. दोस्रो वर्षको दशौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**कमलराज ढुङ्गाना**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनार्थ प्रस्तुत **कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको शोधपत्र कमलराज ढुङ्गानाले मेरा निर्देशनमा तयार पार्नुभएको हो । सम्बन्धित क्षेत्रमा गएर क्षेत्रकार्य गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु र मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सिफारिस गर्दछु ।

मितिः २०६६।१२।२२

......................................

**प्रा.डा. मोतीलाल पराजुली**

(शोधनिर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री कमलराज ढुङ्गानाले प्रस्तुत गर्नुभएको **कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. | प्रा. राजेन्द्र सुवेदी (विभागीय प्रमुख) | ...................... |
| २. | प्रा.डा. मोतीलाल पराजुली (शोधनिर्देशक) | ...................... |
| ३. | प्रा.डा. कुलप्रसाद कोइराला (बाह्य परीक्षक) | ...................... |

मितिः २०६६/१२/३१

# कृतज्ञता ज्ञापन

**कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले आदरर्णीय गुरु प्रा.डा. मोतीलाल पराजुलीको निर्देशनमा तयार पारेको हुँ । वहाँको सहयोग सुझाउ र मार्ग निर्देशनबाट यो शोधपत्रले यो रूप प्राप्त गर्न सकेको हो । अत्यन्त स्नेहपूर्वक आवश्यक सल्लाह सुझाउ सहयोग र मार्गनिर्देशन प्रदान गर्नुहुने शोध निर्देशक आदरर्णीय गुरु मोतीलाल पराजुलीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्ताव तयार पार्ने कार्यमा सहयोग गर्नु हुने पृथ्वीनारायण क्याम्पस, पोखराका सह प्रा. डा. रामनाथ ओझा, केन्द्रीय पुस्तकालय कीर्तिपुर, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखराका कर्मचारीहरू, लोकगीत सङ्कलनमा सहयोग पुऱ्याउनु हुने सहयोगीहरू साथै लोकगायक, गायिकाहरू र टङ्कन व्यवस्था मिलाई सहयोग पुऱ्याउने हिमालयन स्टेसनरी, पोखराप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

मितिः २०६६।१२।२२

कमलराज ढुङ्गाना
रोल नं.: १७/०६०
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

# विषयसूची


| क्र.सं. | शीर्षक | पृ.सं. |
|---|---|---|
| **१** | **शोध परिचय** | **१-६** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध कार्यको प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | शोधको उद्देश्य | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | अध्ययनको औचित्य | ५ |
| १.७ | अध्ययनको सीमा र क्षेत्र | ५ |
| १.८ | सामग्री सङ्कलन विधि | ५ |
| १.९ | शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |
| **२** | **लोकगीतको सिद्धान्त** | **७-२१** |
| २.१ | लोकगीतको परिचय | ७ |
| २.२ | लोकगीतको परिभाषा | ७ |
| २.३ | लोकगीतका विशेषताहरू | १० |
| २.४ | लोकगीतका तत्त्वहरू | १३ |
| २.५ | लोकगीतको वर्गीकरण | १७ |
| २.६ | निष्कर्ष | २१ |
| **३** | **कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र परिचय** | **२२-८६** |
| ३.१ | विषय प्रवेश | २२ |
| ३.२ | कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरणात्मक सूची | २२ |
| ३.३ | कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको परिचय र सङ्कलित लोकगीतहरू | २२ |
| ३.३.१ | संस्कार गीत | २२ |
| ३.३.१.१ | मागल गीत | २३ |
| ३.३.१.१.१ | सङ्कलित मागल गीतहरू | २३ |

| | | |
|---|---|---|
| ३.३.१.२ | रत्यौली गीत | २५ |
| ३.३.१.२.१ | सङ्कलित रत्यौली गीतहरू | २६ |
| ३.३.२ | पर्व गीत | ३७ |
| ३.३.२.१ | तीज गीत | ३८ |
| ३.३.२.१.१ | सङ्कलित तीज गीतहरू | ३८ |
| ३.३.२.२ | भैलो तथा देउसी गीत | ५१ |
| ३.३.२.२.१ | सङ्कलित भैलो गीत | ५२ |
| ३.३.२.२.२ | सङ्कलित देउसी गीत | ५२ |
| ३.३.३ | कर्म गीत | ५४ |
| ३.३.३.१ | जेठे गीत | ५४ |
| ३.३.३.१.१ | सङ्कलित जेठे गीतहरू | ५४ |
| ३.३.३.२ | असारे गीत | ५७ |
| ३.३.३.२.१ | सङ्कलित असारे गीतहरू | ५७ |
| ३.३.३.३ | दाइँ गीत | ६१ |
| ३.३.३.३.१ | सङ्कलित दाइँ गीत | ६२ |
| ३.३.४ | बाह्रमासे गीत | ६३ |
| ३.३.४.१ | सङ्कलित बाह्रमासे गीतहरू | ६३ |
| ३.३.५ | धार्मिक गीतहरू | ७३ |
| ३.३.५.१ | भजन | ७३ |
| ३.३.५.१.१ | आरति | ७४ |
| ३.३.५.१.१.१ | सङ्कलित आरति | ७४ |
| ३.३.५.१.२ | चुड्का | ७५ |
| ३.३.५.१.२.१ | सङ्कलित चुड्का | ७५ |
| ३.३.५.१.३ | रोइला | ७७ |
| ३.३.५.१.३.१ | सङ्कलित रोइला | ७७ |
| ३.३.५.१.४ | झ्याउरे भजन | ८३ |
| ३.३.५.१.४.१ | सङ्कलित झ्याउरे भजन | ८३ |
| ३.३.५.१.५ | लम्बरी भजन | ८५ |
| ३.३.५.१.५.१ | सङ्कलित लम्बरी भजन | ८५ |
| ३.६ | निष्कर्ष | ८६ |

| | | |
|---|---|---|
| **४** | **कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको विषयगत आधारमा विश्लेषण** | **८७-१०२** |
| ४.१ | विषय प्रवेश | ८७ |
| ४.२ | सामाजिक चित्रण | ८८ |
| ४.२.१ | सामाजिक सङ्गठन | ८८ |
| ४.२.२ | नाता सम्बन्ध | ८९ |
| ४.२.३ | जातीयता | ८९ |
| ४.२.४ | रहनसहन | ८९ |
| ४.२.५ | सामाजिक विभेद | ९० |
| ४.२.६ | सामाजिक विकृति | ९१ |
| ४.२.७ | सामाजिक भावना | ९१ |
| ४.२.८ | कला/प्रविधि | ९२ |
| ४.२.९ | सामूहिक कार्य | ९२ |
| ४.२.१० | जीवनदर्शन | ९२ |
| ४.२.११ | औपदेशिकता | ९३ |
| ४.३ | धर्म संस्कृति | ९३ |
| ४.४ | आर्थिक अवस्थाको चित्रण | ९५ |
| ४.५ | लोक विश्वास | ९६ |
| ४.६ | प्रकृति चित्रण | ९७ |
| ४.७ | कृषिसम्बन्धी वर्णन | ९८ |
| ४.८ | ऐतिहासिकता | ९९ |
| ४.९ | राजनैतिक अवस्था | ९९ |
| ४.९ | भाषिक प्रयोग | १०० |
| ४.१० | निष्कर्ष | १०२ |
| **५** | **उपसंहार** | **१०३-१०४** |
| ५.१ | सारांश | १०३ |
| ५.२ | निष्कर्ष | १०४ |
| | लोकगायक/गायिका विवरण | १०५ |
| | **सन्दर्भसूची** | **१०६** |

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| ले.न.पा. | लेखनाथ नगरपालिका |
| पृ. | पृष्ठ |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| एम.ए. | मास्टर्स अफ आर्टस् |

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यस शोधपत्रको प्रयोजन त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.३ समस्या कथन

लिखित साहित्यको आधार वा जग भन्नु लोकसाहित्य हो । लिखित साहित्यको इतिहास खोतल्दै जाने हो भने हामी यसको प्रारूप लोकसाहित्यमा भेट्टाउँदछौँ । यस मानेमा पनि लोकसाहित्यको अध्ययन हुनु नितान्त आवश्यक ठहर्दछ । लोकसाहित्यमा लोकभावना, लोकआचरण, लोकसंस्कृति, लोकचिन्तन प्रतिविम्बित भएका हुन्छन् । लोकअनुभूतिको मौखिक दस्तावेजका रूपमा लोकसाहित्यलाई ग्रहण गर्न सकिन्छ । यस्ता लोकभावना वा अनुभूतिलाई रसमय वा कलात्मक ढङ्गले प्रस्तुत गर्ने क्रममा लोकसाहित्य पनि विभिन्न विधागत आयाममा विभक्त हुन पुगेको पाइन्छ । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये मूल वा समृद्ध विधाका रूपमा स्थापित लोकगीतमा व्यक्त भएका भावनाहरूबाट लोकसमाजका धार्मिक, आर्थिक, सामाजिक, ऐतिहासिक, भौगोलिक आदि पक्षहरूको अध्ययन सम्भव छ । यिनै विविध पक्षहरूको बारेमा खोजी गर्नु यस शोधको समस्या हो । यसै आधारमा केन्द्रित रही लोकसाहित्यको मूल विधा लोकगीत, जसको उर्वरभूमिका रूपमा चिनिने गण्डक क्षेत्र यसअन्तर्गतको कास्की जिल्ला जहाँका लोकगीतको अध्ययन सीमित वा कुनै भेग, कुनै जाति विशेषमा केन्द्रित रहेर अध्ययन गर्ने कार्य भए तापनि कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा सदियौँदेखि प्रवाहित हुँदै आएका त्यस्ता लोकगीतहरूको व्यापक रूपमा अध्ययन गर्ने कार्य यसपूर्वका दिनसम्म हुन सकेको थिएन । यसर्थ कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रका लोकगीत सङ्कलन कार्य, तिनको वर्गीकरण र विषयगत विश्लेषणमा यो शोध केन्द्रित रहेको छ । शोध समस्यालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ -

१) लोकगीतको विधागत स्थान कस्तो छ ?

२)	कास्कीको पूर्वोत्तर क्षेत्रमा के कस्ता लोकगीत प्रचलित छन् ?

३)	लोकगीतमा लोकअनुभूति वा लोकपक्ष कसरी विम्बित भएका छन् ?

४)	लोकगीतका लय, संरचना र भाषिक प्रयोग कस्तो रहेको छ ?

५)	यी लोकगीतको योगदान कस्तो छ ?

## १.४ शोधको उद्देश्य

यस शोधका उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -

१)	लोकगीतको विधागत स्थान पहिल्याउने ।

२)	कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीत प्रस्तुत गर्ने ।

३)	लोकगीतमा प्रतिविम्बित लोकअनुभूति वा लोकपक्ष केलाउने ।

४)	लोकगीतका लय, संरचना र भाषिक प्रयोग केलाउने ।

५)	यी लोकगीतको योगदान ठम्याउने ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली समाज जति पुरानो छ, लोकसाहित्यको समृद्ध र उन्नत विधा लोकगीत निश्चित रूपमा उत्तिकै पुरानो छ भन्ने कुरा अनुमान हुन्छ । हरेक टोल, गाउँ, पाखा, पखेरी, डाँडा, भञ्ज्याङ, उकाली, ओराली, देउरालीमा आफ्ना मनका तरङ्गहरूलाई बेरोकतोक ढङ्गबाट साङ्गितिक उद्गार दिने क्रममा लोकगीतका असङ्ख्य लय, भाव, भाषा, संरचना जन्मन पुग्छन् । लोकगीत कुनै व्यक्तिद्वारा रचना हुन्छ तर पनि समाजले आफ्नै व्यथा र कथाले सिञ्चित भएको महसुस गर्ने ती गीतहरू सर्जक पक्ष गौण हुन गई सामाजिक स्वरूप ग्रहण गर्न पुग्छ । समाजका हरेक व्यक्तिले आफ्नै सम्झी गुनगुनाउन थाल्दछ । ग्रामीण जनजीवनको निर्विकल्प मनोरञ्जनको साधन लोकसाहित्य त्यसको पनि मूल हाँगो लोकगीत हरेक जाति, भूगोल, धर्म संस्कार, ऋतुअनुरूप भिन्न भिन्न भाव, भाषा र लयमा लोकभावना व्यक्त भएका हुन्छन् । यति धेरै व्यापकता र सर्वोच्चता हासिल गरिसकेको लोकगीतको अध्ययन र विश्लेषण गर्ने कार्य भने कमै मात्र भएको पाइन्छ । यसको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्यतर्फ चालिएका केही कदमहरू पनि कुनै क्षेत्रीयभन्दा पनि बढी राष्ट्रियस्तर र लोकगीतको सैद्धान्तिक परिचयतर्फ बढी केन्द्रित हुन गएको तथ्य प्राप्त हुन्छ । जसको फलस्वरूप भिन्न समाजअनुरूप भिन्नस्वरूप ग्रहण गर्न पुगेको लोकगीतको गहन अध्ययन

हुन नसकी केवल केही उदाहरण र प्रकार वर्गीकरण कार्यमा मात्र सङ्कलित गीत प्रस्तुत गर्नुले अध्ययन सर्वेक्षणात्मक किसिमका देखिन्छन् ।

लोकगीतको क्षेत्रीय अध्ययनअन्तर्गत कास्की जिल्लाको पूर्वोत्तर भाग जहाँको लोकगीतको अध्ययन कार्य अहिलेसम्म गहन र व्यापक ढङ्गबाट हुन सकेको पाइँदैन । लोकगीतको सङ्कलन र चिनारीका सन्दर्भमा केही उदाहरण र नमुना प्रस्तुत गर्ने क्रममा एकाध लोकगीतले प्रविष्टि पाए तापनि चित्त बुझ्दो ढङ्गले यस क्षेत्रको लोकगीतको सङ्कलन र अध्ययन कार्य हुन सकेको छैन ।

नेपाली लोकगीतको सक्रिय र उत्साहसाथ सङ्कलन गर्ने प्रयास सत्यमोहन जोशी र धर्मराज थापाले प्रारम्भ गरेको पाइन्छ । जोशीले २००३ सालको 'शारदा' पत्रिकामा 'पोखराका लोकगीतहरू र थापाले सोही वर्षकै 'शारदा' र 'उद्योग' पत्रिकामा 'पोखराका ग्राम्य गीतहरू' शीर्षकमा लोकगीतहरू प्रकाशित गरेको पाइन्छ । यसपछि लोकगीतको सङ्कलन गर्ने कार्यमा रेडियो नेपालको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ । रेडियो नेपालले लोकगीतसम्बन्धी विभिन्न कार्यक्रमहरू प्रस्तुत गर्दै 'लोकगीत' (२००९) र 'हाम्रो लोकगीत' (२०२०)जस्ता सङ्कलन प्रकाशित गरेको पाइन्छ । जसमा देशभरका विभिन्न जनजाति र स्थानमा गाइने लोकगीतहरू रहेका छन् । धर्मराज थापा लगायत अन्य व्यक्तिहरूको सक्रियतामा २०१० मा 'नेपाली लोकगीत सङ्ग्रहालय' को स्थापना र 'डाँफेचरी' द्वैमासिक पत्रिकाको प्रकाशन लोकगीतको अन्वेषणतर्फ चालिएका ठोस पाइला थिए । लक्ष्मण लोहनीको 'रोधी घर' (२०१३) नामक कृतिमा नेपाली लोकगीतलाई चिनाउने प्रयास गर्दै प्रशस्त भेदोपभेद देखाई तिनको व्याख्या विश्लेषण गरिएको छ । सत्यमोहन जोशीले हाम्रो 'लोक संस्कृति' (२०१४) नामक कृतिमा लोकगीतका प्रकारहरूको चर्चा परिचर्चा र उदाहरण प्रस्तुत गरेको पाइन्छ । नेपालका विभिन्न जनजाति र तिनले गाउने गरेका लोकगीतहरूको चिनारी दिने किसिमले लेखिएको 'नेपालका विभिन्न जाति र लोकगीत' (२०२३), आर.डी. र एल.एल. द्वारा लिखित कृति हो । काजीमान कन्दङवाको 'नेपाली जनसाहित्य' (२०२२) धर्मराज थापाको 'हाम्रो लोकगीत' (२०२३) कालीभक्त पन्तको 'हाम्रो सांस्कृतिक इतिहास' (२०२८), धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना (२०४१), शम्भुप्रसाद कोइरालाको 'लोकसाहित्य सिद्धान्त र विश्लेषण' (२०५५), कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकगीतको आलोक' (२०५७), चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) नामक आदि कृतिहरूमा लोकगीतसम्बन्धी चिनारी, सैद्धान्तिक परम्परा, वर्गीकरण र उदाहरणहरू प्रशस्त भेटिन्छन् । यद्यपि यी कृतिहरू कुनै स्थानविशेष वा क्षेत्रीय अध्ययन नभएर समग्रतामा गरिएको अध्ययन भएका कारण कास्की जिल्लामा प्रचलित रहेका केही ख्याली, रोइला, श्रमगीत र पर्वगीतका उदाहरण प्रस्तुत गर्दै नामोल्लेख गरेको पाइन्छ । यसका अतिरिक्त जातीय गीतमा गन्धर्व र गुरुङ जातिमा प्रचलित घाटु गीत उल्लेख गरिए

तापनि यी कृतिमा कास्की जिल्लामा प्रचलित गीतहरूको अध्ययन व्यवस्थित रूपमा हुन सकेको छैन ।

कास्की जिल्लाभित्रका स्थानहरूमा प्रचलित लोकगीतहरूको अध्ययन भएका कृति वा शोध विषयलाई शोधपत्रको पूर्वकार्य मान्न सकिन्छ । जसअन्तर्गत रहेका वा भएका कार्यहरू समीक्षात्मक ढङ्गबाट निम्नानुसार उल्लेख गर्न सकिन्छ -

(१) धर्मराज थापा 'गण्डकीका सुसेली' (२०३०) नामक कृतिमा "कास्की जिल्लाभित्र रहेका अर्मोला भेकको अर्मोलाकोट, करापुटारको भेगमा रहेको धार्मी, पुरुनचौरका केही लोककाव्य तथा परम्परागत लोकगीत यहाँ समावेश गरिएका छन् । यस कृतिमा कास्की जिल्लाभित्र रहेका थुप्रै लोकगीतहरूको अध्ययन गर्ने कार्य भए तापनि कास्कीको पूर्वोत्तर क्षेत्रमा पर्ने हंसपुरे दुरा गीत, सिकलेसको घाटु गीत, अर्घौंको अर्घौं गीत र प्रेमी गाइने गीतहरूमात्र समावेश भएकाले पूर्वी क्षेत्रमा प्रचलित अन्य गीतहरूको अध्ययन यहाँ हुन सकेको छैन ।

(२) धर्मराज थापा 'मेरो नेपाल भ्रमण' (२०३२) मा कास्की जिल्लामा प्रचलित दाइँगीतहरूको सङ्कलन गरिएको भए तापनि पूरै लोकगीत पक्षको अध्ययन हुन सकेको छैन ।

(३) पुण्यप्रसाद शर्मा 'बाटुलेचौरका गाइने जातिमा प्रचलित लोकगीतको अध्ययन' (अप्रकाशित शोधपत्र, त्रि.वि. पोखरा २०५०) कृतिमा लोकगीतको जातीय अध्ययनमा केन्द्रित रहेको शोध भएको हुँदा यसले कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन कार्य समेटेको छैन ।

(४) सुमित्रा पौडेल 'पोखरेली तीज गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण' (अप्रकाशित शोधपत्र, त्रि.वि. पोखरा, २०५५) मा कास्की जिल्लाको पोखरा उप-महानगरपालिका र यस वरपरका क्षेत्रमा प्रचलित तीज गीतहरूको अध्ययन गरिएको छ जसमा पनि कास्कीका पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन हुन सकेको छैन ।

(५) उषा बरुवाल 'पोखरेली नारी गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण' (अप्रकाशित शोधपत्र, त्रि.वि. पोखरा, २०५८) मा पोखरा उप-महानगरपालिका र यस वरपरका क्षेत्रमा प्रचलित नारी लोकगीतहरूको अध्ययन भएको छ । लैङ्गिकतालाई आधार मानेर अध्ययन गरिएको यस शोधपत्रमा पनि कास्की जिल्लाका पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन हुन सकेको छैन ।

उल्लिखित सूची वा शोधग्रन्थको अध्ययन वा सर्वेक्षणबाट के कुरा पुष्टि गर्न सकिन्छ भने कास्की जिल्लामा प्रचलित लोकगीतहरूको अध्ययन कार्य केही वा छिटपुट रूपमा भए तापनि

त्यसमा पनि मूलतः जिल्लाको पश्चिमी खण्डमा प्रचलित लोकगीतको अध्ययन वा सङ्कलन गर्ने कार्य बढी भएको छ । लोकगीतको अध्ययन कार्य पूर्वोत्तर भागमा प्रायः नभएकै अवस्थामा रहेको कारणले उक्त क्षेत्रमा सदियौंदेखि प्रवाहशील रूपमा बग्दै र सर्दै आएका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण यो शोधग्रन्थमा भएको छ ।

## १.६ अध्ययनको औचित्य

लोकसाहित्यको सर्वप्राचीन, हाँगिएको-भ्याङ्गिएको साथै समुन्नत उचाइ हासिल गरेको विधा लोकगीतमा लोकजीवनका सम्पूर्णताहरू प्रतिविम्बित भएका हुन्छन् । हरेक कोणबाट समाजलाई हेर्दा, नियाल्ने वा ज्ञान विज्ञानका हरेक शाखा र प्रशाखाको अध्ययनलाई अतीततर्फ डोऱ्याउने हो भने लोकसाहित्यसँगै हातेमालो गर्न पुगेको पाइन्छ । यस मानेमा लोकजीवनका बारेमा बुझ्न लोकसाहित्यको अध्ययन अपरिहार्य ठहर्छ । सदियौंदेखि मुखमुखै सर्दै र स्मृतिपटमा बाँच्दै आएका लोकगीतहरू के कस्तो संरचना, लय, भाकामा आधारित छन् ? पुस्तागत आधारमा के कस्ता परिवर्तन आए ? सामाजिक स्वरूप लोकगीतमा कसरी अभिव्यक्त भएको छ ? आदि कुराको जानकारी हासिल गर्नका साथै समयको प्रवाहसँगै गर्भमा नै बिलाउने स्थितिमा रहेका लोकगीतको संङ्कलन आवश्यक ठहर्छ । लोकजीवनबाट आएका खारिएका र माझिएका विचारहरू, अनुभवहरू, सूचना तथा कतिपय तथ्यहरूसमेत लोकगीतको अध्ययनकार्यबाट प्राप्त हुन सक्छन् । यस तथ्यका आधारमा यो अध्ययन सैद्धान्तिक दृष्टिले उपयोगी ठहरिने छ । यसपूर्व कास्कीको पूर्वोत्तर भेकका लोकगीतको अध्ययन कार्य हुन नसकेका कारण यससम्बन्धी जान्न र बुझ्न चाहने जुनकुनै व्यक्ति वा सङ्घसंस्थालाई यो शोध उपयोगी ठहरिने छ । साथै लोकसाहित्यसम्बन्धी क्षेत्रगत अध्ययन र तुलनात्मक अध्ययन गर्ने व्यक्ति वा संस्थालाई पनि शोध उत्तिकै उपयोगी रहेको छ ।

## १.७ अध्ययनको सीमा र क्षेत्र

अध्ययनको क्रममा कास्कीको पूर्वोत्तर भागमा प्रचलित रहेका लोकगीतहरू सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्ने कार्य गरिएको छ । कास्कीको पूर्वोत्तर भागअन्तर्गत थुम्की, रूपाकोट, देउराली, सिद्ध, हंसपुर गा.वि.स. र ले.न.पा.का-९, १० र १२ वडालाई अध्ययनको क्षेत्र बनाइएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

लोकसाहित्यको अध्ययन कार्य क्षेत्रीय वा स्थलगत अध्ययन कार्य भएकाकारण लोकगीतको अध्ययनका क्रममा पनि लोकगीत गाइने विभिन्न अवसरहरू सांस्कृतिक कार्यक्रम, अनुष्ठान, मेला, पर्व, आयोजित कार्यक्रमहरूसाथै प्रत्यक्ष भेटघाट, कुराकानी, छलफल गरी प्रत्यक्ष संलग्नता

जनाइएको छ । त्यस्तै पत्रपत्रिका, क्यासेट, एल्बम र क्यामेरा सामग्रीको उपयोग र आवश्यकता अनुसार पुस्तकालयीय विधि अवलम्बन गरिएको छ ।

## १.९ शोधविधि

सङ्कलित सामग्रीलाई ऐतिहासिक र विश्लेषणात्मक विधिद्वारा निष्कर्षमा पुऱ्याइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यो शोधपत्र पाँच अध्यायहरूमा विभाजित रहेको छ । अध्यायहरूलाई आवश्यक शीर्षक र उपशीर्षकमा विभाजित गरिएको छ । शोधपत्रको प्रमुख रूपरेखा निम्नानुसार रहेको छ -

(१) पहिलो अध्याय :- शोध परिचय

(२) दोस्रो अध्याय :- लोकगीतको सैद्धान्तिक परिचय

(३) तेस्रो अध्याय :- कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरण

(४) चौथो अध्याय :- विश्लेषण

(५) पाँचौ अध्याय :- उपसंहार

# cWofo – b'O{

# nf]suLtsf] l;4fGt

## २.१ लोकगीतको परिचय

लोकगीत 'लोक' र 'गीत' शब्दबाट निर्मित भएको हो । जसअन्तर्गत लोक शब्दको अर्थ प्राचीन कालदेखि विभिन्न रूपमा वहन हुँदै आएको पाइन्छ । संस्कृत व्याकरणअनुसार लोकृ धातुमा धञ (अ) प्रत्यय लागेर बनेको लोक शब्दको अर्थ हेर्नु भन्ने हुन्छ ।[१] अर्थ विस्तार हुँदै जाँदा जन शब्दको पर्यायवाची शब्दका रूपमा प्रयोग भएको लोक शब्दले स्थान र अवस्थालाई सङ्केत गरेको पाइन्छ । यसबाहेक समयक्रममा लोकशब्दको प्रयोग वेदभिन्न भन्ने रुढ अर्थ लिई विपरीतार्थी शब्दका रूपमा पनि प्रयोग भएको देखिन्छ । जसबाट वेदसम्बन्धी ग्रन्थलाई वैदिक साहित्य र त्यसभन्दा भिन्न उत्तरवैदिक कालीन ग्रन्थहरूलाई लौकिक साहित्यका रूपमा बुझाएको पाइन्छ । यसरी लोक शब्द प्रारम्भदेखि स्थान र जीव दुवै अर्थमा व्यवहृत हुँदै आएको छ । जीवका सन्दर्भमा यसले जन, जनसाधारण वा जनसामान्य भन्ने बुझाउँछ । जसको सामान्य अर्थ सभ्यताबाट टाढा रहने पुरानो जाति वा ग्रामीण जगत भन्ने हुन्छ ।[२] गीत शब्द 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको हो जसको अर्थ गाउनु वा अलाप्नु भन्ने हुन्छ ।[३] गीत अङ्ग्रेजी शब्द 'लिरिक' को समानार्थी शब्दका रूपमा रहे तापनि अङ्ग्रेजी फोल्क सङ्ग (Folk Song) को पर्यावाची शब्दका रूपमा लोकगीत रहेको छ ।

गेयात्मक तत्त्वले युक्त विधा विशेषलाई लोकगीत भनिन्छ । यसर्थ लोकगीतको शाब्दिक अर्थ लोकमानस वा जनसामान्य ग्रामीण नरनारीले आदि अनादि कालदेखि गाउँदै आएका भाषिक उद्गार भन्ने बुझिन्छ । लोकगीतमा सरलता, सरसता, स्वतःस्फूर्तता, स्वच्छन्दता, गेयात्मकताजस्ता गुणहरूले गर्दा यसको प्रभाव र लोकप्रियता उच्च रहन पुगेको छ । लोकगीतलाई चिनाउने क्रममा कतिपय विद्वान्हरूले जनगीत, ग्रामगीत पनि भन्ने गरेको पाइन्छ । जे होस् लोकगीतलाई विभिन्न नामले चिनाउने प्रयास गरिए पनि लोकसमाजमा प्रचलित गेयात्मक अभिव्यक्तिको लयात्मक प्रस्तुतिलाई लोकगीत भन्न सकिन्छ ।

## २.२ लोकगीतको परिभाषा

सृष्टिको प्रारम्भदेखि नै प्रकृतिको प्रेरणाबाट उत्प्रेरित भएर मानवीय मनमा उत्पन्न अनुभूति र तरङ्गलाई बेरोकतोक ढङ्गबाट साङ्गीतिक रूपमा अभिव्यक्ति दिने प्रयत्नबाट नै लोकगीतको जन्म

[१-३] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौँ: वीणा प्रकाशन, २०५७) पृष्ठ १८ र ४६

भएको अनुमान हुन्छ । छोटो रूपमा उत्पन्न भावना वा उद्भाषित कल्पनालाई गेयात्मक स्वरूपमा प्रस्तुत गर्ने भाषिक अभिव्यक्ति लोकगीतले झरनाहरूको छङछङ, कुलेसाहरूको कलकल र चराहरूको चिरबिरजस्ता प्राकृतिक लयसँग सादृश्यता राख्दछ र तिनै प्राकृतिक धुनले मनमा पारेको प्रभावस्वरूप भाषिक अभिव्यक्तिलाई सोही साँचो र कोमलतामा ढाल्ने प्रयासस्वरूप लोकगीतले आफ्नो श्रेष्ठता कायम गरेको छ । स्वतःस्फूर्त मौखिक अभिव्यक्ति प्रवाहबाट निर्मित लोकसाहित्यको मूल वा समृद्ध विधाका रूपमा स्थापित लोकगीत जीवन भोगाइका क्रममा मानिसले प्राप्त गरेका अनुभव र विचारहरूको पुञ्ज हो । लोकअनुभूति, लोकविश्वास, श्रद्धा , परम्परा आदिको जीवन्त चित्रण लोकगीतमा सफलतम रूपमा रहन्छ । स्थानीयताको रङ्गलाई चहकिलो पारामा चिनाएको हुन्छ । व्यक्त भावनामा सामाजिकता छर्लङ्गिएको हुन्छ । फलस्वरूप रचना व्यक्ति विशेषले गरेको भए तापनि समाजका सदस्यहरूले आफ्नै सम्झेर अलाप्न पुग्छन् । अन्ततः लोकगीतको सर्जक अज्ञात बन्न पुग्छ । प्रस्तुतिमा प्रभावकारिता र शैली चित्ताकर्षक रहने हुँदा लोकगीतको आयाम अद्वितीय छ । लोकगीत सरल र सहज भोगाई तथा अभ्यासको परिणति हो । लोकव्यवहारमा नै आइपर्ने आपत्-विपत् अप्ठ्यारा, जटिलता, आँसु, हाँसो, रोदन, पीडा, छटपटी, जलन, तृष्णा, मुर्छना, विरह, व्यथा, उमङ्ग, श्रद्धा आदि पक्षको सहज प्रस्फुटन लोकगीतमा हुन्छ । आफ्नोपनलाई चिनाउँदै जातीय र सामाजिक एकताको गाँठोलाई कसिलो तुल्याउँछ । लोकगीतले शास्त्रीय वा पाठ्य साहित्यको रसास्वादनबाट विमुख रहेका लोकजनहरू प्रसादगुणले युक्त लोकगीतको प्रथम श्रवणमै चरम आनन्द र तृप्तिको महसुस गर्दछन् । यसमा निहित सरलता र चरम साङ्गीतिकताका कारण लोकसाहित्यको उन्नत विधा बन्न पुगेको छ । मानवीय संवेदनालाई चट्ट पगाल्ने मानवसभ्यताका हरेक चरणसँगै अविरल गतिशील र उत्तिकै परिवर्तनशील लोकगीतलाई एक निश्चित परिभाषाभित्र समेट्न खोज्नु कठिन कार्य हो । यद्यपि यसलाई चिनाउने क्रममा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले परिभाषित गर्ने प्रयास गरेका छन् । तीमध्ये केही मुख्य परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ -

आदिम उल्लासमय सङ्गीतलाई नै लोकगीत भनिन्छ - पेर्सी

लोकगीत न त नयाँ हुन्छ, न पुरानो । त्यो त जङ्गलको एउटा रूखजस्तै हो, जसका जराहरू भूतकालका गहिराइमा धसिएका छन् । तर जसमा निरन्तर नयाँ-नयाँ हाँगा, पात र फलहरू उत्पन्न हुन्छन् । - राल्फ भि. विलियम्स

लोकसंस्कृति लोकविश्वास एवम् लोक परम्पराको रक्षा र निर्वाह गर्दै लोक जीवनले आफ्नो रागात्मक प्रवृत्तिहरूलाई स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति जुन माध्यमबाट गर्दछ, उसलाई लोकगीत भनिन्छ । - कुन्दनलाल उप्रेती

वसन्तको हरियालीमा, चैते हुरीमा, जेठको खडेरीमा, दिनभरको थकाइमा डम्फू, मादल, झ्याली, करताल, खैजरी, मुजुरा, मुर्चुङगा, बाँसुरीको रन्कोमा रोधीघरबाट एक डाँडालाई पटु पारी कुलकुलाई रहेको खोलानालाको अविरल सहेलिँदै गएका सुरिला मधुर कण्ठबाट च्याङ्वा र चाङवो, साहिला र साहिलीका हृदय फुटेर आएका सङ्गीतमय उद्‌गारलाई हामीले लोकगीत भन्दछौँ ।[४]

सामयिकताको प्रसङ्गमा वा आफ्नै भावुकतावस उद्‌गारित होस् स्वच्छ र सहज आत्माबाट प्रस्फुटन कुनै पनि लोकको लय लोकगीत हो ।[५]

लोकगीत नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानवसमाजलाई शीतलता दिने काम गरिरहन्छ ।[६]

लोकहृदयका उर्वर फाँटमा अनुभूतिका अन्नबालीहरूको फैलावटमा जब प्रकृति समाजको विकराल ताडना हुन्छ वा प्राकृतिक वस्तुको स्वभावजन्य मिलन वा प्राप्ति हुन्छ, त्यहाँ लोकहृदयमा एउटा प्रतिक्रिया जन्मन्छ । त्यो प्रतिक्रिया लोककविहरूले पारसमणिले झैँ सुन्दर र कोमल बनाउँदै त्यसको स्वरूप बदलिदिन्छन् । यही भाव बदल्ने लोकलयात्मक कलालाई हामी लोकगीत भन्ने गर्दछौँ ।[७]

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो ।[८]

उल्लिखित लोकगीतसम्बन्धी दिइएका विचार वा धारणाहरूबाट के प्रष्ट हुन्छ भने लोकगीत लोकअनुभवकै स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । मानवहृदयका भावहरूलाई यसले सरल रूपमा अभिव्यक्त गर्दछ । समाजमा प्रचलित विश्वास, संस्कार, आदर्श, नीति, नियमहरूको अभिव्यक्ति लोकगीतमा रहन्छ । यसो हुनाले ती कुराहरूको जगेर्ना गर्ने काम लोकगीतले गरेको हुन्छ । लोकगीतमा लोकजीवनमा वा ग्रामीण परिवेशमा घटित हुने वा समयक्रममा हुने कार्यहरूसँगै साङ्गीतिक उल्लासयुक्त वातावरणको निर्माण गरी मधुर र सुरिलो स्वर लहरीमार्फत मानवीय मनका

---

[४] लक्ष्मण लोहनी, **रोधीघर,** (काठमाडौंः रत्न पुस्तक भण्डार, २०१३) पृ. ८

[५] थापा र सुवेदी, **लोकसाहित्यको विवेचना,** (काठमाडौंः पा.वि.के. त्रि.वि., २०४१) पृ.४६-४७

[६] कृष्णप्रसाद पराजुली, **पूर्ववत,** पृ. ४३

[७] मोतीलाल पराजुली, **नेपाली लोकगाथा,** (पोखराः तारादेवी पराजुली, २०४९) पृ. १०

[८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** ( काठमाडौंः एकता वुक्स, २०५०) पृ. ११५

अन्तर्तहका अभिव्यक्ति व्यञ्जित हुन्छन् । यसो हुँदा लोकगीतको उद्भव स्थल ग्रामीण परिवेश हो तर यसको प्रभाव समग्र मानव समाजमा रहन्छ । कल्पनाजन्य अनुभूति, छोटो प्रस्तुति जसलाई प्रभावकारी अभिव्यक्ति दिइन्छ त्यो लोकगीत हो । अथवा सुख-दुःख, हाँसो-आँसु, घात-प्रतिघात, उकाली-ओरालीबाट उद्वेतिल भएर लयात्मक अभिव्यक्तिमार्फत प्रस्फुटन हुने भाव नै लोकगीत हो ।

## २.३ लोकगीतका विशेषताहरू

लोकगीत लोकसाहित्यभित्र पर्ने अन्य विधाहरूमध्ये सबैभन्दा व्यापक र सर्वाधिक लोकप्रिय विधा हो । यो लोकको हरेक पक्ष र अवसरसम्म व्याप्त हुन्छ । कुनै पनि यस्तो समुदाय, राष्ट्र वा व्यक्ति छैन, जो लोकगीतबाट प्रभावित नभैकन रहेको होस् । लोकसाहित्यको अन्य विधाहरू जस्तै लोकगीतलाई पहिचान गराउने छुट्टै विशेषता यसले अङ्गालेको हुन्छ । जसका कारण एउटा छुट्टै विधाका रूपमा लोकगीत रहेको छ । एउटा सिङ्गो लोकसाहित्यरूपी वृक्षको मूल हाँगो लोकगीत बनेको छ । लोकगीतको अध्ययन गर्ने क्रममा धर्मराज थापा र हंसपुरे सुवेदी लगायत अन्य केही विद्वान्हरूले प्रस्तुत गरेका लोकगीतका विशेषताहरूलाई उल्लेख गरी समालोचकीय धारणा प्रस्तुत गर्दै लोकगीतका निम्नलिखित ६ वटा बुँदा प्रस्तुत गरी तिनको चर्चासमेत गरेका छन् -[९]

(१) गतिमा तीव्रता हुनु

(२) रस, सरस र प्रभाविलो अभिव्यक्ति तथा शब्दविन्यास हुनु

(३) सार्वजनिक मौलिक संवेग पाइनु

(४) सूक्ष्म विश्लेषणको अपेक्षा, प्रभावोत्पादक र स्थूल चित्रण हुनु

(५) कृत्रिमता नहुनु

(६) स्थानीयता र समसामयिकताको प्रभाव पाइनु

कृष्णप्रसाद पराजुलीले लोकगीतका विशेषतालाई निम्न ७ वटा बुँदामा प्रस्तुत गरी तिनको व्याख्या गरेका छन् ।[१०] ती हुन् :

१) अज्ञात रचयिता

२) सामूहिक भावभूमि

३) सहजता र स्वभाविकता

---

[९] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत**, पृ. ८२

[१०] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. १३८ - १४१

४) मौखिक परम्परा

५) मौलिकता र सरलता

६) कथन विविधता

७) स्वच्छन्दता

त्यस्तै अर्का विद्वान् चूडामणि बन्धुले लोकगीतका विशेषताका रूपमा रागात्मक, स्वतःस्फूर्त अभिव्यक्ति, हस्तान्तरियता, मौलिकता र लयात्मक अभिव्यक्तिका बारेमा चर्चा गर्दै लयलाई विशिष्ट विशेषता भनेका छन् ।[११]

प्रस्तुत गरिएका विद्वान्हरूले प्रस्तुत गरेका लोकगीतका विशेषताहरूको अध्ययन गर्दा तिनमा समग्र रूपमा लोकगीतका विशेषताहरू समेटिन सकेका छैनन् । थापा र सुवेदीले लोकगीतका अज्ञात रचयिता हुने, चरण वा अन्तरको पुनरावृत्ति हुने, प्रश्नोत्तरात्मक अभिव्यक्ति हुनेजस्ता विशेषताहरू समेटेका छैनन् । पराजुलीले यसको मुख्य चिनारीको आधार लयलाई नै छुटाएका छन् । यसप्रकार यहाँ लोकगीतका सम्पूर्ण विशेषताहरू समेट्ने गरी बुँदागत रूपमा निम्नानुसार चर्चा गरिएको छ -

(१) अज्ञात रचयिता : लोकगीत व्यक्तिद्वारा रचित हुन्छ तर कुन कलाकारले कहिले गाएको हो ? भन्ने थाहा हुँदैन । समयको निरन्तर प्रवाहमा प्रवाहित हुँदै जाँदा लोकगीत जसले जहाँ गाए पनि सर्जक गौण बन्छ ।

(२) मौखिक र मौलिक रचना : परम्परादेखि मौखिक रूपमा प्रस्तुत हुँदै आएका लोकगीतहरू सामाजिक जनजीवनका विभिन्न अनुभूति, विचार र चिन्तनहरू निजी शैलीमा व्यक्त हुन्छन् । स्वतःफूर्त सिर्जित हुन्छन् ।

(३) लयात्मकता र सङ्गीतात्मकता : लोकगीत लयात्मक अभिव्यक्ति हो । लय यसको आत्मा हो । लोकगीतहरू निश्चित गति, यति र आलापको माध्यमबाट आ-आफ्नै किसिमको लय भाकामा सिर्जित हुन्छन् । लय हुने हुँदा नै लोकगीत गाइन्छ र गाउने हुँदा सङ्गीत उत्पन्न हुन्छ । बाह्य सङ्गीतका रूपमा विभिन्न लोकबाजाहरूको समावेश पनि गरिन्छ ।

(४) चरण वा अन्तराको पुनरावृत्ति : लोकगीतमा श्रुतिमधुरता ल्याउने र रञ्जकता थप्ने काम चरणले गरेको हुन्छ । यद्यपि शिष्टगीत झैँ लोकगीत शृङ्खलित नहुन सक्छ । त्यसो हुँदा एउटै आशय आउने कुराको पुनरावृति हुन सक्छ । जस्तै :

---

[११] चूडामणि बन्धु, **पूर्ववत**, पृ. ११५

मनमा पीर परेको बेलैमा

भारी पीर परेको बेलैमा

यी दुवै अन्तरामा मनमा पीर परेको कुराको पुनरावृत्ति भएको छ ।

(५) सरल, सहज र स्वच्छन्द अभिव्यक्ति : आफ्नै जीवन भोगाइमा आधारित लोकगीत सजिलै बुझ्न सकिने हुन्छन् । प्राकृतिक शैलीको प्रयोग लोकगीतमा रहन्छ । प्राकृतिक लोकमानिसको अभिव्यक्ति हुने, गाउँदा मात्रालाई आलापद्वारा लामो पार्ने, उच्चारण छिटो गरी तुक मिलाउने, कतिपय अवस्थामा तुक नै नमिलाई पनि गाउने गरिन्छ । जस्तै :

सालको पात टिपेर दुना
धोका थियो तिमीसाँ भेट हुन ।

(६) सामूहिक भावभूमि : लोकगीत जसले गाए पनि त्यसमा निहीत उत्साह र पीडाका स्वर समूहकै स्वर बन्न पुग्छन् । लोकगीतको विषय समाजको साझा विषय बनेको हुन्छ । व्यक्त मर्म र भावना नौलो र अर्काको ठानिने हुँदैन । जस्तैः

पाइन सुख जीवन भरिमा
भावीले नि के लेख्यो करिम

(७) कथनमा विविधता : लोकगीतका अनेक लय र कथनकला रहेका छन् । एउटै गीतलाई पनि विभिन्न लयमा गाउने गरिन्छ । प्रश्नोत्तर, मुक्त अभिव्यक्ति आदि भिन्न शैलीमा लोकगीत प्रस्तुत गर्न सकिन्छ ।

**क) प्रश्नोत्तरात्मकता :**

केटा : उमेर ढल्किएसी
गाह्रो पर्ने दिन जान
गरौँ कि त चिन्जान ।

केटी : म सिर्कुतानकी
रूपाकोटको दाइ पर्‍यो
नचिनेको झैँ गर्‍यो ।

ख) मुक्त अभिव्यक्ति :

जन्म घर वचनको पिर
कर्म घर भइन दाइ मन थिर ।

(८) स्थानीयता वा लोकसंस्कृतिको चित्रण : लोकगीतमा लोकसंस्कृतिको प्रतिविम्बन रहन्छ । विविध चाडपर्व, मेलाजात्रा, संस्कार, अनुष्ठानमा त्यसै संस्कृतिअनुरूपका लोकगीतहरू रहेका हुन्छन् । त्यस्तै स्थानीय रहनसहनको छाप लोकगीतमा परेको हुन्छ ।

(९) रागात्मकता : लोकगीतमा रागात्मकता हुन्छ । मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति लोकगीतमा हुन्छ । यस्ता अभिव्यक्तिहरूले गीत सुन्ने र गाउनेहरूको हृदयलाई रसमय बनाउँछन् । मानिसलाई भावनात्मक गहिराइसम्म पुऱ्याएर र गाऔँ गाऔँ र सुनौँ सुनौँ बनाउँछ ।

(१०) परिवर्तनशीलता : लोकगीत मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने र लिखित रूप नहुने हुनाले समयको अन्तरालमा परिवर्तन हुँदै जान्छन् । लय, शब्द कथ्य रूपमा नयाँपन देखापर्ने हुनाले यसमा परिवर्तनशीलता रहन्छ ।

(११) उपदेशात्मकता : लोकगीतले नीति नियम सिकाउने, लोक व्यवहारका विषयलाई अनुसरण गर्ने, मानवीय आचरणको ख्याल गर्नुपर्ने र बाटो बिराएकालाई अर्तिउपदेश दिने काम गर्दछ । जस्तै :

नखेल्नु जुवा र तास

धनको नाश जीवनको वनिबास ।

(१२) सङ्क्षिप्तता र सारगर्भितता : लोकगीतमा भन्न खोजिएको कुरालाई घुमाई फिराई नभनी सिधै भनिएको हुन्छ । लोकसंस्कृतिका चलन र वर्णनात्मक रूपमा प्रस्तुत भएका कुराहरू छोटो र खदिलो रूपमा व्यक्त भएका हुन्छन् ।

## २.४ लोकगीतका तत्त्वहरू

लोकगीतको संरचना विभिन्न तत्त्वहरूको संयोगबाट हुन्छ । यसमा आन्तरिक र वाह्य दुवै संरचना हुन्छ । यसलाई बनोट र बुनोट पनि भन्न सकिन्छ । बाह्य संरचना गीतको आवरण भएकोले वर्णदेखि सङ्कथनसम्म पुगेको हुन्छ । आन्तरिक संरचनामा चाहिँ मुख्य भावको शृङ्खलाबद्ध सुसंयोजन रहन्छ ।

लोकगीतका तत्त्वहरूको बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै मतहरू प्रस्तुत गरेका छन् । कृष्णप्रसाद पराजुली लोकगीतका ६ वटा तत्त्वहरू रहेको मत व्यक्त गर्दछन् ।[१२]

---

[१२] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. ७६

(१) संरचना (२) गेयता (३) लय

(४) कथन पद्धति (५) भाषा (६) भाव

अर्का विद्वान् चूडामणि बन्धुले लोकगीतको संरचनामा निम्न ६ वटा तत्त्वहरूको चर्चा गरेका छन्-[१३]

(१) कथ्य (२) भाषा (३) चरण वा पद

(४) स्थायी वा अन्तरा (५) रहनी, वथन र थेगो (६) लय/भाका

लोकगीतको संरचनामा तत्त्वहरू विश्लेषण गर्ने क्रममा गोविन्द आचार्यले लोकगीतका तत्त्वहरूलाई अनिवार्य र ऐच्छिक तत्त्वको रूपमा निम्नानुसार वर्गीकृत गरेका छन् - [१४]

(१) अनिवार्य तत्त्व : (क) भाषा (ख) सङ्गीतात्मकता (ग) गायक-गायिका (घ) कथ्य/भाव

(२) ऐच्छिक तत्त्व : (क) काव्यात्मकता (ख) रहनी वा थेगो (ग) निरर्थक अंश (घ) फाँकी, ङ) स्थायी/अन्तरा (च) बाद्य (छ) नृत्य (ज) अभिनय (झ) पहिरन (ञ) श्रोता वा दर्शक

प्रस्तुत गरिएका लोकगीतको तत्त्वसम्बन्धी अध्ययनको विश्लेषण गर्दा कृष्णप्रसाद पराजुलीको संरचनाभित्र तत्त्वलाई समावेश गर्नुपर्ने ठाउँमा तत्त्वभित्र संरचना भनी गरेको तत्त्व विश्लेषण सान्दर्भिक देखिँदैन । बन्धुले चरण, स्थायी, रहनी र वथन तथा थोगो एउटै तत्त्वका शृङ्खलालाई भिन्न रूपमा प्रस्तुत गरेका छन् भने सङ्गीतजस्तो अनिवार्य तत्वलाई समावेश गरेका छैनन् । त्यस्तै अर्का विद्वान् गोविन्द आचार्यले गरेको तत्त्व विश्लेषण सूक्ष्म त देखिन्छ तर अनिवार्य तत्त्व सङ्गीतात्मकतामा आन्तरिक र बाह्य दुवै समेटिने हुँदा अनिवार्य रूपमा भाका वा लय राख्नु उपयुक्त हुने देखिन्छ भने ऐच्छिक तत्त्वका रूपमा रहेका रहनी वा थेगो, निरर्थक अंश र फाँकीले तत्त्वगत रूपमा एउटै कार्य गर्ने वा त्यस्ता प्रकारका शब्दले अर्थ व्यक्त नगर्ने तर कथ्यलाई प्रभावकारी बनाउँन वा लयात्मक पूर्ति गर्न आउने हुँदा छुट्टाछुट्टै विभाजन गर्नु आवश्यक देखिँदैन । यसप्रकार यहाँ भिन्न तरिकाले लोकगीतका तत्त्वहरूको बारेमा चर्चा गरिएको छ ।

(१) **अनिवार्य तत्त्व :**

(क) कथ्य/भाव : हरेक लोकगीतमा कुनै न कुनै विषय वा भाव व्यक्त भएकै हुन्छ । सामाजिक, राजनैतिक, आर्थिक, ऐतिहासिक, पौराणिक आदिमध्ये कुनै विषय वा प्रेम, करुण, शान्त, भावहरू मध्ये कुनै न कुनै भाव गीतमा अनिवार्य रूपमा आउँछ ।

---


[१३] चूडामणि बन्धु, **पूर्ववत,** पृ ११५

[१४] गोविन्द आचार्य, **लोकगीतको विश्लेषण,** (काठमाडौं: पैरवी प्रकाशन, २०६२) पृ.३-५

(ख) भाषा : लोकगीत अभिव्यक्तिको कला भएका नाताले भाषा अर्को अनिवार्य तत्त्वका रूपमा रहन्छ । कथ्य सरल भाषाको प्रयोग लोकगीतमा रहन्छ । झर्रा, मौलिक शब्द, निपात, थेगो वा रहनीका रमाइला बान्की यसमा रहन्छन् । यसो हुँदा लोकजीवनले पचाएको छरितो भाषाको अपेक्षा लोकगीतमा रहन्छ । सहज खालका विम्ब, प्रतीक, आलङ्कारिकता, लाक्षणिकता र व्यञ्जनात्मकता पनि लोकगीतमा रहेकै देखिन्छ ।

(ग) लय वा भाका : लोकगीतमा लय वा भाकालाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ । लोकजीवनमा गीत गाउने खास शैली नै लय हो । भाव वा विचारलाई अभिव्यक्त गर्ने र गीतलाई सम्प्रेष्य बनाउने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ । यही लय वा भाकाले नै गीतमा आन्तरिक सङ्गीत सिर्जना गर्ने, गीतमा ध्वनिहरूको मात्रा र क्रम निर्धारण गर्ने गर्दछ ।

लोकगीतमा लय वा भाका निर्धारण गर्दा यति र गतिको संयुक्तस्वरूप सञ्चालित हुन्छ ।[१५]




लोकगीतमा ध्वनिहरूको चाललाई गति भनिन्छ । गतिलाई लय भनिएको छ । गति तीन किसिमका हुन्छन् ।

(अ) द्रुत गति/लय : मात्राको छिटो-छिटो उच्चारण गरेर गाइने लय द्रुतगति (लय) हो ।

जस्तै : कल्ले तार्‍यो पारि

वारि थियौ राधिका

(अ) मध्य गति/मध्यलय : ठीक समय दिई उच्चारण गरेर गाइने लय मध्य लय हो ।

जस्तै : असारै मासको चिजको वस्तु (हरिया खुर्सानी)[२]

हिडेको दम्को, बोलेको रन्को कसरी बिर्सनी

---

[१५] मोतीलाल पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू**, (काठमाडौंः साझा प्रकाशन, २०६३) पृ. १८

(ग) विलम्बित लय : एउटै मात्रालाई दुई/तीन मात्रा बराबरको समय दिएर गाइएमा त्यो विलम्बित लय हुन्छ । जस्तै :

हे हे धार्नीको कोदालो मेरो सालैजो धरती धसुँला

हे हे आजलाईजस्तो रमाइलो गरी सालैजो कति दिन बसुँला

लोकगीतमा मात्राहरूको अर्धविश्राम र पूर्णविरामबाट लयको निर्माण हुन्छ । समान मात्रा भएर पनि विश्राम फरक भएमा अर्को लय निर्माण हुन्छ । गतिको लयमा अक्षरहरूको मात्रा नपुगेमा ध्वनिविस्तार (आलाप) द्वारा र मात्रा बढी भएमा ध्वनिसङ्कोचद्वारा लयपूर्ति गर्ने व्यवस्था हुन्छ ।

जस्तै :

यो मनको वेदना भनी साध्य छैन

अभागी चेलीको सुन बइनँ

यहाँ पहिलो चरणको मनको लाई 'मन्को' भनेर ध्वनि सङ्कोच गरिएको छ भने वइन शब्दलाई 'नँ' मा आलाप गरेर मात्रा मिलाउने काम भएको छ ।

(घ) गायक गायिका : लोकगीत श्रुति-स्मृति परम्परामा जीवित रहने हुँदा लोक गीतमा गायक-गायिका वा प्रस्तोता हुनु अनिवार्य छ । गायक गायिकाको अभाव रहँदा वर्तमानमा हिजोका संस्कार, धार्मिक गीतहरू आज विलीन भएर गैसकेको अवस्था छ । गायक गायिकाले गीतलाई एकल वा युगल रूपमा र विभिन्न कथन पद्धतिमा प्रस्तुत गर्ने गर्दछन् ।

(ङ) स्थायी र अन्तरा : लोकगीतमा पटक पटक दोहोरिने मूल अंशलाई स्थायी भनिन्छ । यसले गीतको भाका र लय निर्धारण गर्ने काम गर्दछ । यसलाई ध्रुवपद, टेको, रिटक पनि भनिन्छ । स्थायी पछि गाइने मूल कथ्य अन्तरा हो । यसमा २/४ वा धेरै पङ्क्ति रहन सक्छन् । गायकले भन्न खोजेको मूल विषय वस्तु यसमा रहन्छ । यसो हुँदा अन्तराले गीतलाई विस्तार गर्ने काम गर्दछ । अन्तरालाई गेडा वा चरण पनि भन्दछन् । सबै गीत स्थायी र अन्तरा अंशमा बाँडिएको भने हुँदैन । स्थायी र अन्तरामा विभक्त गीतको नमुना तल दिइएको छ -

वरको डालीमा

घरबार जोडौँ कि यसै पालिमा        स्थायी

कस्की छोरी कस्की हौ बुहारी

आऊ न वर खेलौँ न जुहारी अन्तरा

वरको डालीमा ...............

(२) **ऐच्छिक तत्त्व**

(क) काव्यात्मकता : लोकगीत आयोजित नहुने हुँदा यसमा लिखित साहित्यमा जस्तो अलङ्कारिकता पाइँदैन तर पनि सहज रूपमा आउने अभिव्यक्तिहरूले काव्यात्मकता प्रदर्शित गर्दछन् ।

(ख) रहनी वा थेगो : लोकगीतमा उचित आयाम प्रदान गर्नका लागि, आवश्यक अंश पूरा गर्न वा गीति अनुप्रासिकता थपी कथ्यलाई सुन्दर बनाउन गीतको आदि, मध्य र अन्त्यमा आउने निरर्थक शब्दहरू नै रहनी वा थेगो हुन् । यी सबै लोकगीतमा अनिवार्य रूपमा आउँदैनन् । यस्तो शब्द गीतमा एक पटकमात्र वा पटक पटक दोहोरिएर आउन सक्छ ।

(ग) वाद्य : सबै लोकगीतमा वाद्य हुनै पर्छ भन्ने छैन तर केही लोकगीत वाद्यविना गाइँदैनन् । लोकगीतमा तालवाद्यको रूपमा मादल, डम्फु, खैजरी, ढोल, दमाहा, वासुरी, मुरली, सारङ्गी आदि वाद्ययन्त्रको प्रयोग गरिन्छ ।

(घ) नृत्य : रत्यौली, तीजेजस्ता केही लोकगीतमा नृत्य अनिवार्य रूपमा आएको पाइन्छ ।

(ङ) वेशभूषा : सबै प्रकारका लोकगीत गाउँदा विशेष प्रकारको पहिरन आवश्यक नभए पनि केही लोकगीत गाउँदा विशेष पहिरनको आवश्यकता पर्दछ ।

(च) श्रोता वा दर्शक : श्रुतिपरम्परामा लोकगीत एक व्यक्तिबाट अर्को व्यक्तिमा र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुँदा लोकगीतमा गायक गायिका जस्तै गरी श्रोता वा दर्शक पनि हुनै पर्छ भन्ने नभए पनि सामूहिक कार्यको सम्पादनमा सामूहिक सहभागिताका रूपमा श्रोता र दर्शकहरू रहन्छन् ।

## २.५ लोकगीतको वर्गीकरण

जीवनका सुख र दुःख मुछेर गाइने लोकगीतहरू आफ्नै प्रकारका हुन्छन् । जीवनका हरेक पक्षसँग सम्बन्ध राख्ने लोकगीत सर्वाधिक सम्पन्न विधा हो । लोकसाहित्यका विद्वान्हरूले लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गर्ने प्रयास गरेका छन् । तीमध्ये केही मुख्य वर्गीकरणलाई यहाँ प्रस्तुत गरिन्छ -


भारतीय विद्वान् कृष्णदेव उपाध्यायको लोकगीतको वर्गीकरण यस्तो छ - [१६]

(क) संस्कारसम्बन्धी गीत (ख) ऋतुसम्बन्धी गीत

(ग) व्रतसम्बन्धी गीत (घ) जातिसम्बन्धी गीत

(ङ) श्रमसम्बन्धी गीत

नेपाली विद्वान् काजीमान कन्दङ्वाले सर्वप्रथम गरेको लोकगीतको वर्गीकरण यस्तो छ- [१७]




कालीभक्त पन्तले लोकगीतलाई निम्नलिखित रूपमा वर्गीकरण गरेका छन् - [१८]

(क) राष्ट्रभाषास्तरीय गीत (ख) जिल्लास्तरीय गीत (ग) ग्रामस्तरीय गीत

(घ) जातिस्तरीय गीत (ङ) जनजातिस्तरीय गीत (च) पर्वस्तरीय गीत

(छ) लोकनाट्यस्तरीय गीत (ज) कर्मस्तरीय गीत (झ) ऋतुस्तरीय गीत

त्यस्तै अर्का विद्वान्द्वय धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरण यस्तो छ -[१९]

(क) सामान्य गीत

(ख) संस्कार गीत

(ग) व्रतसम्बन्धी गीत

(घ) ऋतुगत कर्मगीत

(ङ) पर्वगीत

(च) नृत्यगीत

---

[१६] कृष्णदेव उपाध्याय, **लोक साहित्यकी भूमिका**, (वाणायसीः साहित्य भवन प्रा.लि. १९६८) पृ. ६३

[१७] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य**, (काठमाडौं: रोयल नेपाल एकेडेमी २०२०) पृ. ९

[१८] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, (स्वयम् २०२८) पृ. १०

[१९] थापा र सुवेदी, **पूर्ववत**, पृ. ९४

(छ) विविध

अर्का विद्वान् कृष्णप्रसाद पराजुलीले लोकगीतको वर्गीकरण विभिन्न आधारहरू क्षेत्र, जाति, उमेर, लिङ्ग, कार्यवस्था,स्वरूप र प्रस्तुतिका आधारमा गर्दै विषयात्मक वर्गीकरण यसरी प्रस्तुत गरेका छन्[२०] -

(१) वर्षचक्रीय लोकगीत

(क) बाह्रमासे लोकगीत

(ख) ऋतुकालीन लोकगीत

(अ) पर्वगीत

(आ) कर्मगीत

(२) जीवनचक्रीय लोकगीत

(क) संस्कार गीत

(ख) धार्मिक गीत

(ग) उमेर अवस्थाकालीन गीत

(घ) नृत्य गीत

चूडामणि बन्धुको लोकगीतको प्रकार्यका आधारमा गरेको वर्गीकरण यस्तो छ - [२१]

(क) सामान्य गीत (ख) विशिष्ट गीत

उपर्युक्त विद्वान्हरूले गरेको वर्गीकरणलाई हेर्दा लोकगीत वर्गीकरणका विभिन्न आधारहरू ठम्याई तिनको वर्गीकरण गर्न सकिन्छ :

(क) सहभागिताका आधारमा:

(अ) एकल (आ) दोहोरी (इ) सामूहिक

(ख) लय वा भाकाका आधारमा:

लय: (अ) द्रुतलय (आ) मध्यलय (इ) विलम्बित लय

भाका: (अ) ठाडो भाका (आ) तेर्सो भाका (इ) निरजाले भाका (ई) करपुटारे भाका आदि

[२०] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. १४६-१५१

[२१] चूडामणि बन्धु, **पूर्ववत**, पृ. १२१

(ग) क्षेत्रको आधारमाः

(अ) पूर्वेली लोकगीत (आ) पश्चिमेली लोकगीत (इ) हिमाली लोकगीत

(ई) पहाडी लोकगीत (उ) तराई एवम् काँठे लोकगीत

(घ) जातका आधारमाः

(अ) बाहुन/क्षेत्री (आ) शेर्पा (इ) तामाङ (उ) नेवार

(ऊ) थारु (ए) गुरुङ्ग/मगर (ऐ) गन्धर्व

(ङ) उमेर : (अ) बालगीत, (आ) युवा गीत (इ) प्रौढ गीत

(च) स्वरूपका आधारमाः

(अ) आख्यानयुक्त (आ) मुक्त

(छ) लय वा छन्दका आधारमा : झ्याउरे, कर्खा, असारे, सेलो, देउसी, चुड्का, लम्बरी आदि ।

(ज) प्रस्तुति : सादा, नृत्य र वाद्य

(झ) कार्यका आधारमाः

(अ) दाउरा - घाँस (आ) गोठाले (इ) जेठे (ई) असारे

(उ) भदौरे (ऊ) दाइँ

(ञ) रसाभावका आधारमाः

श्रृङ्गार, वीर, करुण, हास्य, शान्त आदि

(ट) विषयवस्तुका आधारमाः


धार्मिक, पौराणिक, ऐतिहासिक, संस्कारमूलक, सामाजिक आदि ।

(ठ) गाइने अवसर र अनुकूलताः

(अ) संस्कार गीत (आ) पर्व गीत (इ) कर्मगीत

(ई) वाह्रमासे गीत (उ) धार्मिक गीत (ऊ) विविध

उपर्युल्लिखित वर्गीकरणहरू मध्ये लोकगीतको वर्गीकरण गर्ने वैज्ञानिक र सर्वसम्मत आधार भनेको गाइने अवसर र अनुकूलतालाई लिन सकिन्छ । यस विभाजनलाई रेखात्मक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -




उल्लिखित वर्गीकरणात्मक सूचीअनुसार विशेष अवसरमा गाइने गीतलाई विशेष गीत र सँधै गाउँन सकिने गीतलाई सामान्य गीत भनेर लोकगीतलाई मुख्य दुई भागमा विभाजन गरिएको छ । विशेष गीतलाई वर्ष चक्रीय, संस्कार, धार्मिक र विविध गीतमा विभाजन गरिएको छ । पर्व गीतहरू मेला, पर्व र जात्रासँग सम्बन्धित गीतहरू हुन् जसमा तीज गीत, मालश्री, देउँसी, भैलो, होरी आदि पर्दछन् । कर्म गीत वर्षभरि विभिन्न कामका अवसरमा थकान मेटाउन गाइने गीत हुन् । यसअन्तर्गत वसन्त गीत, जेठे गीत, असारे गीत, दाइँ गीत आदि पर्दछन् । धार्मिक गीतलाई जीवन संस्कार र पदार्थ संस्कार गरी दुई भागमा विभाजन गर्न सकिन्छ । जीवनका विभिन्न संस्कारहरूमा गाईने मागल, रत्यौली, आशिका आदि जीवन संस्कार गीत हुन् भने पूजा, व्रत, यज्ञमा गाइने गीतहरू पदार्थ संस्कारअन्तर्गत पर्दछन् । विविध गीतमा बाल गीत आदिलाई लिन सकिन्छ । समान्य गीतमा वाह्रमासा र वाह्रमासे गीतहरू पर्दछन् । वाह्रमासा वाह्रै महिनाको वर्णन गरी गाइने गीतहरू हुन् भने वर्षभरि नै जुनसुकै समयमा पनि गाउन सकिने गीतहरू बाह्रमासे गीत हुन् । यस्ता गीतहरूमा देउडा, सालैजो, ख्याली, सेलो, टुङ्ना आदि पर्दछन् ।

**२.६ निष्कर्ष**

अनादि कालदेखि लोक अनुभव र अनुभूतिको सरस अभिव्यक्तिका रूपमा रहेको लोकगीतले आफ्नै विशिष्टताहरू बोकेको छ । अनिवार्य र अतिरिक्त तत्त्वहरूद्वारा निर्मित लोकगीतले नेपाली समाजको हरेक पक्षसँग सम्बन्ध जोड्ने हुँदा स्वरूपमा पनि विविधता बोकेको छ ।

अध्याय - तीन

# कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र परिचय

## ३.१ विषय प्रवेश

प्राकृतिक सौन्दर्यको उत्कृष्ट नगरी कास्की जिल्ला सांस्कृतिक हिसाबले पनि उत्तिकै सम्पन्न छ । यसै जिल्लाको पूर्वोत्तर भाग नेपाली लोकगीतका मधुर स्वरलहरीहरू हरबखत गुन्जिरहने क्षेत्र हो । यहाँका डाँडाकाँडा भञ्ज्याङ, लेकवेशी, देउराली, पाखा, पखेरा खोलाखोल्सामा घाँस दाउरा, मेलापात, हलखेती, चाडपर्व, संस्कार, अनुष्ठान, मेला भेलामा त्यसैसँग सम्बन्धित लोकसुसेली प्रस्तुत भैरहेको हुन्छ । यद्यपि लोकगीतका सबै प्रकारहरू यस क्षेत्रमा प्रचलित छैनन् । जे जति लोकगीतहरू प्रचलित छन् तिनले विशिष्टता अङ्गालेका छन् । त्यसमा यस क्षेत्रको सामाजिक जनजीवन, आर्थिक शैक्षिक, धार्मिक, प्राकृतिक, भौगोलिक विविधताको अभिव्यक्ति अटाएको छ । अनुभूतिका अनन्त ज्वारभाटाहरू अटाएका छन् । त्यसैमा मानिसहरू आफूलाई समाहित गर्दै नयाँ जीवनको सञ्चार गरिहेका छन् । यहाँका रत्यौली, तीज र स्वस्थानी वा सत्यनारायण पूजाका अवसरमा गाउनेहरू गाएर, नाच्नेहरू नाचेर, हेर्ने सुन्नेहरू हेरेर सुनेर थाक्दैनन् ।

## ३.२ कास्कीको पुर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरणात्मक सूची

कास्कीको पूर्वोत्तर भागका गीतहरूलाई २.५ को वर्गीकरण आधारलाई लिएर वर्गीकरण गरिएको छ । जसअनुसार यस क्षेत्रका गीतहरूको वर्गीकरण सूची निम्नलिखित छ –

| संस्कार गीत | पर्व गीत | कर्म गीत | बाह्रमासे गीत | धार्मिक गीत | विविध |
|---|---|---|---|---|---|
| रत्यौली<br>मागल | तीजेगीत<br>देउसी<br>भैलो | असारे<br>भदौरे<br>दाइँ गीत | विभिन्न भाकाका वाह्रमासे गीतहरू | चुड्का, रोइला आरति र लम्बरी भजन | बालगीत |

## ३.३ कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको परिचय र सङ्कलित लोकगीतहरूः

### ३.३.१ संस्कार गीत

संस्कार शब्दले परिष्कार, परिमार्जन वा शुद्धिकरण भन्ने अर्थ बुझाउँछ । मानिसका जन्मेदेखि मृत्युपर्यन्त विभिन्न संस्कारहरू गरिन्छन् । यी संस्कारहरू आफ्नो जाति, धर्मअनुसार भिन्न भिन्न रहेका हुन्छन् । जन्मको खुशीयाली, छैटौं, न्वारन, व्रतवन्ध, नाककान छोड्ने, विवाह, मृत्युको स्मरण

गर्दै विभिन्न प्रकारका गीतहरू गाइन्छन् । यसरी आफ्ना संस्कारमा गाइने गीतलाई नै संस्कार गीत भनिन्छ । कास्कीको पूर्वोत्तर भागमा मुख्य रूपमा संस्कार गीतमध्ये मागल र रत्यौली गीत रहेका छन् ।

### ३.३.१.१ **मागल गीत**

मागल यस क्षेत्रको लोकपरम्परामा प्रचलित संस्कार गीत हो । तत्सम मङ्गलको तद्भव रूप मागललाई कहीँ माहाल र माल पनि भनिन्छ । यो खासगरी छोरा जन्मिदा न्वारान गर्दा, जग्गिया हाल्दा, व्रतवन्ध, विहे आदि शुभ अवसरमा देव-देवीको आराधना गरी कार्यसिद्धिको कामना गर्दै महिलाद्वारा यो गीत गाइन्छ ।

#### ३.३.१.१.१ **सङ्कलित मागल गीतहरू**

<u>व्रतबन्धको मागल</u>

दशै मैना बास गरे मेरी आमा आएँ जोगी बरिलै
देऊ न आमा देऊ न आमा पाँचै मुठी भिख
सय घर फिरी आयौँ सय मुठी भिखले
कसै गरी पालु आमा गुरुबाबालाई
मुरी मुरी चामल भिख देउन
तब न पालुला गुरु बाबालाई
पाथी पाथी भरिदेऊ न गुरुबाबालाई
मानु मानु भरिदेऊ न गुरुबाबालाई
तब न पालुला गुरुबाबालाई

\+ \+ \+ \+

कानमा कुण्डले कसले लाइदिए बालै
गुरुले लाइदिए हामीलाई
काँधैमा झोली, कसले लाइदिए बालै
गुरुले लाइदिए हामीलाई

<u>विवाहमा गणेश बटार्दाको मागल</u>

आकाशकी दिदै मेरी पातलकी बैनी मेरी
बनाइदेऊ न दिदी बैनी मेरो गणेश
सुनकैसे तखलीमा रूपैकैसे झ्यागैमा

भुटाइदेऊ न दिदै बैनी मेरो गणेश

घरिम त तिम्रो दिदै करिम त हामरो

बार बार हुने छैन हामरो करिम

सकौँला मेरी दिदै तिम्रो भारा तिरौँला

सकोइन त दिदै बैनी भलो र आशीष

विहेमा केटी माग्दाको प्रसङ्ग

काहाँबाट आयौ नारायण विष्णु

कसले तिम्लाई पठायो ?

दक्षकी छोरी सत्यना देवी

शंकरलाई माग्न आएको

विद्यना देवी सत्यना रूपी

कसरी दिनु सत्यको हात शंकरलाई

छोरीको आपत्ति

उडेर आयो बन्जरा चरी

बचरा मार्‍यो मनलाई

जन्म दिनी आमा

बोकनी बाबु

करिम मेरो चण्डाल

कसार बटार्दाखेरिको मागल

शालीधान अछेती त माली गाईको दही

बाबा तिम्रा कहाँ गए आमा तिम्री खै

सुन कैसे थलियामा अछेती ल्याऊ चेली

अछेतीमा दही राख जीवन जाओस् भनी

रूप लिन बाबा गए सीप लिन आमा

रूप लिन कहाँ जानी सीप लिन कहाँ

रूप लिन कोल्मा जानी सीप लिन बर्मा

जाऊ न सारी जाऊ न सोभई पण्डितलाई निम्ति ल्याउन

पण्डितविना सुभै कार्जे भयो बिलम्ब

कुन होला पण्डितको गाम, के हो पण्डितको नाम

उखुवारी गामको नाम विनोद उनको नाम

जाऊ न सारी जाऊ न सोभई भानिजलाई निम्ति ल्याऊ
भानिजविना सुभै कार्जे भयो बिलम्ब
कुन होला भानिज गाम के हो उनको नाम
देउपुर हो नि गाम उनको गौतम हो नाम

जन्ती पर्सिंदाको मागल

शालीधान अछेती त माली गाईको दधिया
पर्साइ देऊ न लोकैले अछेती पसाईदेऊ
चिनेनौ नि हामीले सिरिरामलाई
माहुर छन जसका पिठिममा
उनै हुनन् नि सिरिराम

कन्यादान दिँदा

किन यति गऱ्यौ सीतामाई भयो बिलम्ब
रातभरि अनिदा बाबा दिनैभरि भोका
जागा गर्न नसक्दामा भयो बिलम्ब

दुलही भित्र्याउँदा

रोचा पनि ल्यायौँ आमा
भ्याँगा पनि ल्यायौँ आमा
हामी पनि आयौँ आमै
तिम्रै शरणौँ । *(स्रोत: छगमाया सुवेदी, थुम्की-८)*

### ३.३.१.२ रत्यौली गीत

विवाहका अवसरमा दिनमा या रातमा जाग्राम बसी महिलाद्वारा गाइने संस्कारमूलक गीत हो रतेली वा रत्यौली । रात वा राति शब्दबाट नै रतेली वा रत्यौली शब्द बनेको देखिन्छ ।[२२] यद्यपि कसैले रति शब्दसँग सम्बन्धित रहेको धारणा राखेको पाइन्छ । रत्यौलीको आरम्भ जन्ती बेहुली घरतिर हिँडेपछि दुलाहपट्टिका नाता-कुटुम्ब, गाउँघरका

[२२] चूडामणि बन्धु, **पूर्ववत**, पृ. १६१

आइमाईहरूद्वारा दुलाहाकै घर आँगनीमा हुन्छ । दुलाहालाई अन्माउँदा ग्रहशान्तिका लागि विधिवत रूपमा बालेको दियो दुलही नभित्र्याइन्जेल निभ्नु हुँदैन भन्ने धारणा पाइन्छ । त्यसकारण दियो कुर्नुपर्ने हुन्छ । यसबखत रमाइलो गर्दै नाचगान गर्नुलाई नै रत्यौली खेल्नु भनिन्छ । [२३]

रत्यौली गीतमा नृत्यसहित शृङ्गारपरक गीतको बाहुल्य पाइन्छ । तापनि यसका अतिरिक्त भक्ति, करुणा र हास्य भावका गीतहरू पनि गाइन्छन् । रत्यौलीमा पुरुषको उपस्थितिलाई बर्जित गरिन्छ । कुनै कारणवश पुरुष पुगेमा उसलाई बेइज्जत गर्दै लखेट्ने गरिन्छ । पुरुषको उपस्थितिरहित अवस्थामा निसङ्कोच र निर्लज्ज ढङ्गले नाचगान गर्ने हुँदा कतिपय गीत र नृत्यमा अश्लीलता रहन्छ । रत्यौलीमा रात छिप्पिदै गएपछि र दिनमै पनि महिलाहरू पुरुषपात्रको अभिनय गर्दै कोट, दौरा, सुरुवाल, टोपी आदि कपडा लगाएर अरू महिलामाथि यौनभाव झल्कने क्रियाकलाप गर्छन् । जसलाई लुठो भनिन्छ । रत्यौलीका अरू महिलाले पनि लुठोलाई जिस्क्याउने, घोडा चढ्ने, लतार्नेजस्ता क्रियाकलापहरू गर्छन् । महिलाहरू ज्यादै उमङ्गित भएको परिदृश्य यस अवसरमा देख्न सकिन्छ ।

रत्यौली गीतमा दुलाहादुलहीको रूप तथा स्वभावको गुणगान गाउने मङ्गलकामना अर्ति उपदेश दिने, दाइजोको अपेक्षा, केही हदसम्म वेदना र समस्याका कुराहरू पनि प्रस्तुत गरिएका हुन्छन् । जे होस् वैवाहिक उल्लासका रूपमा गाइने रत्यौली गीतमा माङ्गलिक संस्कार बाहेक दमित इच्छा, वेदना, हर्षका भावको अभिव्यक्ति रहनुका साथै अभिनय पक्ष पनि उत्तिकै सशक्त हुन्छ ।

### ३.३.१.२.१ **सङ्कलित रत्यौली गीतहरू**

सबैले बजाइदेऊ ताली, म पनि नाच्ने हो यसपालि
कान्छाले कान्छीलाई ल्यायो, जून हुने अँधेरी रातैमा
घरैमा आइपुगे जन्ती, हेर न को आयो लोकन्ती ?
कस्तो छ दुलहीको मति ? कति छ दाइजो र सम्पत्ति ?
कान्छाले कान्छीलाई ल्यायो, भिरको बाटो लालटिनै बालेर
झ्याल ढोका बन गरे माया, म भरे आउँछु कि आउँदिन
छुटाइदेऊ बाबुले भारा, खुवाई पालेको दशधारा
लेकाली मुलाका चाना, बल्ल भए बाबुका दुईजना

[२३] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. २६२

सितारा ल्याइदिए भिना, नक्कले छ मेरो निधार
सालको पात टिपेर दुना, धोका थियो तिमीसाँ भेट हुन
ए बाबु पुगेन धोका, रातो डोली एकैछिन त्यहीँ रोक
\+ + + +
केटी पनि केटा बनी टोपी लगाओ, रत्यौलीमा आउने केटा टाढा भगावो
रत्यौलीमा काँबाट जोगी आएको, दुलाहाका आमालाई छाम्न लाएको
खोजी खोजी ले जोगी खोजी खोजी ले, दुलाहाकी आमालाई खोजी खोजी ले
ओल्लो कुना पल्लो कुना घुस्यो जोगी, दुलाहाकी आमालाई ल्याओ खोजी
रत्यौलीमा आउनेलाई बत्ती बालिदेऊ, दुलाहाकी आमालाई भुँडी बोकाइदेऊ ।

रत्यौलीले जुलुमै पाऱ्यो, घरमा खबर पुगे त लौ माऱ्यो
कति राम्रो कमलको फूल, टिपे बाबु डोलीमा बसेर
गए बाबु फूलमाला भिरेर, दूधको भारा सारीले तिरेर
बाबु तिम्रो लगन हिउँदोमा, राखे सिन्दुर त्यो खाली सिउँदोमा
फूल धजा नगलाई दूधधारा, पूर्ण कलश राखेर साइत गर
गए बाबु सगुन खाएर, आउलान् बाबु जोर औठी लिएर
दैको ठेकी कलश र चमर, फूल खोज्न हिड्यो नि भँवरा
हाम्रो बाबु गएको ठाउँमा, बत्ती बाल्न पर्दैन त्यो गाउँमा
लच्छिनकी बुहारी हेर, पसिन् भित्र सासुलाई ढोगेर
रत्यौली घन्कन लाग्यो, नाचन आइपुग्यो झिल्के दाइ
के हो दाइ झिल्केको चाल, काटेको दौरा र सुरवाल
टाउकामा बाँधेको फेटा, तरुनी खोजन आऊ यता ।
चारैतिर बसेका तरुनी, माया लाउँछ मै कसो गरुँ नि
आऊ यता मौरीको रानु, गालामा टोकेर म्वाई खानु
आऊ यता आडैमा बस, राम्ररी झिकेर खाऊँ रस
गाडेर रसमा आरी, भरै है रसले भकारी
रस खान आएको मौरी, अर्कैले खाइदेला कठौरी
दिल बस्यो झिल्केको टोपीमा, सुत्ने भए जाउँ हिड खोपीमा

झिल्केले तानेर ल्यायो, चाल पाइन कोठामा के भयो ?
झिल्केले सकेछ आफ्नो काम, ढोका खोली हेर्दा त झुल्के घाम
को होला झिल्के भै आउनी, रातीमा छातीमा समाउनी
झिल्केले आपतै पार्‍यो, घरकाले चाल पाए लौ मार्‍यो
घरकाले खच्चन कि जरो, नाचेको लुगामा एकसरो
ल्याऊ न दिदी बालेर बत्ती, ल्याएँ मैले फूलजस्ती श्रीमती
कसको छोरा हौ बाबु तिमी, फूलको माला लाइदिएँ नचिनी
आइन् आमा लछिनकी बुहारी, हेर आमा झ्यालढोका उघारी

\+ + + +

वत्ती बालिन भन्छ्यौ बज्यै तिमीले
अँध्यारो मन पराउँछन् बज्यै तिम्रा छोरा हाम्रा उनैले
ढिकीजाँतो गरिन भन्छ्यौ बज्यै तिमीले
एकछिन फुर्सद दिन्नन् बज्यै तिम्रा छोरा हाम्रा उनैले
दैलो पोतिन भन्छ्यौ बज्यै तिमीले
पोतारो लुकाउँछन् ती बज्यै तिम्रा छोरा हाम्रा उनैले
छिटो उठिन भन्छ्यौ बज्यै तिमीले
ढोका औलो लगाउँछन् बज्यै तिम्रा छोरा हाम्रा उनैले

*(स्रोतः तारा कँडेल, सरस्वती भण्डारी*
*र साथीहरू, ले.न.पा.-१३)*

भाकाः धेरै छ धनियो जिरा मसलैमा
अन्तराः धेरै छ धनियो - हातैमा लिएँ कलम मसी लेखौला भनेर
धेरै छ धनियो, दिनैको बाटो छिनैमा आएँ भेट होला भनेर ।
धेरै छ धनियो जिरा मसलैमा ॥

धेरै छ धनियो, सुन खायो सुनारले खै खायो फलामले
धेरै छ धनियो, ज्यानले माया मारे पनि बिर्स्या छैन मैले ।
धेरै छ धनियो जिरा मसलैमा ॥
भाकाः बाँसको जराको पानी
जान देऊ खेतलाई पसानी
बाँसको जराको पानी, मेरो बाबा घर हेर्न जानेनौ

बाँसको जराको पानी, आउली छोरी रोली नि ठानेनौ ।
बाँसको जराको पानी ................॥

बाँसको जराको पानी, कोइलाई भने यै माया फूल हुनी
बाँसको जराको पानी, कोइलाई भने आँसुको मूल हुनी ।
बाँसको जराको पानी ................॥

भाकाः सानो मुरली धिँ धिँ को लेठ
सिक्री त नलाई छोड्दिन
सानो मुरली, दाइले लिनी मुरली त भाइले लिनी माला ।
सानो मुरली, हाम्री बैनी नाचेको त पुतलीकै चाला ॥
सानो मुरली ...................॥

सानो मुरली, पारी पाखा वनपालेमा वाघ मार्‍यो हुलले
सानो मुरली, दिदी र बैनी भेटै र भैयो बिहेको निम्तोले ।
सानो मुरली ...................॥

भाकाः भो म त आउन पाइन
नौ जाले रुमाल धुन पाइन

भाकाः झ्याल ढोका बन गरे माया
म भरे आउँछु कि आउँदिन
झ्याल ढोका बन गरे माया, भाइ गयो बुहारी लिन, दिदी बैनी नाचौँ न एकछिन ।
झ्याल ढोका ............................................................ ॥

झ्याल ढोका बन गरे माया, कति राम्रो मकैको झोली, यहाँ रमाइलो उहाँ दुलै रोई होली ।
झ्याल ढोका ........................................................... ॥

झ्याल ढोका बन गरे माया, जग्गियामा खोले हुन जुत्ता, भाइ हाम्रो न यता न उता ।
झ्याल ढोका ........................................................... ॥

झ्याल ढोका बन गरे माया, लाउँदै होलान् सिन्दुर र चुरा, भाइको कर्म पूरा भो अब त ।
झ्याल ढोका ........................................................... ॥

झ्याल ढोका बन गरे माया, भरे त बुहारी आउँछे, आमालाई बोकेर डुलाउँछे ।

झ्याल ढोका ........................................................ ॥

झ्याल ढोका बन गरे माया, नरोऊ दुलै नझार आँसु, आमा जस्ती घरैमा छन् सासु ।
झ्याल ढोका ........................................................ ॥

झ्याल ढोका बन गरे माया, आमाले धान सुकाऊ मान्द्रामा, भाइ सूर्य वुहारी चन्द्रमा ।
झ्याल ढोका ........................................................ ॥

भाकाः आज त रमाइलो हुन्छ, छोरो टाढा हुँदा पो मन रुन्छ

धानको बाला पुतली जेलेको, भाइको बिहा रतेउली खेलेको ।
आज त ............................................................... ॥

ल्याऊ पानी गाग्रीमा भरेर, आइन् दुलै डोलीमा चढेर
आज त ............................................................... ॥

पोत्नु पऱ्यो अर्काको भित्तो, जन्म दिनी आमाको काख रित्तो ।
आज त ............................................................... ॥

दस मैना गर्भमा राखेर, कोखिलैमा हुर्कायौ बोकेर ।
आज त ............................................................... ॥

भाकाः कता गयो मौरीको राना, गैराबारी तोरीको फूल खान
कता गयो मौरीको राना, फूलको माला फिरीफिरी कोट पाइट भिरी
कता गयो मौरीको राना, छोरो गयो बुहारी लिन दूधको भारा तिरी ।
कता गयो मौरीको राना, गैराबारी तोरीको फूल खान ॥

कता गयो मौरीको राना, आउँछिन् आज यो घरमा लक्षिनकी बुहारी
कता गयो मौरीको राना, राखे आमा दियो बाली झ्यालढोका उघारी ।
कता गयो मौरीको राना, गैराबारी तोरीको फूल खान ॥

कता गयो मौरीको राना, आजसम्म थियौ तिमी आमाको पियारो
कता गयो मौरीको राना, अब माया बाँडिन्छ नि सधैँलाई दोहोरो ।
कता गयो मौरीको राना, गैराबारी तोरीको फूल खान ॥

भाकाः लाहुरे भेना मलाई, रेलमा चढाई देऊ न

लाहुरे भेना मलाई, तिमी मत्रै घुम्छौ डुल्छौ रहर थियो मलाई
लाहुरे भेना मलाई, कति वसौँ एक्ली साली मुटु मात्रै जलाई ।
लाहुरे भेना मलाई ..................... ॥

लाहुरे भेना मलाई,जस्तोजस्तो तिमी खान्छौ उस्तै म नि खान्छु
लाहुरे भेना मलाई, कति दुःख काटु मैले तिम्रै साथमा जान्छु ।
लाहुरे भेना मलाई ..................... ॥

लाहुरे भेना मलाई, हाम्रो गाउँ पहाड पर्वत विदेशतिर सम्मै
लाहुरे भेना मलाई, जान्छु भने विदेशतिर पुऱ्याउँछौ कि बम्बै ।
लाहुरे भेना मलाई ..................... ॥

भाकाः बाबु तिम्रो हुने भो विहे ता

ल्याउनु पर्छ दाइजो नि दिए त
दुःख सुख गरी बाबु मैले तिम्लाई पालेँ
रिनधन गरी भए पनि विहे गर्न थालेँ
छैनन् तिम्रा बाबा बाबु मै अवला नारी
के गर्दछे भनी शत्रु हेर्छन् वारिपारि
बाबु तिम्रो हुने भो ............ ॥

जोरी पारी शत्रुले हाम्रै खेदो खन्थे
यो गरिबलाई कस्ले छोरी देला र खै भन्थे
माग्नु रैछ आए आमा धन्न छोरी दिन
अझै फेरि गर्दुवाको लोभ गर्छेऊ किन ?
विहे गर्न मौकाले पाइएको
दाइजो हो कि बुहारी चाइएको ?

आमाको मन नदुखाउनु अहिले यसो भनी
नमाग्दा नि दिए भने ल्याउँला दाइजो पनि
साइतमा हल्ला गर्दा दुनियाले सुन्छ
बाँकी कुरा पछि पछि गर्दै राखे हुन्छ

अहिले अलमल गर्दछौ किन
भरे ढिलो हुन्छ नि जाऊ हिन ।

जे भए नि भयो आमा कान्छा भाइको बिहे
पारि गाउँका आउँथे होला आउने निम्तो दिए
हाम्ले मात्रै गाउँदा नाच्दा पुग्दैन कि ढङ्ग
भाइको विहे पछिल्लो पाइलो
आमा एकछिन गरौं है रमाइलो
बाबु तिम्रो हुने भो ............ ॥

जन्ती पुगे यति बेला दुलहीको घर
जेठी, माइली, साइली, कान्छी अलि यता सर
सोल्टीनीले यति बेला लुकाइन् होला जुत्ता
पल्याकपुलुक हेर्दै होला भाइले यता उता
सोल्टीनीले लुकाइन् जुत्ता
हाम्रो भाइ न यता न उता
बाबु तिम्रो हुने भो ............ ॥

भाकाः ए राजै पियारी यो गन्जागोलमा
नबोलाऊ पियारी आँखीको सन्काले
ए राजै पियारी, बिहावारी बीस पारि लगन जुऱ्यो आटन्
ए राजै पियारी, कारवारी नै अघि सर्छन् दुई चार कुरा ढाट्न ।
ए राजै पियारी ......................... ॥

ए राजै पियारी, दुबो माला सजाएर शिरमा ढाका टोपी
ए राजै पियारी, आमा दही खुवाउँछिन् पछेउरीले छोपी ।
ए राजै पियारी ......................... ॥

ए राजै पियारी, जन्ती गए दुलै लिन बाजा बजाएर
ए राजै पियारी, उता दुलै राखे होलान् चट्ट सजाएर ।
ए राजै पियारी ......................... ॥

ए राजै पियारी, टीका लगाई गोडा धोई दिए कन्यादान
ए राजै पियारी, डोली नदिई बाउ आमाले हुन्न भन्छन् खान ।
ए राजै पियारी ....................... ॥

ए राजै पियारी, सिन्दुरको बेला भयो माइतीजति लुक
ए राजै पियारी, बाबा लाए डोली दिन आमा लाइन् रुन ।
ए राजै पियारी ....................... ॥

ए राजै पियारी, मारे पाप पाले पुण्य घरमा गाठो कसिन्
ए राजै पियारी, राम्रोसँग पाल्नु भनी आमा भित्र पसिन् ।
ए राजै पियारी ....................... ॥

ए राजै पियारी, खेत खन्ने कोदाली त तरुल खन्ने खन्ती
ए राजै पियारी, दुला दुलै अघिलाई आइपुगे जन्ती ।
ए राजै पियारी ....................... ॥

ए राजै पियारी, पाथी भर्ने सासु ब्वारी बाटो छेक्नी नन्न
ए राजै पियारी, बाबाजस्ता ससुरालाई केही हुन्न है भन्न ।
ए राजै पियारी ....................... ॥

ए राजै पियारी, बेला छोपी जिम्ती लेखी पर्ने चुल्ठो जोड्न
ए राजै पियारी, हाम्ले पनि हुँदैन है परम्परा छोड्न ।
ए राजै पियारी ....................... ॥

भाकाः सरर पिलेनमा आए, ढिलो हुन्छ बस कुर्न नलाए
सरर पिलेनमा आए, आकाशको गड्याङ गुडुङ भुइँको खजुरीलाई
सरर पिलेनमा आए, शिरको टोपी पाउमा राखी बिन्ती हजुरलाई ।
सरर पिलेनमा आए ..................... ॥

सरर पिलेनमा आए, सुरिलो गयो बासको लिङ्गो भुइँ छोयो झुप्पैले
सरर पिलेनमा आए, यतिका दिनमा घरबार छैन के गर्‍यो रूपैले ।
सरर पिलेनमा आए ..................... ॥

भाकाः बिहेको निम्तोलाई मान्न

आयौँ हामी जोरमादल भिरेर

बिहेको निम्तोलाई मान्न, गयौ बाबु दुलही लिन फूलमाला भिरेर
बिहेको निम्तोलाई मान्न, दशधारा दूधको भारा सारीले तिरेर ।
बिहेको निम्तोलाई मान्न .................. ॥

बिहेको निम्तोलाई मान्न, कता गयौ बाहिर निस्क दुलाहाका आमा
बिहेको निम्तोलाई मान्न, भिल्के जोडीसँग नाच छमछम ।
बिहेको निम्तोलाई मान्न .................. ॥

बिहेको निम्तोलाई मान्न, दिदी निस्किन् नाच्नलाई आमा थाकी बसिन्
बिहेको निम्तोलाई मान्न, कान्छी बहिनी जिम्ती लेख्न भित्रतिर पसिन् ।
बिहेको निम्तोलाई मान्न .................. ॥

बिहेको निम्तोलाई मान्न, दुलाहाकी आमा बसिन् भ्याल ढोका उघारी
बिहेको निम्तोलाई मान्न, यो घरमा पस्छिन् अब लक्षिनकी बुहारी ।
बिहेको निम्तोलाई मान्न .................. ॥

बिहेको निम्तोलाई मान्न, बिहान उठी लिप्नु पर्छ चुलोचौको भित्तो
बिहेको निम्तोलाई मान्न, जन्म घर माइती भयो बनाई आयौ रित्तो ।
बिहेको निम्तोलाई मान्न .................. ॥

भाकाः अलि तल सर न माया, म कति उकाली धाइरनी[२]

अली तल सर न माया, दैलामुनि तिते फापर गाईले खाए खाला
अलि तल सर न माया, लाको माया छाड्नी छैन गर्धन गए जाला ।
अलि तल सर न माया .................. ॥

अलि तल सर न माया, सीमको खेतलाई मुलको पानी टारी खेतलाई कुलो
अलि तल सर न माया, सुनचाँदी भन्दा पनि माया रैछ ठूलो ।
अलि तल सर न माया ................... ॥

अलि तल सर न माया, फेवातालको कत्ले माछा भुर्जुङखोला धाउँछ
अलि तल सर न माया, बुढो पोइको ओछ्याउन लाउँन च्याख मरेर आउँछ ।
अलि तल सर न माया ................... ॥

भाकाः ए आमा म रुँदै जानी, किरेमिरे परेको चाम्दानी
उकालीमा टेक्ले लौरी, समाउनीमा बाङ्गो
कस्ले देख्नु भोक तिर्खा, कल्ले देख्नु नाङ्गो ।
ए आमा ...................... ॥

पूजा गर्छन पुजारीले, जोगी बस्छन् ध्यान
सहनलाई गाह्रो भयो, फाल्छु क्यारे ज्यान ।
ए आमा ...................... ॥

हिमालका पल्लापट्टि जोगी बस्यो ध्यान
कल्ले देला अतिबुद्धि कसले देला ज्ञान ।
ए आमा ...................... ॥

खान्न भन्थे करेली अचार
जान्न भन्थे के लाग्दो रच र ।
ए आमा ...................... ॥

दाउरा खोज्ने दाउरेनीको भारीमाथि बिटी
मन परेको घर होइन बिग्रे कन्नै सिति ।
ए आमा ...................... ॥

भाकाः आँधीखोले मायाको चिनु, सुन्तला बिरुवा ल्याइदिनू
यो मायाको सम्झना हुनाले
कल्यै पनि छोडेन रुनाले ।
आँधीखोले ................... ॥

रुम्त भने आँसुको खर्च
नरौं भने यो मनमा पिर पर्च ।
आँधीखोले ................... ॥

सुनखानीमा बसेको माया
किन आउथ्यो पितलु खानीमा ।
आँधीखोले ................... ॥

भाकाः छ्याप्प डाली काटेर घाँस, भो भो माया नहुनु निराश[३]

हातै लिम्ला ऊनीको धागो
माया भाको कर्मैमा नभाको ।
छ्याप्प डाली ............. ॥

बस माया आजैको रात
अब भेट हुँदैन एक साता ।
छ्याप्प डाली ............. ॥

पापी मन रोइरन्छ सधैँ
विचार गरे मयाले म हुँदै ।
छ्याप्प डाली ............. ॥

भाकाः झ्यालैमा नबसे सुँगा, टिपम्ला करेली भनेर

हो नि साच्चैँ पानीको कलधारा
बेइमानीको सङ्गतै नगर ।
झ्यालैमा ................ ॥

म रुनु को रोयो होला
दिनमा हिन्नी सूर्यलाई था होला ।
झ्यालैमा ................ ॥

लए दुलही जन्तीले घेरेर
रोइन् आमा जगिया हेरेर ।
झ्यालैमा ................ ॥

भाकाः आमाले सारेको फूल, बाबुले कहिल्यै नि नभूल

जरी राम्रो दुबोको मालामा
लाइदिम्ला भाइ जाने बेलामा ।
आमाले ......................... ॥

भाकाः सेती नदी धमिलो पानी, चोखो माया लाऊँ क्यारे जुग जानी[२]

मेरो माया छौ भने त्यता
छमछम चुरा बजाउँदै आऊ यता ।

सेती नदी ......................... ॥

चौतारी चिनेर धरिम
हेर्छु ऐना देख्दिन करिम ।
सेती नदी ......................... ॥

भाकाः कसरी आउनुभो माया, जून छैन अँधेरी रातमा
यो खोलीमा के खस्यो हिउँजस्तो
भेटेँ माया काखैमा लिउँजस्तो ।
कसरी .............................. ॥

आज मेरो साइत परेको
गामको माया वेशीमा झरेको ।
कसरी .............................. ॥

मेरो माया नभइदेऊ बिरानी
दाइने हात भैदिउँला सिरानी ।
कसरी .............................. ॥

भाकाः लक्ष्मीले बास गरिन् घर
हिमालजस्तो हँसिलो मुहार
लक्ष्मीले वास गरिन् घर
दाइजो ल्याइन भनेर नगर दोमन ।
लक्ष्मीले ........................... ॥

*(स्रोतः शीलकुमारी ढुङ्गाना, थुम्की-६, सुकमाया विक*
*टीकामाया नेपाली, सुनमाया विक, थुम्की-७)*

### ३.३.२ **पर्वगीत**

नेपाली जनजीवनमा पर्वगीतको निकै ठूलो महत्त्व रहेको छ । लोकजीवनको सामाजिक सांस्कृतिक पक्षसँग यसको घनिष्ट सम्बन्ध छ । चाडपर्व धार्मिक आस्था पूरा गर्ने उद्देश्यका आधारहरू हुन् । उत्सव मनाउने पूजाआजा गर्ने, जाग्राम बस्ने, मेला भर्न जाने आदि प्रचलन साथै

चाडपर्व मनाउँदा परिवार, आफन्तजनसँगै बसेर रमाउने, मीठो मसिनो खाने, दुःखसुख अभिव्यक्त गर्ने प्रचलन हाम्रो समाजमा छ । यही धार्मिक तथा सांस्कृतिक पक्षलाई आत्मसात गर्दै यिनै विषयसँग सम्बन्धित पर्वहरूमा गाइने गीतहरू नै पर्वगीत हुन् । कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा पर्वहरूमा गाइने गीतमा मुख्य रूपमा तीजगीत, भैलो गीत र देउसी गीत प्रचलित रहेका छन् ।

### ३.३.२.१ **तीजगीत**

तीज (हरितालिका) हिन्दु नारीहरूको महान् पर्वका रूपमा चिनिन्छ । हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिनदेखि पञ्चमीसम्म मनाइने तीजको परम्परा पौराणिक कथासँग जोडिएको छ । हिमालय पर्वतकी छोरी पार्वतीले महादेव वर पाउँ भनी निराहार तपस्यारत रहेको र त्यसै व्रतका प्रभावले मनोकाङ्क्षा पूरा भएको हुँदा निराहार बसी शिव पार्वतीको पूजा गरेमा पाप नाश हुने, सौभाग्य बढ्ने, सन्तानकोसमेत कल्याण हुने र अविवाहित नारीलाई इच्छित वर प्राप्त हुने धारणा लोक समाजमा छ । यही व्रतसँगै नारीहरूद्वारा विभिन्न लय र भाकामा गाइने गीत नै तीज गीत हो ।

तीजमा छोरीचेलीहरूलाई नजिक टाढा जहाँ भए पनि दाजुभाइ, बुबा, मामाहरू लिन जान्छन् । अरूबेला एक्लै आउने भए पनि तीजमा लिन नगई घरकाले पठाउँदैनन् र चेलीहरू जान पनि चाहँदैनन् । त्यस्ता चेलीहरू माइती लिन नआएको वा नभएको दुःखेसो गीतमार्फत प्रकट गर्दछन् । प्रायः चेलीबेटीहरू द्वितीयाको बेलुकीसम्म माइतीमावलीमा जम्मा हुन्छन् र त्यसै रातमा मीठा मीठा खानेकुरा पकाएर खान्छन् । जसलाई दर भनिन्छ । तृतीयाका दिन उनीहरू निराहार बसी नाच गान गर्ने चलन पाइन्छ । यसक्रममा घरको कामको बोझ, सासू, ससुरा, नन्द, श्रीमान्बाट झेल्नुपरेका प्रताडना, हप्कीखप्की, हेलाँ, त्यस्तै बालविवाह, बहुविवाह, अनमेल विवाह र दाइजो प्रथा र त्यसले निम्त्याएका समस्याहरू सामाजिक विकृति विसङ्गति, राजनैतिक जागरण, नारी चेतनाका पक्षमा पनि आफ्ना आवाजहरू र भक्तिभावसमेत गीतीलयमार्फत बुलन्द पार्दछन् । राताराता सारीमा सजिएर थपडी र केहीले मादलसमेतको तालमा गाउँदै र छमछमी नाच्दै नारीहरू उन्मुक्ति र उमङ्गको महसुस गर्दछन् । पञ्चमीको दिनमा सप्तर्षिको पूजा गरेर नाच गान गरेपछि तीजका सबै रीत पूरा हुन्छन् । तीजको गीतलाई व्रत र समसामयिक गरी मुख्य दुई प्रकारमा बाड्न सकिन्छ ।

#### ३.३.२.१.१ **सङ्कलित तीजगीतहरू :**

(क) समसामायिक तीजगीत :

भात खाम्ला कनरी रोपेर<br>
तरकारी खाम्ला तामा बरिलै ।<br>
लिन र आए आफना भए

बिर्साइदिए आमा बरिलै ।
बाबाको आगनी लिपी र लापी
छिड्किरी मारी खेलम्ला ।
छिड्किरी मारी खेलनी चेलीको
शिरमै छैन शिरफूल ।
शिरकी शिरफूल करिमले लाम्ला
यसरी खेल्न काँ पाम्ला ।
बाबाको आगनी लिपी र लापी
छिड्किरी मारी खेलम्ला ।
छिड्किरी मारी खेलने चेलीको
लिलाटमा छैन टिकिया ।
लिलाट टिकीया भाग्यमा भए लाम्ला
यसरी खेल्न काँ पाम्ला ।
बाबाको आगनी लिपी र लापी
छिड्किरी मारी खेलम्ला ।
छिड्किरी मारी खेलने चेलीको
नाकैमा छैन नत्थिया ।
नाकको नत्थिया भाग्यमा भए लाम्ला
यसरी खेल्न काँ पाम्ला ।

बाबाले दिएका शिरै लाउनी शिरफूल
दाज्यैले दिएका चाँदी बटन ।
घरै त जाम भने घोप्टे परे खसम
माइतैमा बसौं भने रूखा बचन ।
आफनी आमा भए बस चेली भन्दिहुन्
अर्काकी आमाको भयो खटन ।
बाबाले दिनुभयो ढाकाटोपी धुनलाई
अब के दिनुहुन्छ सम्भी रुनलाई ।
त्यस्तै घर रोजेर असल केटो खोजेर
बिहे गरी दिए हुन्थ्यो बरिलै ।
आमाकी छोरी थिएँ समरथ भएँ म

बाबालाई पऱ्यो पिर बरिलै ।
घरैमा हेर्दा रेडियो राखेका
तबेलीमा हेर्दा घोडा बरिलै ।
बाबाले दिएका पीताम्बरे फरिया
फरर फरर हुन्छ बरिलै ।
माइतीमा बसी घरैमा जाँदा
हियारा धरर रुन्छ बरिलै ।
\+ \+ \+ \+
तीजका बेलामा छोरी घर पठायौ
अँधेरी खोलाले लग्यो बरिलै ।
बाबज्यूले भन्दा हुन् छोरी घर पठायौँ
ससुराजी भन्दा हुन् बहु आइन ।
उर्लदो नदी तर्नलाई खोज्दामा
मर्न लेख्यो मलाई आधा वैँशमा ।
बाबाले सुनेर धुरुधुरु रुनेछन्
नरोऊ नरोऊ भन्दिए स्वामी राजै ।
बाबाले दिएका शिर पाउँ गहना
घुमाउनी घाटमा घुम्छन् बरिलै ।
\+ \+ \+ \+
बाबाले दिएका शिरबन्दी शिरफूल
लरक्क लकाई लाउँला बरिलै ।
आमाले पकाएको झिनुवाको भात
दुध राखी सपक्क खाउँला बरिलै ।
दाजुले दिएको रेशमीको फरिया
लरक्क लर्काइ लाउँला बरिलै ।
आमाले पकाएका मीठामीठा खजना
दिदीबैनी मिलेर खाउँला बरिलै ।
शिरै लाउनी शिरफूल
पावै लाउनी पाउजू बरिलै ।
घरैमा छैनन् दयालु सासु

माइतीमा छैनन् आमा बरिलै ।
आमाले पकाएको भिनुवाको खाजा
खाँदा खाँदै दिक्क बरिलै ।
मुहुडा हेर्दा चन्द्रमाजस्तो
करिम हेर्दा ठिक्क बरिलै । *(स्रोतः सुमित्रा ढुङ्गाना, थुम्की-६)*

निशानैमा पहिरो गयो
मादीगङ्गा थुनियो
एकुमा लग्यो गाईको गोठ
दुसरीमा लग्यो बालैलाई
सबैका बाबा आगनीमा छमछम
हामरा बाबा खै भगवान्
\+ + + +
रम र झम तीजै आयो भन्छन्
कमाइदेऊ राजै शिरफूल ।
तिमी त राजै कालीमा छौ नि
सुहाउँदैन शिरफूल ।
वेदका अक्षर कालामा हुन्छन्
राजै पठिन हुँदैन ।
यति वचन जानी नलाऊ नारी
दोसरी बिया घन्काउँला ।
दोसरी बिया घन्काए राजै
खानी त आफ्नै करिम ।
\+ + + +
रम र झम तीजैमा आयो
वर्ष दिनको तीजमा बाबु लिन आएका
अगि लाई जान पाइन बरिलै ।
फाँटभरि काली धान गोठभरि माली गाई
दुधभात खान पाइन बरिलै ।
आरीमा पानी सालघारीको माटो

ससुरा बाबाले लखेटे
भदौ र मासको निसमाले रात
उघार आमा दयेली ।
भागेर आउने जाबेली छोरीलाई
उघारोइनम् दयेली ।
भोटे कुकुर भुकदो अधँरी उर्लदो
उघार आमा दयेली । *(स्रोतः छगमाया सुवेदी, थुम्की-८)*

भारत र पाकिस्तानको लडाइँको घटना
गोली लाग्ने लाहुरेको दुःख वेदना ।
दुश्मनसँग लड्न भनी गोलीगट्ठा बोकेर
जानु पऱ्यो हे आमा बुट ठोकेर ।
जाँदा जाँदै दुश्मन यता जाम कि उता जाम
सम्झेँ मैले एक्कासी माता र पिताजीको नाम ।
गोली चल्न सुरु भो दुश्मन बीच परियो
चिसापानी देवीको शरण परियो ।
\+ \+ \+ \+
रातो डोली भित्र्याउँला भन्थिन् होला आमाले
सेतो डोली लाइहालिन् ईश्वर आमाले ।
जन्ती पनि पर्सिए भतेर नि उठाए
ऐया आमा ! मुटु खायो भन्यो केटाले ।
घरबेटी भन्न थाले के भयो र कसो भो ?
दाजुभाइ भन्न थाले डाक्टर ल्याउने हो ।
डिब्बाको सिन्दुर बाकसको कपडा
उतिखेरै पिताम्बर भयो बरिलै । *(स्रोतः सुनमाया वि.क., थुम्की-७)*

दिनभरि मेलापात सासूज्यूको खटन
बेलुकी घर फिर्छु नन्दले लाउछिन् वचन ।
हिजोसम्म मैले पनि यै घरमा गरेको
किन होला भाउजुले आँखा तरेको ।
वर्ष दिनको तीजमा एकपटक आउनी हो

जस्तो दिन्छौ त्यस्तै खानी अनि जानी हो ।
छोरा भए मैले पनि पाउँथे अंश चिरेर
रुँदै रुँदै जानुपर्‍यो डोली चढेर ।
बाबाले भन्नुहुन्थ्यो आज छोरी कता गई
आमाले भन्नुहुन्थ्यो के को खाजा खाई ।
दाजुले भन्नुहुन्छ तैले के नै गरिस् र
भाउजुले भन्नुहुन्छ तँ त कैले मर्लिस् र ।
\+ + + +
आफ्नी आमा भएदेखि भित्र पसी खाँदी हुँ
अर्काकी आमाले लाइन् वचन ।
वर्ष दिनको तीजमा कुन सारी लाउँने हो
कहिले दिन्छ्यौ भाका बज्यै कहिले आउँने हो ।
वर्ष दिनको तीजमा बाबा आए लिनलाई
बिदा दिनोस् बज्यै दुवै दिनलाई ।
वर्ष दिनको तीजमा बाबा आए लिनलाई
भाका दिनुस् ससुराले दुवै दिनलाई ।
सिरिमानको जागिर छैन जाँड रक्सी तालमा
एकजोर लुगा फेर्न पाइन्न कुनै सालमा ।
\+ + + +
गाली गर्छिन घण्टै पिच्छे घर मालिक्नी सासूले
हिड्दा पनि बाटो पाइन मेरै आँसुले ।
डराई डराई बोल्नुपर्ने मनका कुरा खोल्दा नि
गाउँभरि कुरा काट्छन् राम्रो बोल्दा नि ।
कैल्यै खान पाउनु छैन भोक लागेको बेलामा
पटुकी कसेर जान्छु मेलामा ।
छोरीलाई पराइ घर दिने रैछ चलन
जन्म घर छाडेपछि पर्ने है रुन ।
गैरी खेत धान पाकी खायो बरै चरीले
पढ्न लेख्न पठाएनन् बाबा आमाले ।
छोरालाई पाल्नु भयो बाँसका मुना झैँ

छोरीलाई पाल्नु भयो धानको धुन झैं ।
रिस गाह्रो नमान्नु है मेरा आमाबाबाले
छोरी पाउनु पर्दैन यस्ता जाबाले ।

पोखराको बजारमा बिजुलीको लाइन
नारीको समस्या हो सुन बइन ।
दिनभरि मेलापात साँझ बिहान घरमा
पुरुषको मनपरी हाम्रै भरमा ।
जान्छन् सधैं भट्टितिर के को जान्थे मेलामा
कहिल्यै पनि आउने हैनन् खाने बेलामा ।
शरीर हुन्छ थाकेको टाढाको छ पँधेरो
कसो गरी बाँचौ हामी बाटो अधेँरो ।
कुरेर बस्नुपर्छ खाना चिसो पारेर
स्वामी आउँछन् होटेलमै भुँडी भरेर ।
आउँछन् सधैं बाह्र बजे रक्सीले मातेर
बाहिरबाट हप्काउँदै ढोका लात हानेर ।
चर्को डाँको सुनाउँछन् छिटो उठ भनेर
कसरी आउँदा हुन् ज्यान धानेर ।
सुतेका बालबच्चा आएर तर्साउनी
बोल्न केही हुने होइन हातै फर्काउनी ।

वर्ष दिनको तिजमा माइती घरको सम्झना
मलाई लिन कोही पनि अझै आएन ।
कोदो रोपी सकियो धान गोडी भ्याछैन
अझै पनि सासूको वचन पाछैन ।
हिजै माइत पुगिसके द्यौरानी र जेठानी
आफ्ना माइती टाढा भए लिन नआउनी ।
दिनु भयो बाबाले धनी ठूलो घरमा
ठूलो घरको कुरा सुन्दा लाउनी सरम ।
लिन आउँदा नपठाउने आएमा सराप्छिन्
हाम्री सासू कुरौटे साह्रै खराब छिन् ।

द्यौरानी र जेठानीलाई एक्लै पनि पठाउनी
मलाई मात्रै नोकर्नी झैँ दुःख कटाउनी ।
\+ + + +
यो मनको बेदना भनी साध्य छइन
अभागी चेलीको सुन बइन ।
बिचारै नगरी जन्म दियौ रामले
बालखैमा टुहुरी छोड्यौ आमाले ।
टुहुरीलाई जान पर्‍यो विरानो देशमा
बेहोर्न पर्‍यो मलाई ढोटे खसम ।
शिरफूल लाएँ मैले पहिला नम्बर सुनको
बरिदान पाएँ मैले सधैँ रुनको ।
दोस्रो विहे गरेर मादी नदी तारेर
यति राम्रो लर्के जोवन बीच पारेर ।
धान खायो लोखर्केले मकै खायो घुनले
सारै दुःख पाएँ मैले छोरी हुनाले ।
घर बस्न नसकेर गए म त बनमा
त्यसै पनि बिरह चल्छ मनमा ।
चौतारीमा वरको सरर चिल्लो पात
कोसित भनम् मैले यो मनको वात ।
बाबासितँ भनौँ भने बाबा पैले रुनु भो
आमासित भनौँ भने आमा स्वर्ग हुनु भो ।
\+ + + +
कति राम्रो चौतारीमा त्यति राम्रो पीपल
किन आउँछ पापी बतास ? डाली नुगाउन ।
शिरै लाउनी शिरफूल सुनारीको दोकान
किन आउँछस् पापी चाड ? माइती सम्झाउन ।
कानै लाउनी ढुङ्ग्रिया सुनारीको दोकान
किन आउँछस् पापी चाड मनै रुवाउन ।
किन आउँछस् पापी चाड माइती सम्झाउन

तीज आयो भन्छन् सबै माइत जान्छन्
आफ्ना त माइती छैनन् बरिलै ।
रिनै रिनमा डुबेर घरबारी बेचेर

पोहोर साल मुग्लान भरे बरिलै ।
सबै चेली देख्दछु रातै र पहेँलै
हाँस्दै हाँस्दै माइतै जान्छन् बरिलै ।
आफ्ना माइती मावली नहुने चेलीलाई
घुमी घुमी किन आउँछ तीज बरिलै ।
न आउँछ दशैँ न आउँछ तिहार
मेरा माइती सम्भिँदा रुन्छ हियारा ।
शोषकको जालमा परी माइती हिँडे मुग्लान
कहिले आउला गरिबको दिन बरिलै ।
स्वामी पनि विदेशमा बहु बाला काखमा
मन बुभाउने बाटो पनि छैन बरिलै ।
पापी साहूले हिड्न पार्‍यो माइती मेरा मुग्लान
मुग्लानका माइती मेरा सबै उठ न ।
गरिबको उठीबास गराउने यो जातिलाई
एउटै हुल बाधेर मासौँ बरिलै ।

\+ + + +

मनको विरह भनी साध्य छइन
हामी गाउँले चेलीको सुन्नोस् बइन ।
दिनुभयो बाबाले पोखराको सहरमा
छोरीले सुख पाओस् भन्ने रहरमा ।
म छोरीले माइतीको इज्जत राख्छु भन्दामा
नयाँ नयाँ चलनले पार्‍यो फन्दामा ।
मजस्ता चेलीको पक्कै छैन ठाडो शिर
सहरको फेसनले पार्‍यो ठूलै पीर ।
टि.भी. पनि हेरिएन, पढन् पनि पाइएन
हिटर, ग्याँस के हो भन्ने थाहै थिएन ।
हिटरमा भात पका भन्नुभयो बज्यैले
बिजुलीको करेन्टले हान्यो मभैले ।
ग्याँस चुलोमा चिया पकाऊ भन्नुभयो समीले
ग्याँस खोल्नै आएन क्यार्नी हामीले ।
सुख होइन जीवन दुःखमा डुबेको
कुकरले सिठी लाउँदा सातो उडेको ।

बाह्र वर्ष उमेरमा बिहे मेरो भएको
बाह्रै वर्ष हुन थाल्यो स्वामी गएको
चोली सिम्ला मखमली पाखुरीमा सुहाउनी
आफू सधैँ विदेश बस्नी मलाई रुवाउनी ।
मखमलीको चोलिया मेरो बरिलै टलक्कै टल्कने
अरिकाकी छोरी बन्धन पारी बरिलै आफू पर्देश ढल्कने ।
बाबाका दैलामुनि सुन्तलाको घारी
टिपन सकिन खाइन बरिलै ।
सातै नदी तारेर दियौ बाबा
तरिन सकिन आइन बरिलै ।
बाबाका दैलामुनि मौसमको घारी
टिपन सकिन खाइन बरिलै ।
सातै नदी तारी दियौ बाबा
तरिन सकिन आइन बरिलै ।
बाबाका दैलमुनि निबुवाको घारी
टिपन सकिन खाइन बरिलै ।
सातै नदी तारी दियौ बाबा
तरिन सकिन आइन बरिलै ।
बाबाका दैलामुनि जमुनाको घारी
टिपन सकिन खाइन बरिलै ।
सातै नदी तारी दियौ बाबा
तरिन सकिन आइन बरिलै ।
बाबाका दैलामुनि बेलौतीको घारी
टिपन सकिन खाइन बरिलै ।
सातै नदी तारी दियौ बाबा
तरिन सकिन आइन बरिलै ।
उही कोखका छोरा बाबा उही कोखका छोरी हुन्
केही फरक छैन बाबा बराबरी हुन् ।
छोरा र छोरीलाई भेदभाव राख्छ समाज
यो कुरा देख्दामा लाग्छ नमजा ।
छोरी पनि भोलि गई ठूला मान्छे बन्नेछन्
बा आमा र देशको इज्जत राख्ने छन् ।
उही कोखका छोरालाई स्कुल पठाउने

उही कोखकी छोरीलाई डाँडा कटाउने ।
उही कोखका छोराको कापी किताब हातमा
उही कोखकी छोरीलाई मेला पातमा ।
उही कोखका छोरालाई सुटबुट किन्दिनी
उही कोखकी छोरीलाई डोको बुन्दिनी ।
अर्काको नासो हो भन्नुहुन्छ छोरीलाई
अन्धकारमा राख्नु भयो जुगै भरिलाई ।

शिरै लाउनी ढाका टोपी पसिनाले पुछ है
यो देशको विकास कैले हुन्छ खै ।
जनताभन्दा नेता धेरै च्याउसरि उम्रेका
आफ्नो दुनो सोज्याउन अघि सरेका ।
फुटेको यो राजनीतिले केही गरेन जन्तालाई
धन कमाउने पेशा मात्रै भयो नेतालाई ।
कमाइसके धनसम्पत्ति सात पुस्तालाई पुऱ्याए
देशको निम्ति हिड्नुपर्ने बाटो बिराए ।
सहिदको रगतले प्रजातन्त्र आएको
हरे कठै ! प्रजातन्त्र सस्तो भएको ।
भाषण भने ठूलै गर्छन् उड्दो चरो खसाल्छन्
महङ्गीले जनताको ढाडै बसाल्छन् ।

भाग्यलाई दोष दिँदै कति हामी बस्ने हो
शोषणको मारमा कति पर्ने हो ।
दु:खपीडा जति भोग्यौँ अब हामी भोग्दैनौँ
अधिकार लिनलाई पछि पर्दैनौँ ।
आधा आकाश ढाकने हामी नारी जातिलाई
थिचोमिचो व्यवहार हटाऊ सधैँलाई ।
हातमा हात समाउँदै अघि हामी बढ्नु छ
अन्धकार र कुसंस्कारको साङ्लो तोड्नु छ ।
प्रजातान्त्रिक मुलुक भन्छौँ व्यवहारमा देखिन्न
हामी आफैँ नगए आवाज लेखिन्न ।
उठौँ, जुटौँ दिदीबहिनी स्वतन्त्रता चाहिन्छ
लडौँ हामी अवश्य नै सफल भइन्छ ।

*(स्रोत : तीज मेला, थुम्की-२०६३)*

(ख) **व्रतसम्बन्धी तीजगीतहरू**

बाह्रै वरिसको सोमबारे औँसी
हिड स्वामी राजै नुहाउन जाम ।
सोमबारे औँसी नुहाउन गएर
के पो वरिदान माग्छ्यौ नि है ?
सबै वरिदान मागम्ला राजै
सौताने वरिदान मागोइन ।
त्यसरी वचन जानी नलाऊ नारी
दोसरी बिहे घनिकाम्ला ।
दोसरी बिहे घनिकाए पनि
हामीजस्ती चेली पाओइनौ ।
दोसरी बिहे घनिकाएर
तिम्रो जीवन बीचै पारम्ला ।
हामी जस्ती चेली पाए तापनि
खाने त राजै करिमले हो ।

<u>पञ्चमी घुम्दा</u>

कहाँ पो जान्छ्यौ रानी चरी बगाल
बरिलै भगवान्लाई भेट्न ।
भगवान्लाई भेटन के पावर चाहिन्छ
बरिलै श्रीखण्ड चन्दन ।
एकुमा चाहिन्छ श्रीखण्ड चन्दन
दोसरीमा चाहिन्छ बेलपत्र ।
भगवान् कस्ता छन् रानी चरी बगाल
यति संसार ल्याइदिए ।
रूपकी छापा सुनकी मुकुट
बरिलै भगवान् त बसेका ।

<u>फूलसेलाउँदा</u>

फूल र जमाइ हत्केलीमा छ्याइँछ्याइँ
कहाँ जान दौडेकी गंगाजी माई ?
कहाँ होला गंगाको जनिमभूमि

कहाँ होला गंगाको बास बरिलै ?
हिमाल हो मेरो जनिमभूमि
समुद्रमा हो मेरो बास बरिलै ।

व्रत बस्दा

फुका केश जुम्ला हात ठूलो हाम्रो वरित
आजका दिनमा ठूलो हाम्रो वरित ।
देऊ न बाबा देऊ न बाबा वरितको दियो
वरितको दियोविना वरित खण्डित भयो ।
लैजाऊ चेली लैजाऊ चेली सुवर्णको दियो
वरितको दियो चेली सातै भाइको साजो ।
सुवर्णको दियो बाबा हाम्रै गृहे होला
देऊ न आमा देऊ न आमा वरितको दियो ।
वरितको दियो त सातै भाइको साजो ।
दिनलाई मिल्दैन चेली वरितको दियो ।

शिवजीको ध्यान

शिवजीले हात जोडी ध्यानमा बसेका
कसले गर्ला बरिलै शिवजीको ध्यान ।
फूलवारीमा जाऔँला फूलका माला गाँसौँला
फूलमाला चढाएर ध्यान बसौँला ।
शिवजीको मन्दिर थुङ्गैसरि फूल
शिवजीको ध्यान गर्न नभुल ।
फुका केश जुम्ला हात ठूलो हाम्रो बरित ।

हातमा जारी काँधमा सारी
कहाँ पो जान्छ्यौ नुहाउन ?
कुन बेला जाउली कुन वेला आउली
कुन वेला गरौली द्यौतीको ध्यान ?
उदयमा जाम्ला अस्ताएमा आम्ला
मध्यानीमा गरौँला देउतीको ध्यान ।

*(स्रोतः सरस्वती बास्तोला ले.न.पा.-१२)*

### ३.३.२.२ **भैलो तथा देउसी गीत**

तिहारको रमझम बोकेर आउने भैलो पर्वकालीन सामूहिक गीत हो । भैलो तिहारमा साथी समूह मिलेर खेल्ने गरिन्छ । भगवान विष्णुले दैत्यलाई बध गरी देवतालाई सुखशान्ति दिलाएको, बलिराजाले पातालको राज्य पाएको, राम बनबासबाट फिर्ता भई रावणको पञ्जाबाट सीतालाई मुक्त गरी ल्याउँदा अयोध्यावासीले दीपावली गरेकोजस्ता प्रसङ्ग जोडी दीपावली तथा तिहार मनाउँदै आएको पाइन्छ । यिनै माङ्गलिक हर्ष उल्लासलाई समेटेर भैलो खेल्दै नाचगान गरी रमाइलो गर्ने गरेको पाइन्छ । मनोरञ्जन साथै उत्सव मनाएर खेलिने नेपाली संस्कृतिमा भिजेको भैलोको सम्बन्ध 'भलो' (हित, कल्याण) सँग रहेको देखिन्छ । यही भलो होस् भन्ने शुभकामनाको द्योतक नै भैलो हो ।[२४]

लक्ष्मी पूजाका दिन लक्ष्मी पृथ्वीभर डुल्ने र उज्यालो नभएको घरमा नआउने जनविश्वासअनुसार घर आँगन सफा पारी सन्ध्याकालमा दैलो, झ्याल, कौसी, भऱ्याङ, कोठामा दियो, पाला, मैनबत्ती बालेर दीपावली गर्दै लक्ष्मीको पूजा गरिन्छ । यस अवसरमा गाउँघरतिरका किशोरीहरू भैलो खेल्दै गाउँगाउँ डुल्छन् । यो समूहलाई भैलेनी भनिन्छ । भैली खेल्दा एक जनाले भट्याउने र अरूले भैली भन्दै जान्छन् । बलि राजाले पठाएर आफू आएको भन्दै घरपरिवारिको प्रशंसा गर्ने, मङ्गल कामना प्रकट गर्दछन् र अन्त्यमा सीधा र बिदा गीतबाटै मागेर बिदा हुन्छन् ।

देउसी विशेष गरी लक्ष्मी पूजाको भोलिपल्ट र भाइटीकाको बेलुका खेल्ने प्रचलन छ । यो गीतमा मुख्यतः पुरुषहरू रहने भए पनि हिजोआज नारीहरूकोसमेत संलग्नता रहन्छ । देउसी गीत प्रत्येक घर आँगनमा गएर सुख र समृद्धिको कामना गर्दै गाइने सामूहिक गीत हो । भैलो जस्तै देउसी पनि एकजनाले भट्याउँदै बाँकी समूहका सहभागीले देउसी रे (द्यौसी रे) भन्दै पछ्याउँछन् । देउसीको बीचबीचमा गाइने थप झ्याउरे लयका गीतका कारण देउसीले सम्पूर्ण वातावरण नै उल्लासमय बनाएको हुन्छ । द्यौसी तथा भैलोमा प्राप्त सगुन कसैले सामाजिक कार्य र कसैले भोज गरेर मोज गर्दछन् । देउसी खेल्ने घरमा पुगेपछि झिलिमिली बत्ती र घरको सम्पन्नताको र घरबेटीको दानशीलताको वर्णन गर्दै परम्परालाई संस्कारको निरन्तरताका लागि देउसी खेल्न आएको र अरू धेरै घरमा जानुपर्ने हुँदा दानको व्यवस्था छिटो मिलाउन आग्रह गर्दछन् । भैलोजस्तै देउसीमा पनि गच्छे अनुसार र प्रचलनअनुसार रोटी फलफूल पैसा दिन्छन् । यसप्रकार देउसीरेहरू आशीष दिएर बिदा हुन्छन् ।

देउसी भन्ने प्रचलनका सम्बन्धमा विजयादशमीमा आशीर्वाद पाई लडाइमा गएका पुरुषहरूले विजय प्राप्त गरेपछि विजयको आशीर्वाद र साधुवाद लिन घरघरमा देउसी खेल्ने त्यस्तै देउसीमा बलिराजाका गाथा, दिदी भेट्न गएको बालकको गाथा आदि पनि जोडिन्छ ।

---

[२४] कृष्णप्रसाद पराजुली, **पूर्ववत,** पृ. १८८

### ३.३.२.२.१ **सङ्कलित भैलोगीत**

भैलेनी आइन् आँगन
गुनियो चोली मागन
है औँसीबार
गाइतिहार भैलो ।

भैलेनी आए मिलेर
फूलको माला भिरेर
हे औँसीबार
गाईतिहार भैलो ।

हामी त त्यसै आएनौँ
बलिराजाले पठाको
हे औँसीबार
गाईतिहार भैलो ।

हरियो गोबरले लिपेको
लक्ष्मीपूजा गरेको
हे औँसीबार
गाईतिहार भैलो ।

जसले दिन्छ मानो
उसको सुनको छानो
जसले दिन्छ मुरी
उसको सुनको धुरी
जसले दिन्छ पाथी
उसको सुनको छाती
हे औँसीबार
गाईतिहार भैलो ।

### ३.३.२.२.२ **देउसी गीत**

हे भन भन भाइ हो - देउसीरे
हे राम्ररी भन - देउसीरे

हे स्वर मिलाई भन - देउसीरे

हे केराको थाममा - देउसीरे

हे बीस भाइ जम्मा - देउसीरे

हे चिप्लो बाटो - देउसीरे

हे रातो माटो - देउसीरे

हे लड्दै पड्दै - देउसीरे

हे हामी त त्यसै - देउसीरे

हे आएका होइनौँ - देउसीरे

हे बलिराजाले - देउसीरे

हे पठाएका - देउसीरे

हे यो घरकी आमा - देउसीरे

हे चन्द्रसूर्य जस्ती छन् - देउसीरे

हे छानामाथि घिरौँला - देउसीरे

हे के के दिन्छन् हेरौँला - देउसीरे

हे जसले दिन्छ मुठी - देउसीरे

हे उसको सुनको गुठी - देउसीरे

हे जसले दिन्छ पाथी - देउसीरे

हे उसको सुनको छाती - देउसीरे

हे जसले दिन्छ मानु - देउसीरे

हे उसको सुनको छानु - देउसीरे

हे जसले दिन्छ मुरी - देउसीरे

हे उसको सुनको धुरी - देउसीरे

हे नाङ्लोमा चामल - देउसीरे

हे चामलमाथि पैसा - देउसीरे

हे दुनोमा अक्षता - देउसीरे

हे ल्याइन् बज्यैले - देउसीरे

हे एक घर होइन - देउसीरे

हे दुई घर होइन - देउसीरे

हे एक सय साठी - देउसीरे

हे डुल्नु नै पर्छ - देउसीरे

हे कात्तिकै दान - देउसीरे

हे दिनु बज्यै - देउसीरे

थालैमा अक्षता दक्षिणा

यो घरमा रहोस् है लच्छिन ।

लक्ष्मीको बास रहोस् सधैँ भर

उज्यालोले छाइरहोस् सधैँ घर ।

थालैमा अक्षता पाती

बिदावादी भएर जाम साथी ।                    *(स्रोत: देउसी/भैलो कार्यक्रम २०६३ थुम्की-६)*

### ३.३.३ **कर्मगीत**

प्रत्येक ऋतुमा नेपाली लोकजीवनको नाता कर्म वा श्रमसँग गाँसिएको हुन्छ । श्रमगीत ऋतुअनुसार हुने कामको प्रकृतिअनुसार गाइन्छ । घैया, मकै गोड्दा, धान रोप्दा, कोदोको झार फाल्दा, दाइँ या अन्य यस्तै काम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ । यस्ता गीतमा वैशाख, जेठे, असारे, साउने, भदौरे, दाइँ गीत आदि पर्दछन् । यस्ता गीतले शारीरिक थकान र आलस्य मेटाउन सहयोग पुऱ्याउँछन् । कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा प्रचलित केही कर्मगीतहरूको परिचय सहित यथास्थानमा निम्नानुसार चर्चा गरिएको  छ -

#### ३.३.३.१ **जेठे गीत**

जेठ महिनाको हपहपाउँदो गर्मी याममा गाइने कर्मगीतलाई जेठे गीत भन्ने गरिन्छ । [२५] जस्तै : घैया गोड्दा, यस्ता गीतहरू प्रायः गाइन्छन् । यस्ता गीत स्वल्प कथात्मकताको वर्णन हुने हुँदा लघुगाथाको आभास दिने खालका हुन्छन् ।

##### ३.३.३.१.१ **सङ्कलित जेठे गीत**

गोठै त नजाम भने सातै दिनका भोका

गोठै त जाम भने बाला एकलै

आजै र रातै सपनी देखेँ

बाबाको महिनी खामु ढकमक है

शिरको मयत्री भूमिमा राखी

ससुरा बाबालाई विनती है

---

[२५] कृष्णप्रसाद पराजुली, **पूर्ववत,** पृ. २०८

सवाईमा बस्ने ससुरा बाबा हाम्रा
गोपिचन्द्र बाबालाई हेरिदिए है
सवाईमा बस्दा अलमल हुनिछ
अर्काकी बालैको कुचुधन्दा नही
जेठै र मासको बत्तीस दिन
जेठै र मासको बत्तीस रात
शिरकी मयत्री भूमिमा राखी
जेठाजु बाबालाई बिनती है ।
गाईको गोठमा बसेका भाइ
उनैलाई गरन विनती है
आज र राती सपनी देखें
बाबाले मुकुट लाएका है
गाईका गोठमा बसेका स्वामी
स्वामीलाई विनती है
एकुमा माना तिलको तेल
गाइको दैली खोलन जाउन है
गाईमा हेर्ने गोठाले दाइ
हामरो बाबालाई देखेथ्यौ कि नाई
एकोहोरो शंखा बजाएका थे
यतिबेला घाटमा पुगे हुनन् है ।
\+ + + +
भोटे र बाहुन त्रिपासा खेले
भोटेले जितेर लग्यो बरिलै ।
कि त हारे बाबाले गैरी खेत
कि त हारे बाबाले सीता छोरीलाई
गैरी खेत हारेको छैन
खेल्दै खेलिन पासा बरिलै ।
दिदीलाई दियौ बाबा चौकी बस्ने पण्डितलाई
बहिनीलाई दियौ भोटे टोटेलाई
दिदीलाई दियौ बाबा जोर गाउरीको दाइजो

बैनीलाई त दियौ बाबा छुरी दाइजो
भिनाजु आउँनिछन् धोतीपाटा फेरेर
भोटे त आउला बाबा पाखी बेरेर ।

\+ + + +

जेठै र मासको धर्कदो घाम
एकलै गोड्छ्यौ जिरिया है ।
तिमरा ससुरा कहाँ गए नानी
एकलै गोड्छयौ जिरिया है ।
हामरा ससुरा सँगैमा बसदा
कैले मा आथे मेलैमा है
कहाँमा गइन् तिमरी सासू
के मा काम गर्छिन् है ?
खेतैमा बस्ने हामरी सासू
कैले मा आइछिन् थलैमा है
कहाँमा गए तिमरा जेठाजु
के मा काम गर्छन् नि है
सभामा बसने हामरा जेठाजु
कैले मा आथे मेलैमा है
कहाँ मा गइन् तिमरी जेठानी
के मा काम गर्छिन् नि है
भान्छामा बसने हामरी जेठानी
कैले मा आइथिन् मेलैमा है
घामले पोल्यो जीउनमा डढ्यो
आउन बसौं शीतलु
बाटैमा बस्ने बटुवा दाइ
के को न सोधन पऱ्यो नि है
दुवै वर्षकी बिरुवा छोडेथैं
छहारी रहनी भैछ्यौ है
पाँचै र वर्षकी विहे गरी छाडें
समरथ भैछन् नि है
उपिया परे नि खोपीमा
सधैंको परदेशी स्वामीलाई
कसरी चिनू नि है ।

*(स्रोतः छगमाया सुवेदी*
*थुम्की-८)*

### ३.३.३.२ असारे गीत

असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई असारे गीत भनिन्छ । [२६] असार शब्दमा 'ए' प्रत्यय लागेर असारे विशेषण शब्दसँग गीत समास भएर समस्त शब्द असारे गीत बनेको छ । कृषिप्रधान देश भएकाले र वर्षाको याम भएको हुँदा मुख्य खाद्य बाली धान रोप्ने कार्य यसै समयमा हुन्छ । असारे गीतमा असार महिनाको वातावरण, रोपाइँको चित्रण र सामाजिक सम्बन्धहरूको पृष्ठभूमिमा लोकमानसको अभिव्यक्ति हुन्छ । काठमाडौंमा प्रचलित असारमा गाइने गीतको लयलाई रसिया भनिन्छ । रोपाइँ गर्दा गाउने गीत भएकोले कतै असारेलाई रोपाइँ गीत पनि भनिन्छ । [२७] त्यसै त वर्षातको समयमा पानीको कलकल र छङछङको आवाज, खेतमा काम गर्दाको थकान मेटाउँन रोपाइँमा संलग्न हलिबाउसे र खेताली (रोपाहार) बीच जुहारी साथै एकल रूपमा असारे गीत मधुर स्वरलहरीमा प्रस्तुत हुँदा खेतका टारी र वेशीहरू गुञ्जायमान बन्न पुग्छन् । मानो खाएर मुरी उब्जाउने समयको रूपमा असार महिनालाई लिइन्छ । वर्षभरि खाने अन्नबाली उब्जाउनका लागि असार महिनामा कृषकहरूको अधिक समय हिलोमा नै बित्ने गर्दछ ।

असारे पन्ध्र कृषि जनजीवनमा ज्यादै महत्त्व राख्ने दिन हो । यस दिन रोपाइँमा दही चिउरा, सेलरोटी पकाएर खाने गरिन्छ । कसैको घरमा विहे भएको भए कसार राखेर यसै दिन खेतमा लगेर ख्वाउने चलन यस क्षेत्रमा पाइन्छ । सांस्कृतिक महत्त्वसमेत बोकेको हुनाले गोरुलाई टीका र प्रसाद ख्वाएर रोपाइँ प्रारम्भ गरिन्छ । असार पन्ध्रमा किसानहरू खाली बस्नु हुँदैन भन्ने धारणा राख्दछन् । कम्तिमा पनि यस दिन हिलो टेक्नु पर्छ भनेर खेत नहुने मानिसहरू पनि खेतमा पुग्छन् । रोपाइँमा हिलो छ्यापाछ्याप गर्दै हली, बाउसे र खेतालीहरू काम गरेको र पसिना बगेको पत्तै पाउँदैनन् ।

#### ३.३.३.२.१ सङ्कलित असारे गीत

बाटै र माथि बाटै र मुनि (बेल पाके गलगली)[२]
सङ्गी र साथी खेलेको याद आउँदछ झलझली
कलिलो जिउ हातमा बिउ याद आउँदछ झलझली

असारै मास कुटेका चिउरा (नही काटी चाँखुला)[२]
सौताको हात दुई कुड्की भात म कति बाचुँला
खोलीको माछो, सालघारी बाटो म कति बाँचुला

---

[२६-२७] चूडामणि बन्धु, **पूर्ववत**, पृ. १७६

तीनै सहर नेपालैमा (घनटै घनन)[२]
खोलीको शब्दी केही निधो पाइन लौ फेरि भनन
पटुकी फोइन, ढाटेकी होइन, लै फेरि भनन

छुपु र छुपु धानैमा रोपौँ (हातैमा बिउ छउन्जेल)[२]
भलै र खाम्ला भलै र लाम्ला, पाखुरी जिउ छउन्जेल
हो कि मा होइन हो भनी देऊ न, पाखुरी जिउ छउन्जेल

देउराली डाँडा उज्यालो भयो, (घाम लाग्यो घमाइलो)[२]
सङ्गीमा साथी नहुँदाखेरि लाग्दैन रमाइलो
पटुकी फोइन ढाटेकी होइन, लाग्दैन रमाइलो

असारै मासको चिजको वस्तु (हरिया खुर्सानी)[२]
हिँडेको दम्को, बोलेको रन्को कसरी बिर्सने
ख्याल होइन साँचो बेलौती काँचो कसरी बिर्सने

*(स्रोतः छगमाया सुवेदी, थुम्की-८)*

न भित्र खोक्रो न बाहिर बोक्रो गुलिया कसार
पूरवै ढोका उघारी हेर्दा लागेछ असार
गुलिया कसार
पूरवै ढोका .................... ॥

असारै मास दुधिला मकै साउनै खाने खीर
घरमा छैन शीतलु वचन मनमा छैन थिर
हो बरी लै लै ........ साउनै खाने खीर
घरमा छैन शीतलु वचन मनमा छैन थिर ।

कसरी छोरी के पऱ्यो नाम कसकी बुहारी
हातको पाँजो आलीमा राख आऊ खेलौँ जुहारी
कसकी बुहारी,
हातको पाँजो .................. ॥

छुपुमा छुपु धान है रोपौँ हातमा बिउ छउञ्जेल
माइतमा बसी खानु र लाउनु आमाको जीउ छउञ्जेल
हो हो तारे हो हो माले हातमा बिउ छउञ्जेल
माइतमा बसी ....................... ॥

रिमी र झिमी पानी है पऱ्यो, भँवरा डुल्ने याम
सम्पत्ति राख्ने ढिकुर्ची हुन्छ, मन राख्ने पाइन ठाम
हो कि मा होइन ? हो भनी देऊ न भँवरा डुल्ने याम
सम्पत्ति राख्ने ढिकुर्ची .................. ॥

सायबले खान्छ बिस्कुट रोटी बाबुले मीठो पान
सायबको छोरी बैँशले ढल्क्यो देऊ मलाई कन्यादान
ए. है ....... बाबुले मीठो पान
सायबको छोरी .................. ॥

वारि नि रोपाइँ पारि नि रोपाइँ, त्यो रोपाइँ जानु छ ।
पाँचमुठी मानाले दिएको खट्टे पेटभरि खानु छ ।
हो बरी लै लै त्यो रोपाइँ जानु छ
पाँचमुठी मानाले .................... ॥
असारै रोप्ने मूलपानी छोप्ने मङ्सिरै राख्ने दाइँ
रामकी सीता रावणले हऱ्यो भेट्याइद्यौ सीतालाई
ए .... है .... मङ्सिरै राख्ने दाइँ
रावणकी सीता ........................... ॥

असारै मासको दबदबे हिलो छि ! मलाई घिन लाग्यो
पातली मोरीलाई फरिया किन्दा छबीस रिन लाग्यो
हे है छि ! मलाई घिन लाग्यो
पातली मोरीलाई ......................... ॥

उर्लेर आयो अँधेरी खोला सकिन तर्नलाई
रोपने मेलो डम्केको होला बेला भो झर्नलाई
ए .. है सकिन तर्नलाई
रोपने मेलो ............................ ॥

कालो र बादल आकशैभरि सिमसिमे पानीले
अँधेरी खोला तारिमा देऊ न अगाडि जानीले
ए है सिमसिमे पानीले
अँधेरीखोला ........................... ॥

बाढी र पैह्रो बाटो छ हिलो, वेशीको मेला छ
सहारा दिने कोही पनि पाइन, दुःखको बेला त
ए है वेशीको मेला छ
साहरा दिने ............................. ॥

लेकको घर वेशीको खेत फाँटमा जानु छ
एकै र महिना लाएको खेती वर्ष दिन खानु छ
ए है फाँटैमा जानु छ ।
एकै र मैना ............................. ॥

असारमास भुटेको च्युरा साउनमा घुन लाए
घरमा जाँदा अप्ठेरी सासू मेलामा जून लाए ।
ए है साउनमा घुन लाए
घरमा जाँदा ........................ ॥

असार मासे मकैका डाँठ गाईभैसीलाई घाँस
घरमा मेरो जड्याहा लोग्ने माइतीको छैन आश
ए है गाई भैसीलाई घाँस
घरमा मेरो ............................ ॥

केटा र केटीबीचको दोहोरी :

हलिबाउसे - बिहानैदेखि मेलामा आयो फर्किने रातैमा
जाउँ हाम्रो घर खेताल्नी नानी, लैजान्छु साथैमा ।

खेताल्नी- मुखैमा रामराम, मनैमा छुरा दाइ तिम्रो भर छैन
माइतीमा गर्छ्यौ ढली र मली जानलाई कर छैन ।

हलिबाउसे - माइतीलाई भेट्न जाउली नि कान्छी पूर्णिमा औंसीमा
मायाका कुरा गरौंला कान्छी बसेर कौसीमा ।

खेताल्नी - गाईलाई बाँध्ने त्यो गोठ घर, बाख्रालाई खोर होला
मनपरी धेरै बोल्दामा दाजु मुखैमा कोर होला ।

हलिबाउसे - साथैमा जान्छु भन्थ्यौ नि कान्छी बिर्सेको हो र त ?
तिमीलाई तानी लगे नि कान्छी हुँदैन कोर त ।

खेताल्नी- बाबै र ज्यूको त्यो बगैंचामा फूल फूल्यो सिरिङ्गी
हलीलाई भयो आँठेको व्यथा बाउसेलाई भिरिङ्गी ।

हलिबाउसे - नलगी हामी छाड्दैनौँ कान्छी निकै कि तिमी छेऊ
जतिमा ट्याउँट्याउँ गरे नि कान्छी हाम्लाई हो तिम्रो जिउ ।

खेताल्नी - बाँदरकोजस्तो मुख भयो दाजु मुख पुछ दौराले
अति नै भयो जिस्क्यायौ भने हान्दिउँला लौराले ।

हलिबाउसे - निकैको हुन्छ यो सोह्र वर्षे केटीको खेला त
तानेर हाम्ले नलगी जान्नौँ सकियोस् मेला त ।

खेताल्नी - बिउमा काढी बियाडे दिदी कुनैमा थुपार
हली र बाउसे मरी पो हाले अब त टूँ पार ।

हलिबाउसे - हलको गोरु घाइतेमा भयो डिलबाट खसेर
लोग्नेमा मरे रुनुमा पर्ला आलीमा बसेर ।

खेताल्नी - त्यो तीनै सहर बजारैमा मूलघण्टा घनन
हलीको टाउको चिलले लग्यो हा हा भन न ।

हलिबाउसे - तिमीलाई नलै छाड्दैनौँ हामी निकै कि बेताल्नी
चर्चरे नानीको उडायो गुनिउ छोपिदेऊ खेताल्नी ।

खेताल्नी - खेतको कुना पानीको मूल, मूलैमा गँगटी
हली र बाउसे नाङ्गै पो रैछन् खसेर लगौँटी ।

*(स्रोतः रोपाइँ महोत्सव २०६३, वेगनासताल)*

### ३.३.३.३ दाइँ गीत

धान काटेर खलामा फिँजारी गोरुले धान दाउने बेलामा गाइने गीतलाई दाइँ गीत भनिन्छ । [२८] कार्तिक मङ्सिरतिर धान काटेपछि सुकाएर कुन्यु लगाइन्छ । गोबरले लिपेको खलामा मियो गाडेर धान चुटेको पराल माड्न र बाँकी धान झार्न मियोको मालदाम्लामा लहरै गोरु बाधिन्छ । गोरुलाई धपाउँदै दँयरेले गाउने गीत नै दाइँ गीत हो । धर्मराज थापाले 'मेरो नेपाल भ्रमण' कृतिमा कास्कीको पूर्वोत्तर भागको ठुलावेसीमा प्रचलित दाइँगीत परिचयका साथ संलग्न गरेका छन् । मङ्सिर महिनामा फाँटमा दाइँ हाल्दा उहिल्यैदेखि राम र सीतालेसमेत अन्नपूर्णको खले गरामा दाइँ हाल्थे र शिवको वृषबाहन खलाको मियोमा घुम्थे रे भन्ने किम्बदन्ती सुनिन्छ । त्यसैले अहिलेसम्म पनि अन्नपूर्णको ढिस्को हिउँले चुलिँदा सह बढ्छ भन्ने विश्वास किसानहरूमा पाइन्छ । किसानहरू आफ्नो कुन्युको धानको रासलाई पूर्व फर्काउने र सो रासमा उत्तर मुख पारेर हँसिया गाडेपछि अन्नपूर्णको सिमलचरीलाई बोलाउने, पातीलाई घिउमा मुछेर धूप हाल्ने, रास वरिपरि खरानीको छेको हाल्ने अनि हिमालतिर फर्केर हात जोड्ने गर्दछन् । यसो गर्दा भूत प्रेतले सह खोस्न सक्दैन भन्ने धारणा कृषकहरूमा रहेको छ । [२९]

---

[२८] चूडामणि बन्धु, **पूर्ववत,** पृ. १७७

[२९] धर्मराज थापा, **मेरो नेपाल भ्रमण,** (काठमाडौँः साझा प्रकाशन, २०१६) पृ. २५२-२५३

दाइँ गीतको सम्बन्ध सिमलचरीको कथासँग पनि जोडिएको छ । किसानहरू सह बढाउने चरी सिमलचरी हो भन्ने विश्वास गर्दछन् । एउटा किसानको खलामा धानको रास थियो । किसानले जति बोक्दा पनि धान नसकिएपछि दिक्क भएर धानमा आगो लगाउँदा धानभित्र रहेको सिमलचरी आगोले पिल्सिएर प्वाँख डढ्दा गरामा बुङ्गै लडी । अरू चराचुरुङ्गीले देखेपछि तिनीहरूसँग सिमलचरीले प्वाँख सापटी मागी र आफ्नो जिउमा जोडेर उडी तर पछि सिमलचरीको जिउमा प्वाँख उम्रिएनन् । त्यसो हुँदा अरू चराचुरुङ्गीले मागेर भुत्ल्याउलान् भन्ने डरले सबै सुतेको बेलामा गोल सिमल भन्दै कराउन थाली । यता किसानले सिमलचरीलाई पोलेको घटना अन्य किसानहरूले थाहा पाए । त्यसै दिनदेखि पछुतोमा परेको किसानले धानका बिटा थुपारेर सिमलचरीको सम्झनामा धूपदीप गर्दै खोलाका दर्शनढुङ्गा र नैवेद्यलाई मिसलचरीको प्रतीक बनाएर दाइँ हाल्ने दिनसम्म स्थापित गर्ने चलन चलेको भन्ने विश्वास छ । दाइँ हाल्ने दिन दँयरेहरूले पनि नदेख्ने गरी किसानहरूले सिमलचरीको प्रतीकलाई धानको रासभित्र घुसार्ने चलन छ ।

दाइँ गीत गाउने क्रममा गोरु धपाउनेले सह डाक्ने, गोरुको कार्य प्रशंसा गर्ने मात्र होइन, दँयरेहरूले घरकी गृहणी र गोरु धपाउनेलाई समेत छेड हान्ने गर्दछन् ।

३.३.३.३.१ **सङ्कलित दाइँ गीत**

हाम्रो बरातुको गलाभरि दाम्ला
के गरेर छुट्टयाउँछौ हो धान परालको मामला ।

मेरो बरातुका लामा लामा कान
ल्याऊ मेरा बरातु हो खलाभरि धान ।

मियाको गोरुले मियो हल्लायो
पाटीको गोरुले फन्को पुऱ्यायो ।

माली गाईको छोरो बरातु हो पुतलीको नाति
हिड्न थाले बरातु हो धान परालमाथि
माड भाइ हो माड ।

असी मुरी झरुवा त बाह्रबीसा रास
खान लाए बरातु हो बडाबडा गास
ह ... ह .... ह ..... ह..... ह
मियाको टुप्पोमा बसिहाल्यो कोइली
दाइँ हाल्ने दयेरालाई घिउको चोइली ।

मियाको टुप्पामा बसिहाल्यो काग
गोरु धपाउने केटालाई मुलाको साग ।

एउटा गोरु झालेमाले अर्को गोरु तीखे
यो घरकी बुढीले तिहुन चाखे ।

मियाको टुप्पामा परालको त्यान्द्रो
गोरु धपाउनेलाई मुसाको आन्द्रो ।

(स्रोतः विनोद ढुङ्गाना, थुम्की-६)

### ३.३.४ बाह्रमासे गीत

जुन लोकगीत जहिलेसुकै गाउन सकिन्छ, त्यसलाई बाह्रमासे लोकगीत भनिन्छ । [३०] धर्मराज थापा र हंसपुरे सुवेदीले यो गीतलाई सामान्य गीतमा राखेका छन् । गीत गाउनको लागि कुनै खास पर्व, ऋतु, वा संस्कारको अवसर पर्खनु नपर्ने बाह्रै महिना मनोरञ्जनका लागि गाइने गीत नै सामान्य गीत वा बाह्रमासे गीत हुन् ।

बाह्रमासे गीत बाह्रमासाभन्दा फरक हुन्छन् । बाह्रमासामा बाह्र महिनाको मात्र वर्णन हुन्छ भने् बाह्रमासेमा त्यस्तो हुँदैन । बाह्रमासे गीतको क्षेत्र निकै ठूलो छ । यसले विभिन्न भाका र लयहरूलाई समेटेको छ । तीमध्ये पनि झ्याउरे गीत वा भाकालाई त कसैले बाह्रमासेकै पर्यायकै रूपमा लिन्छन् । बाह्रमासे गीतअन्तर्गत झ्याउरे, घाँसे, चुड्का, रोइला, ख्याली, संगिनी, गोठाले, सालैजो, सेलो, तुङ्ना आदि प्रचलित भाकाहरू हुन् ।

#### ३.३.४.१ सङ्कलित बाह्रमासे गीतहरू :

स्थायी - ढल्यो लाकुरी, जालैमा बसेर नरोऊ माकुरी
अन्तरा - मायासँग दुई दिन भेट नहुँदा
डाँडाकाँडा रसाए म रुँदा
ढल्यो लाकुरी ......

माया तिमी काँ पुग्यौ कुन्नि
यति साह्रो बोलाउँदा नसुन्नी
ढल्यो लाकुरी .....
गाउँघरमा हल्ली र खल्ली
पाऱ्यौ माया जीवनमा विचल्ली
ढल्यो लाकुरी .........

---

[३०] गोविन्द आचार्य, **पूर्ववत**, पृ. ५४

नजाऊ माया लाहुरे हुनलाई
रेलको झ्यालमा बसेर रुनलाई
ढल्यो लाकुरी .................... ॥

स्थायी - पानी चिरुवा, मायाले सारेको फूलको बिरुवा
जाम बाटो काशीको
घर र दुवार मै सुकुम्बासीको
पानी चिरुवा ................ ॥

रातो माटो सिन्दुरको साटो
झल्को लाग्छ नहिँड यो बाटो
पानी चिरुवा ................. ॥

यो मायाले दिएन भर पनि
व्यर्थै मैले बिगारेँ घर पनि
पानी चिरुवा .............. ॥

भाका - टिपन बरिलै फूलको थालीमा
मखमली फूल फुल्यो फूलबारीमै रह्यो
टिपन बरिलै सुनको थालीमा ।
सयपत्री फूल फुल्यो फूलबारीमै रह्यो
टिपन बरिलै सुनको थालीमा ।
बावरीको फूल फुल्यो फूलबारीमै रह्यो
टिपन बरिलै सुनको थालीमा ।

चमेलीको फूल फुल्यो फूलबारीमै रह्यो
टिपन बरिलै फूलको थालीमा ।

भाका - वरको डालीमा, घरवार जोडौँ कि यसैपालिमा
केटा : कस्की छोरी कस्की हौ बुहारी
आऊ न वर खेलौँला जुहारी
वरको डालीमा ............ ॥

केटी : बाउकी छोरी के खेल्नु जुहारी
हैन म त कसैकी बुहारी
वरको डालीमा ................ ॥

केटा : लाउन माया कैँ माया लाछैन
मेरो पनि बिहे त भाछैन
वरको डालीमा ................ ॥

केटी : यो त कस्तो माछाको जाल
घरकी छाडी भो हत्ते नहाल
वरको डालीमा ................. ॥

केटा : खान्छु कसम कुमारै छु नि म
हाँसी खेली बिताउँला जीवन
वरको डालीमा ................ ॥

केटी : चौतारीमा वरपीपल सारेर
छोड्छौ कि त अलपत्र पारेर
वरको डालीमा ................ ॥

भाका : निरै निरले, कलिलो ज्यान सुक्यो पिरै पिरले
मेरो माया काँ होला कुन्नि
यति साह्रो बोलाउँदा नसुन्नी
निरै निरले .................... ॥

सिमसिमे पानीको बुँदा
चोली भिज्यो आँसुले म रुँदा
निरै निरले .................. ॥

हितकारी मायाको तिर्सना
कसै गरी सकिन बिर्सन
निरै निरले ................... ॥

माछी काँ छ खोलीको लेउमा
माया काँ छ कलेजी छेउमा
निरै निरले ..................... ॥

कालो कपाल रातो छ रिवन

कसो गरी बिताऊँ म जीवन
निरै निरले .................... ॥
सर्स्यू तोरी कोलमा पेलन
पाइन मैले हाँसेर बोलन
निरै निरले .................... ॥
सबको देख्छु परेवा जोडी
मेरोमात्र एकलो बेजोडी
निरै निरले ................... ॥

झ्याउरे

फूल फूल्यो क्या मिठो बासन
दिल खोली मुसुक्क हाँस न ।
निरमायाको मोहोनी बोलीले
उड्दो चरी खसाल्यो गोलीले ।
यो मायाले के गर्‍यो गर्‍यो
सानो माया लाउनलाई भूल गर्‍यो ।
काँ गएर के हुनी छ र
बस माया जोवनै धानेर ।
आफ्नो कर्म आफैले चिन
अर्काको लैलैमा नहिँड ।
मेरो माया छ भने खोल
अरिकालाई नपार अन्योल ।
मेरो घर डुम्रीकोट मुनि
तिम्रो माया छ किन नहुनी ।
यो मायाले काटेको पानसुकी
राखे चोला मै मरी जान्छु कि ।
बाचुञ्जेल तेरो र मेरो
मरेपछि ढुङ्गैको चौघेरो ।
संगीसाथी हिना र विना
मैलाई मात्रै लाग्यो कि कुदिन ।
पर्‍यो मेरो कलेजी चिरा

लाग्यो मेरो मायामा धमिरा ।
मेरो माया छोडेर गयो
अब एक्लै बाँचेर के भयो ?

भाका : डोरीको तीन फुँदा .........
मायाले छाडेर गयो
ढुङ्गाजस्तो गरुङ्गो मन भयो
डोरीको तीन फुँदा
शून्य भयो डाँडैको चौतारी
निरकमल म रुँदा ।

यो बेलैमा रोइरन पऱ्यो
सोह्र वर्षे जोवनले के गऱ्यो
डोरीको तीन फुँदा .......... ॥

यो मनमा पऱ्यो पिर पर्न त
पिर परे नि सकिन मर्न त ।
डोरीको तीन फुँदा .......... ॥

मलाई सधैँ यही दुःख होला कि
कुनै दिनमा सुदिनले छोला कि ।
डोरीको तीन फुँदा .......... ॥

वन खाएझैँ आगोले खायो मन
मेरो माया नगर सानो मन ।
डोरीको तीन फुँदा .......... ॥

आरु फुल्यो सरुमै रानी
वर्षा लाग्यो म रुँदै काँ जानी ।
डोरीको तीन फुँदा .......... ॥

सालको पात टिपेर दुना
धोका थियो तिमीसाँ भेट हुन ।
डोरीको तीन फुँदा .......... ॥

पटुकी कम्मरमै कसेर

गयो जुनी रोएरै बसेर ।
डोरीको तीन फुँदा .......... ॥

मेरो घर थुम्कीको सिर्कोतान
दुई दिनको जीवनको के ठेगान ।
डोरीको तीन फुँदा .......... ॥

आफूलाई झैँ लाग्दैन आफ्नै घर
दुःख पर्दा साथ दिने छैन भर ।
डोरीको तीन फुँदा .......... ॥

सुकी गयो अक्षता थाली
न त टेक्ने न समाउने छ डाली ।
डोरीको तीन फुँदा .......... ॥

पाइन सुख जीवन भरिमा
भावीले नि के लेख्यो करिम ।
डोरीको तीन फुँदा .......... ॥

विपनीमा छुटेनी साथ
सपनीमा भेटौँला अब त
डोरीको तीन फुँदा .......... ॥

माया राख्नु पछेउरी छेउछेउमा
बाचुञ्जेल गर्नु है सम्झना ।
डोरीको तीन फुँदा .......... ॥

भाका : एक्लो पीपल एक्लै छ वर ....

केटी : उकालीमा टेक्ने लौरी समाउनीमा बाङ्गो
न छ मेरो टेक्ने लौरी न समाउने हाँगो
एक्लो पीपल एक्लै छ वर
साथ दिने दुःखीको को छ र ?

केटा : उकालीको चौतारोमा पानी खानी धारा
दिन्छ्यौ भने मै थापुला पिरतीको भार
एक्लो पीपल .......

केटी : गाई बस्ने गाईगोठ माछा बस्ने कुर

रूख चढाई फेद ढाल्ने छ कि तिम्रो सुर
एक्लो पीपल ........

केटा : एक्लै डुल्छु एक्लै काफल खान्छु
विश्वास भए तिम्रो पीर आफ्नै भनी ठान्छु
एक्लो पीपल ........

केटी : नचिनेको नजानेको गण्डकीको तीर
धन भए सबले हेर्ने कसले लान्छ पीर
एक्लो पीपल .....

केटा : आकाशका जून तारा हातले छेकिँदैन
अरूजस्तो धर्मछाडा बानी मेरो छैन
एक्लो पीपल .....

केटी : लेकै फूल्यो लालीगुराँस आली फूल्यो प्याउली
सबको मनमा धर्म भए किन रुन्थ्यो न्याउली
एक्लो पीपल .............

केटा : विश्वासैमा अडेको यो दुनिया सारा
दिनमा आउँछ घामको ज्योति राति जूनतारा
एक्लो पीपल .............

केटी : कसले सुन्छ, कसले बुझ्छ दुनियाँका कुरा ?
देखाई हिड्छन् गुलाफ थुङ्गा घसी हिड्छन् छुरा
एक्लो पीपल .............

केटा : दिनरात एकै देख्ने मानिसको मति
छामी हेर मुटुभित्र तिम्रो माया कति
एक्लो पीपल .............

केटी : वनको आगो सबले देख्छन् देख्ने छैनन् मनको
मायाप्रीति तोडी खोजी गर्छन् कोही भने धनको
एक्लो पीपल .............

केटा : चोखो माया प्रीति चोखै छ यो मन
माया पनि टिक्दैन नि नभैकन धन
एक्लो पीपल .............

केटी : दुई दिने चोला माया हुन्छ मनमा

चोखो माया पीरतिलाई नजोखौँ है धनमा
एक्लो पीपल ............

भाकाः चढेर रेलमा ...........
दशैँ आउँला भन्थेँ आमा चढेर रेलमा
एकमुठी पानी पाइन मर्ने बेलामा ।
दशैँ मान्न आउँदा हुन गाउँका दाजुभाइ
छोरो भयो परलोक भन्देऊ आमालाई ।
प्यारी मेरी श्रीमतीको कलिलो उमेर
रुँदै छौ कि गाउँलेकै कुरा सुनेर ।
गुण सम्झेर नबस्नु अन्त लानु ध्यान
विरानो यो मुलुकैमा गयो मेरो ज्यान ।

भाकाः सलल पानी डुङ्गैमा....
दिन यो रात केलाई पानी
रुन्न भन्दा झन आँसु झरनी
सलल पानी डुङ्गैमा
मेरो दिल बस्यो फूलको थुङ्गैमा ।

भाकाः छम छम नाँचिदेऊ निहुरेर
हातमा रुमाल कानमा फूल सिउरेर
मेरो माया काँ होला कुन्नि
यति साह्रो बोलाउँदा नसुन्नी
छम छम नाँचिदेऊ ......... ॥

नरोए अँधेरी वनमा
उज्यालो होला नि जीवनमा
छम छम नाँचिदेऊ ......... ॥

माया तिम्रो सम्झना हुँनाले
मलाई कैल्यै छोडेन रुनाले ।
छम छम नाँचिदेऊ ......... ॥

माया तिम्रो सम्झना अति भो
सम्झनाले बिग्रने मति भो

छम छम नाँचिदेऊ ......... ॥

राम बोल्यो मैनाले
दमौलीमा पुल हाल्यो चैनाले
छम छम नाँचिदेऊ ......... ॥
के भनेर के भयो कल्लाई
भारी पीर परेको यो मनलाई
छम छम नाचिदेऊ ......... ॥

गुनको पैँचो तिरियो गुनैले
दीन लाउँदा नि हेरेन कुनैले ।
छम छम नाँचिदेऊ ......... ॥

भाकाः हेर त पियारी के केटो कस्तो छ ?
कम्मरमा खुकुरी नेपालीजस्तो छ ।

*(स्रोत : छगमाया सुबेदी, थुक्की-८, सुनमाया बि.क.,*
*टीकामाया नेपाली, सुकमाया बि.क.,*
*राजकुमार नेपाली, दीपक उदास*
*र इन्द्रबहादुर घतान, थुम्की-७)*

ठाडो भाका (करपुटारे भाका)

हा ... हो ... मया
माछाको डर खुत्रुकेमा बसी हेरुँला कसोरी
भन्छ र हो मेरो मयाँ जाल हेरुँला कसोरी
हातमा लाउने रयाँ, सुन्नुहोला मयाँ
दाम पैसालाई गन्दा, हजुरलाई भन्दा
आको म त नचरी
भन्छ र हो माया जाल आको म त नचरी ।

हा .... हो .... मयाँ
एउटा गाउँमा पऱ्यो दुइटा जिम्माल
कस्लाई बुझाऊँ रसिद

हा ... हो .... मया कस्लाई बुझ्भाऊँ रसिद
कुखुराले चामल खायो, धानै काटी कुटी ल्यायो
हिजो मैले नजान्दामा आज दुःख पायो
कम्पनीको चोला जे भए नि होला
लाम मयाँ मसित ।

हा .. हो .... मयाँ
कर्पुटारको बजारमा ठेलो जित्यो
ठुलाश्वाँराको दुराले
नमच्चिने पिङको, धेरै हुन्छ बैन
हाम्रो बाउँको सम्पत्तिमा मैले, धेरै गर्‍यो चैन
मादलुको तनी, साँच्चै भन्छु म नि
लाको मया परपर सर्‍यो
गाम घरको कुराले ।

हा... हो .....
साउने मासको सिमसिमे पानी
ओडा ओडम ख्याखु त
जो कोदाली खन्नी, उल्लाई सानो भन्नी
लुगा लाउने कोरा, गरिबको छोरा
ठूलो हुने आफू त ।  *(स्रोतः रगवीर गुरुङ, थुम्की-७)*

ठाडो दोहोरी

केटा : सानो मा सानो कागतीको दाना
खाने भए निचार
हो. ...... खाने भए निचार
हा .. घर मेरो कुन्छा माया लाउँछु भन्छ
फूल लालुपाते, आको ताततेतात
फलाम खायो खैले, भनिराँछु मैले
माया लाउनी नलाउनी, के छ त नि विचार
हो ...... के छ त नि विचार ।

केटी : काटी ल्याई तामा, मेरी प्यारी आमा
पकाउनलाई अचार

हो ..... पकाउनलाई अचार
हा .... घर मेरो सिम्ले, के भनेको तिम्ले
धेरै वर्ष भाको, पटक पटक धाको
अब तिम्रै भर छ, समाजको डर छ
हित्तचित्त मिलाई केलाई गर्नु ढिलाई
यही हो मेरो विचार ।
हो ... यही हो मेरो विचार *(स्रोतः रगवीर गुरुङ र साथीहरु, थुम्की-७)*

### ३.३.५ धार्मिक गीतहरू

नेपाली लोकजीवनमा धर्मको गहिरो प्रभाव रहेको छ । हिमाली खण्डमा अवस्थित नेपाल देवभूमिका रूपमा परिचित छ । जहाँ एकातिर शैव शक्तिप्रति आस्था राख्ने मानिसहरू छन् भने अर्कोतिर बुद्धत्वका ज्ञान गरिमालाई आत्मसात गर्दछन् । भगवान्‌का रूपमा राम, कृष्ण, लगायत अन्य देवदेवीप्रति भक्तिभाव दर्साउँदै तिनीहरूको गुणगान विभिन्न धार्मिक अवसरमा गाइन्छ । यस्तै दैनिक पूजा र विशेष पर्वहरू एकादशी, शिवरात्री, स्वस्थानी पूजा, सत्यनारायण पूजा आदिमा गाइने गीतहरू नै धार्मिक गीतहरू हुन् । धार्मिक गीतमा भेलाउलो, धमारी, आरति, भजन, चुड्का, पडेलीहरू पर्दछन् ।[३१] कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित त्यस्ता धार्मिक गीतहरूको परिचय र सङ्कलित गीतहरू तल प्रस्तुत गरिएको छ-

#### ३.३.५.१ भजन

भजनको अभिप्रायः पूजाआजा वा आराधनाको क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाउनु हो । [३२] विशेष गरी धार्मिक पर्व एवम् देवी देवताका पूजा साथै कतिपय संस्कार कार्य गर्दा पनि खैजरी मुजुरा आदिका साथमा एकोहोरी वा दोहोरी रूपमा भजन गाउने चलन पाइन्छ । भजनलाई कीर्तनको पर्यायवाची शब्दका रूपमा लिइन्छ । कीर्तनको अर्थ हुन्छ देवी देवताको कीर्तिको गायन गर्नु । भजन कीर्तन गर्दा देवी देवताले बास गर्ने, आँटे ताकेको पुग्ने जनविश्वास रहेको पाइन्छ । अवतार वा चमत्कारप्रतिको सहज हार्दिक पूजा, आराधना वा स्त्रोत्र नै भजन हो ।

मन्दिरका नजिक बसेर घरका आगन पिँढी र भित्रै पनि गुन्द्री, काम्लो ओछ्याएर भजन गायकले भजनका टुक्का निकाल्छन् भने अन्य भजन गाउँनेले साथ दिँदै हो हो मिलाएर गाउँछन् । भजनकै समयमा नाचेमा धर्म हुन्छ भन्ने विश्वासले गर्दा धार्मिक कार्य गर्ने र अन्य पनि भजनमा रमाई-रमाई नाच्ने गर्दछन् । लयका आधारमा भजनलाई विभिन्न रूपमा वर्गीकरण गर्न सकिन्छ ।

---

[३१-३२] चूडामणि बन्धु, **पूर्ववत,** पृ. १५० ।

### ३.३.५.१.१ **आरति**

मन्दिरहरूमा नित्यकर्मका रूपमा वा घरमा पूजा लगाएका बेलामा पूजा गर्दा आरतिमा गाइने गीतलाई आरति भनिन्छ । [३३] आरति एक समूह गीत हो ।

#### ३.३.५.१.१.१ **सङ्कलित आरति**

पहिलोमा आरति राम राम राम पुष्पकी माला
कालीनाग गाँथा ल्यायौ नृत्यकी माला
आरतिकी जय राजा रामचन्द्रकी जय

दोसरी आरति राम राम राम दश दिशा पूजा
कंस सुरखण्डन नपार न धूजा
आरतिकी जय ........

तेसरी आरति राम राम राम त्रिभुवन मोहे
राधा रुकविन दुनु भाइ सोभे
आरतिकी जय ......

चौथोमा आरती राम राम राम समिदा बाते
बजाउँला शंख घण्टी चढाउनु फूल पाती
आरतिकी जय .......

पञ्चैमा आरति राम राम राम मङ्गलु गावे
राधा रुकुविन चामरु डोलावे
आरतिकी जय ......

षष्टीमा आरति राम राम राम खडुरस खावे
राम ज्यूका गुणगान भक्तजनले गावे
आरतिकी जय ..........

सप्तमीमा आरति राम राम राम कपुरकी वाती
बजाउ प्रभु शंखघण्ट चढाउ फूलपाती
आरतिकी जय ..........

अष्टैमा आरति राम राम राम अष्टपाति दाता
धन्य देवी कैकेयीलाई सुमित्रादेवी माता
आरतिकी जय ......

---

[३३] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. २३२

नवैमा आरति राम राम राम नवनीति गंगा
हामु कामु सबै तप छुटाउनी गंगा
आरतिकी जय .........

दशैमा आरति राम राम राम दशरथ पिता
लङ्का जिते रामले घरै ल्याए सीता
आरतिकी जय .........

*(स्रोत: रामप्रसाद बाँस्तोला*
*ले.न.पा.-१३)*

### ३.३.५.१.२ **चुड्का**

चुड्किलो पाराले गाइने हुनाले यसलाई चुड्का भनिन्छ । चुड्का बाह्रमासे गीतमा पर्ने एक भाका हो । विषयको विविधता, स्वरमा अनेकता, गायनमा द्रुतता यसका लक्षण हुन् ।[३४] चुड्का गीतमा भगवान्का अतिरिक्त जीवनका दुःख, सुख, माया, पिरतिका कुरा गाँसिएर अभिव्यक्त भएको पाइन्छ । चुड्का गीतको पहिलो चरण  ६ अक्षर र दोस्रो चरण ७ अक्षरको हुन्छ ।

### ३.३.५.१.२.१ **सङ्कलित चुड्का गीत**

मोहनी कल्लाई लाम मैले
राधा जोवन खोलीको ।

वृन्दावन जङ्गलमा
सीतालाई राम लिनको ।

कल्ले तान्यो पारि
वारि थियौ राधिका ।

रामलाई अघि लाम्ला
रामको पछि म जाम्ला ।

सीतालाई छाडेर
नजाऊ राम वनैमा ।

---

[३४] कृष्णप्रसाद पराजुली, **पूर्ववत**, पृ. २३२

धर्म करतालाई

फूल टिपेर मन्दिरलाई ।

चढाऊ भगवान्लाई

धूप दीप नेवेत ।

रामको पैतालामा

कमल फूल लेखेको ।

\+ \+ \+ \+

जानी काहाँ होला[२]

उनै रामलाई था’होला

जानी काहाँ होला ।

उधैँ सलल[२]

गङ्गाजल निर्मल

उधैँ सलल ।

नबोलेरै हो कि[२]

बोले माया लाउथ्यो कि

नबोलेरै हो कि ।

खालि घर बसी[२]

सम्भी सम्भी रुम कति

खालि घर बसी ।

भन्न हुँदैन र [२]

लाउथेँ माया लाउन त

भन्न हुँदैन र ।

रातो लालुपाते[२]

सेतो फूल गुलाब

रातो लालुपाते ।

धोका पिरतीको[२]

छैन माया भरको

धोका पिरतीको ।

गरौ चिनजानी[२]
तिम्रो मनमा छ भनी
गरौँ चिनजानी ।

*(स्रोतः श्रीप्रसाद सुवेदी*
*थुम्की-६)*

### ३.३.५.१.३ रोइला

खैजरी र मुजुराको तालमा गाइने चुड्का गीतमा दुई फाँकीमात्र हुन्छन् भने त्यसैमा ७ अक्षरको एक फाँकी थपेपछि रोइलाको रूप लिन्छ । रोइलाको उद्गम स्थलका रूपमा गुल्मीलाई लिइन्छ भने यसले आँधीखोलामा आएर झ्याङ्गिएको वा विकसित रूप प्राप्त गरेको हुँदा यसलाई आधीखोले गीत पनि भन्ने गरिन्छ । रोइलाका तीन चरणमध्ये पहिलोले आधारभूमि, दोस्रोले विषयवस्तु र तेस्रोले गीतलाई पूर्णता दिने काम गर्दछ । रोइला गीत दोहरीका रूपमा पनि गाइन्छ । यो गीतले बढी मात्रामा शृङ्गारिक भाव बोकेको हुन्छ ।

#### ३.३.५.१.३.१ सङ्कलित रोइला गीत

नानी बेसारेको
झम्के रैछ बुलाँकी
नबोलेरै टोलाऊँ कि ।

यसै गरी गरी
बिताउनलाई जिन्दगी
करिमले दिन्न कि ।

धोका थियो मलाई
भीरमा पर्खाल चिन्नको
मायासितै हिड्नको ।

यो मायाको बोली
सुन्न मलाई धोको छ
सम्झी यो मन रोको छ ।

बोली पियारा

माया लाए बोल्नी हो
मनको कुरा खोल्नी हो ।

भेट कैले होला
जूनको र घामको
सीताको र रामको ।

कता पऱ्यो बम्बई
कता पऱ्यो जापान
देख्छु तिम्रै सपना ।

यो दाइ बेसारेले
घर हुन नि दिएन
जोवन पनि लिएन ।

के को माया लाउथ्यौ
तिमी चामल पिठा झैँ
म त रानी गिठा झैँ ।

माली गाईको दूध
नखाई नखाई सेलायो
नजानेसी के लायो ।

ढाका टोपी धुने
दुई खोलीको पानीले
ज्यान दिन्छ्यौ कि नानीले ।

कस्ले बोलायो र
आउँछौ खोली तरेर
बोल्छौ लरी परेर ।

ढाका टोपी मैलो
धुने बैनी घर गई
के रमाइलो छ र खै ?

मलाई लानी भए
सुनका बाला खदुवा
जोर भैसी बँदुवा ।

हिँड हाम्रो घर
दुई तलेमा बसौली
चमेली तेल घसौली ।

दाइको दैलामुनि
एउटा गह्रो बारी छ
सोह्र सय जारी छ ।

सोह्र सय जारी
तिर्छु बाकस उघारी
नगर फिक्री पियारी ।

घरमा बसी भएन
जाऊँ कि अब सहर
माया लाउने रहर ।

काँ हो नानी घर
काँ हो माइती मावली
को छ नानी दामली ।

तिम्रै सम्झनाले
तीन दिन भयो खा'छैन
ज्यान सुकेको था'छैन ।

म त डाँडा काँडा
बैनी तल खोलीमा
बोलाउँदा नि बोलिन ।

ऐले सालको खडेरी
सुक्यो बोडी सिमी त
बिमानी रैछ्यौ बैनी त ।

यो मायालाई भन्दा
रातको निन्द्रा दिनको भोक
छैन मलाई अरू थोक ।

पानी पँधेराको
दाउरा घाँस वनको
माया रैछ मनको ।

बिर्सी नसकिनी
झनझन माया थपिनी
के जन्मियौ पापिनी ।

गयो लाली जोवन
बैंस दिनमा पाइएन
अब माया लाइएन ।

माया बिरसिलो
लाऊँ कि माया रसिलो
सधैँभरि हँसिलो ।

अलि यता सर
त्यता चिसो भुइँ भयो
नचिनेको झैँ भयो ।

बोल बोल माया
बोली त्यसै मर्दैन
पैसा तिर्नु पर्दैन ।

बस गुँदरीमा

धुलो मैलो सर्दैन
पीर मान्नु पर्दैन ।

गाई भैसीलाई घाँस
खनिउको झोपो छ
माया लाउने धोको छ ।

निधो पाइनँ मैले
आँसु हो कि पानी हो
बस्नी हो कि जानी हो ।

बाटैमा छ घर
आउँदा जाँदा पसे है
गुन्द्री तानी बसे है ।

दोधारैमा परेँ
फाल्नी हो कि खानी हो
आमा हो कि नानी हो ।

दोहोरी रोइला

पुरुष : आजै भा'को भेट
पानसुपारी ल्याइएन
बोलाउन नि पाइएन ।

महिला : चाहिँदैन मलाई
तिम्रो पान सुपारी
आफै राख थुपारी ।

पुरुष : उमेर ढल्किएसी
गाह्रो पर्ने दिन जान
गरौँ कि त चिनजान ।

महिला : म त सिर्कुतानकी
रूपाकोटको दाइ पऱ्यो

नचिनेको झैं गऱ्यो ।

पुरुष :   भेट भो अँधेरीमा

अलमल्ल परेको

आफ्नै माया झरेको ।

महिला : बोल बोल माया

भोलि छैन केही भर

के छन् नौला खबर ।

पुरुष :   आज भैसी भोकै

कुटमेराका काइनाले

बोलाउँ के का साइनाले ।

महिला : रै'छौ गालपारा

माया भनी भुलाउनी

अन्तै मन डुलाउनी ।

पुरुष :   ढुङ्गै रै'छ मन

पहाड भए रसाउँथ्यो

फूल भए बसाउँथ्यो ।

महिला : नौनीजस्तो मन

ढुङ्गाजस्तो साह्रो भो

भेट हुन नि गाह्रो भो ।

पुरुष :   हुने थियो भेट

बेशी मकै छरे त

आउँदै जाँदै गरे त ।

महिला : म त त्यसै टाढाको

बाघजस्तो दाइ पऱ्यो

झन् टाढाको पाइ पऱ्यो ।

पुरुष :   तिम्रै पिरलोले

ज्यान सुकेर लौरीझैं

घुम्छु फूलमा मौरीभैँ ।

महिला : म पनि त रुन्छु

तिम्रै पिरले न्याउलीभैँ

ज्यान सुकेर लौरीभैँ ।

*(स्रोतः श्रीप्रसाद सुवेदी, टीकामाया नेपाली र साथीहरू, थुम्की)*

### ३.३.५.१.४ झ्याउरे भजन

झ्याउरे लयमा गाउने भजन झ्याउरे भजन हो । यस्ता भजनहरूमा मुख्यत धार्मिक भावना नै अभिव्यक्त भएका हुन्छन् र केही मात्रामा शृङ्गारिक भाव पनि पाइन्छ ।

#### ३.३.५.१.४.१ सङ्कलित झ्याउरे भजन

हरे राम हरे राम राम राम हरे हरे

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे

राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे

राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे ।

\+ \+ \+ \+

श्रीकृष्ण गोविन्द हरे मुरारे

हे नाथ नारायण वासुदेव

ॐ नमः शिवाय, नमः शिवाय

ॐ नमः भगवते वासुदेवाय ।

*(स्रोतः विनोद ढुङ्गाना, थुम्की-६)*

कसले सान्यो वरपीपल कसको रह्यो नाम

चार भाइले सारे वरपीपल धर्मको रह्यो नाम ।

कसले चिन्यो चौतारी कसको रह्यो नाम

चार भाइले चिने चौतारी धर्मको रह्यो नाम ।

कसले खन्यो पोखरी कसको रह्यो नाम

चार भाइले खने पोखरी धर्मको रह्यो नाम । *(स्रोतः श्रीप्रसाद सुवेदी, थुम्की-६)*

कृष्णजीको बाँसुरी आधा डढेको

त्यही पनि राधिकालाई मन परेको ।

कृष्णजीको जन्म भयो राधारातमा
शंखचक्र गद्या पद्म चारै हातमा ।

दही चोऱ्यौ माटो निल्यौ कृष्ण तिमी चोर
कति राम्रो मीठो तिम्रो वाँसुरीको स्वर ।

आउ कृष्ण बस न हाम्रो मनैमा
नजाऊ कृष्ण छाडेर वृन्दावनैमा ।

\+ \+ \+ \+

अवतार लिनुभयो कमलबाट ब्रह्माले[२]
हे सिपालुलाई कलममसी मखण्डीलाई खरी
अवतार लिए ब्रम्हाजीले सृष्टिमोचन गरी
अवतार लिनुभयो कमलबाट ब्रह्माले ।

जाम्ला वैकुण्ठमा हरिनाम जपेर[२]
हे हरि नाम जपेर वैकुण्ठको बास
हेय र अधर्मले पातलको बास
जाम्ला वैकुण्ठमा हरि नाम जपेर ।

स्वर्ग जाने बाटो न छ ढुङ्गो न माटो[२]
वैकुण्ठका ढोकाबाट हामीलाई हेर्छन्
स्वर्गबाट ब्रह्माजीले लेखोट कोर्छन्
स्वर्ग जाने बाटो ....... ॥

छैन वरिपरि कहाँ बसायो बाबरी[२]
यो जुनीमा धर्म गरे स्वर्ग पक्कै तरिन्छ
पाप हुने कर्म गरे पक्कै बीच परिन्छ
छैन वरिपरि ...... ॥

तिम्ले चन्द्रकला धर्मगर सकल[२]
मखमली फूल फूल्यो सबै राम्रो लाग्दछ
धर्म गरे पुण्य मिल्छ पापले नरक हाल्दछ ।

तिम्ले चन्द्रकला ........ ॥

*(स्रोत: श्रीप्रसाद न्यौपाने र साथीहरू, हंसपुर)*

### ३.३.५.१.५ **लम्बरी भजन**

देवदेवीका विविध गाथा तथा कथाहरूलाई साररूपमा प्रस्तुत गरिएको र बीचबीचमा चुड्का मिसाएर गाउन सकिने भजन लम्बरी भजन हो । लम्बरी भजनमा देव देवीको गुण, शक्ति र सामर्थ्यको वर्णन गरिएको हुन्छ -

#### ३.३.५.१.५.१ **सङ्कलित लम्बरी भजन**

बुबा मुमा प्रार्थना गर्दा सुनेको छँदै छु
छैटौँ र दुवारसम्म मैले फोर्नलाई सक्छु र
भन्थे नि बाबु यै भन्नु रे त्यो बेला मौकामा
एउटा पाली दिवार मैले मुड्कीले फोर्छु र
भन्थे नि बाबु भीमसेनले त्यो बेला मौकामा ।

सेवा भन्नु पो भन्नु रे के भन्यो भनौला
लडाइ गर्नु पर्छ हाम्रो भनेरै भन्थे र
क्षेत्रीयको धर्म बाबु लडाइ जो गर्नलाई
भन्थे नि बाबु यो भन्नु रे त्यो बेला मौकैमा ।

हे सारा फौज जोडे नि बाबु त्यो बेला मौकामा
सारा फौज खारेत पारे त्यो बेला मौकैमा
हात्ती घोडा रथ सारा फौज त्यो बेला मौकैमा
ल्याए नि बाबु सामुन्नेमा त्यो बेला मौकैमा ।

मऱ्यो नि बाबु यही भन्नु रे अगाडि जान्छु र
जाँदा जाँदै दोर्णको सामुमा
पुगेनी बाबु सामुन्नेमा हानहात भयो
सारा फौज खत्तल भयो त्यो बेला मौकैमा ।

दोर्ण भीमतर्फ सबै जो मरेर
कोलाहल भयो बाबु त्यो बेलैमा

मारे है भन्नु लै दोर्ण कर्ण मिलेर । [२]

(रामप्रसाद बास्तोला, ले.न.पा.-१३)

## ३.६ निष्कर्ष

कास्कीको पूर्वोत्तर क्षेत्रमा रहेका लोकगीतहरूले विषयगत विविधिता बोकेको पाइन्छ । संस्कार गीतमा रत्यौली, गीत र बाह्रमासे गीतका अनेकौं लय र भाकाहरू रहेको पाइन्छ । धार्मिक गीत, कर्मगीत र पर्वगीतहरूको प्रवाह पनि उत्तिकै रूपमा सशक्त रहेको पाइन्छ । यसरी यहाँका लोकगीत लोकजीवन तथा संस्कृतिसँग परस्पर सम्बन्धित भएर अभिव्यक्त भएको पाइन्छ ।

# कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको विषयगत आधारमा विश्लेषण

## ४.१ विषय प्रवेश

कास्की जिल्लाको नामकरण सम्बन्धमा विभिन्न किम्बदन्तीहरू प्रचलित छन् । काश्यप ऋषिको तपोभूमिलाई काश्यपकुन्द नाम दिइएको र काश्यप शब्द अपभ्रंस भई कास्की बनेको मत एकातिर छ भने अर्कोतर्फ प्रकृतिका खनिज स्रोतको भण्डारलाई कोष र त्यसबाट काषकी हुँदै 'कास्की' रहन गएको भन्ने मत पाइन्छ । सोह्रौं शताब्दीमा राजा कुलमण्डन शाहबाट शासित यो राज्य वि.सं. १८४२ जेठमा राजा सिद्धनारायण शाहको राज्यकालमा नेपाल एकीकरणमा गाभिएको पाइन्छ । त्यस्तै भाषाविद्हरूका अनुसार गुरुङ भाषामा 'कोष' भन्नाले कछाड र 'सिव' भन्नाले लगाउने अर्थात कोषसिव कछाड लगाउनेहरू बस्ने भन्ने शब्द खिँइदै कास्कीको नामाकरण हुन गएको कुरा भाषाविद्हरू बताउँछन् । तर ठोस आधार र तर्कहरूको आधारमा प्रमाणित भने हुन सकेको छैन ।

कास्की जिल्लाको भू-भाग समुद्री सतहबाट ४५० मिटर देखि ८०९१ मिटर सम्मको उचाइमा रहेको छ । अन्नपूर्ण हिमशृङ्खला तथा माछापुच्छ्रेको काखमा अवस्थित यो जिल्ला २८$^{\circ}$ ६' उत्तर देखि २८$^{\circ}$ ३६' उत्तरी अक्षांश तथा ८३$^{\circ}$ ४०' देखि ८४$^{\circ}$ १२' पूर्वी देशान्तरमा अवस्थित रहेको पाइन्छ । वर्गाकारमा रहेको यस जिल्लाको औषत लम्बाइ ६३ कि.मि. तथा चौडाइ ५० कि.मि. रहेको छ । यस जिल्लामा मध्य पहाडी तथा उच्च पहाडी भू-भागसमेत रहेको हुनाले भौगोलिक विकटता रहेको पाइन्छ । प्रसिद्ध पोखरा उपत्यका तथा विभिन्न ताल तलैयाहरू दक्षिणी भू-भागमा पर्दछन् । कुल क्षेत्रफल २०१७०० हेक्टर रहेको यस जिल्लाको २४.२७% खेती गरिएको जमिन, ६.५४% खेती योग्य जमिन, ३७.३१% वन जङ्गल, ११.८७% चरन, झारी, बुट्यान, १०% आवास, ५.७०% हिउँ क्षेत्र र ३.६८% अन्य जमिन छ ।

यस जिल्लाको मुख्य बासिन्दाहरूमा ब्राह्मण, गुरुङ्ग, क्षत्री, कामी, मगर, नेवार, दमाई, सार्की, तामाङ्ग, मुसलमान आदि छन् । जीविकाको मुख्य आधार कृषि, वैदेशिक रोजगार, उद्योग, व्यापार र नोकरी रहेको पाइन्छ । यहाँ मनाउने प्रमुख चाडपर्वहरूमा दशै तिहार, माताऔंसी, साउने संक्रान्ति, माघे संक्रान्ति, श्रीपञ्चमी, कृष्णजन्माष्टमी, तीज, जनैपूर्णिमा, ल्होसार, गाइजात्रा, फागु पूर्णिमा, चैते दशै, ठूली एकादशी आदि हुन् । विन्दवासिनी, तालवाराही, भद्रकाली, गुप्तेश्वर महादेव, गीता मन्दिर, राममन्दिर, बौद्ध गुम्वा, शान्ति स्तुप यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् । पूर्वोत्तर भागका

बासिन्दाहरूको धार्मिक आस्था अभिव्यक्तिको प्रमुख केन्द्र लमजुङ्ग जिल्लाको इशानेश्वर महादेव मन्दिर रहेको छ ।

यिनै सामाजिक सांस्कृतिक पृष्ठभूमिमा कास्कीको दक्षिणपूर्वी भागका लोकगीतहरू सिर्जित भएका छन् । यहाँका मानिसहरूले आफ्ना संस्कारमा गाइने गीत, सबै जातजातिले बाह्रै मासका साथै काम विशेषमा गाइने गीतहरूले यस क्षेत्रको विशिष्टतालाई चिनाएका छन् । लोकगीत लोकसमाजका ढुकढुकी हुन् । हरेकमानसको सुख दुःख, हर्ष, विस्मात, आशा, निराशा, संयोग वियोग आदिको साझा अभिव्यक्ति लोकगीतमार्फत गाएको पाइन्छ । लोकजीवनका प्रत्येक उकाली ओराली, भञ्ज्याङ चौतारीमा लोकगीतको रन्को छुटेको पाइन्छ । लोकजीवनका रहनसहन, रीतिस्थिति, चालचलन, सामाजिक मूल्य, मान्यता धार्मिक आस्था, सांस्कृतिक झलक, आर्थिक विषमता, प्रकृति चित्रण साथै लोक विश्वास र जीवन दर्शन झल्किएको हुन्छ र सर्वाधिक लोकप्रिय हुँदै झ्याङ्गिन पुगेको सबै क्षेत्रका लोकगीतमा एकरूपता पाइँदैन । मानव जीवनका विविध अवस्था र मानव समाजलाई समेटेर निरन्तर गुञ्जिरहने लोकगीतले विविध विषयक्षेत्रलाई आफ्ना आधार बनाएका हुन्छन् । यस क्षेत्रका लोकगीतलाई विषयगत आधारमा विश्लेषण गर्दा निम्न विषयवस्तु प्राप्त हुन आउँछन् -

## ४.२ सामाजिक चित्रण

लोकगीत समाजकै उपज हुन् । लोकगीतमा आँसु, हाँसो, पारिवारिक, सामाजिक सम्बन्ध, स्नेह, इर्ष्या, जीवनका सुख, दुःख आदि पनका भाव तरङ्ग प्रवाहित भएको पाइन्छ । यस क्षेत्रका लोकगीतहरूमा सामाजिकताका विविध पक्षहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ -

### ४.१.१ सामाजिक सङ्गठन

सामाजिक व्यवस्थामा समाजका विविध स्वरूपहरू देख्न सकिन्छ । घर/परिवार, गाउँ, समाज आदिको स्पष्ट चित्र यहाँका लोकगीतमा प्राप्त हुन्छ -

**(क) घर**

असारै मास दुधिला मकै साउनै खाने खीर
घरमा छैन शीतलु वचन मनमा छैन थिर ।

यसमा घर एउटा सामाजिक एकाइका रूपमा यहाँ प्रस्तुत छ ।

**(ख) गाउँ/टोल**

मेरो घर थुम्कीको सिर्कोतान
दुई दिनको जीवनको के ठेगान ।

यस गीतमा थुम्की गा.वि.स. र सिर्कोतान गाउँका रूपमा विभाजित एकाइको उल्लेख छ ।

**(ग) राज्य**

तीनै शहर नेपालमा घनकै घनन

यहाँ राजधानीका काठमाडौं, पाटन र भक्तपुर तीन प्रमुख शहरहरूलाई राज्यका रूपमा प्रस्तुत गरिएको छ ।

४.१.२ **नाता सम्बन्ध**

एक परिवारभित्रको नाता, एक परिवार र अर्को परिवारबीचको रगतको नाता साथै भावनात्मक वा प्रेम सम्बन्धका अभिव्यक्तिहरू लोकगीतमा यसरी व्यक्त भएको पाइन्छ -

ढिँकीजातो गरिन भन्छ्यौ बज्यै तिमीले
एकछिन फुर्सद दिन्नन् बज्यै तिम्रा छोरा हाम्रा उनैले

पाथी भर्ने सासु ब्वारी बाटो छेक्नी नन्न
बाबाजस्ता ससुरालाई केही हुन्न है भन्न

माथिका गीति अंशमा सासु-बुहारी, ससुरा-बुहारी, आमा-छोरा, श्रीमान्-श्रीमती जस्ता पारिवरिक सम्बन्धहरू व्यक्त भएका छन् ।

कसरी आउनु भो माया
जून छैन अँधेरी रातैमा

यसमा प्रेम सम्बन्ध उल्लेख हुन पुगेको छ ।

४.१.३ **जातीयता**

समाजमा रहेका विभिन्न जातजाति र तिनीहरूका भूमिकाहरूको अभिव्यक्ति लोकगीतमा रहन्छ-

शिरै लाउने शिरफूल सुनारीको दुकान
पूजा गर्छन पूजारीले जोगी बस्छन् ध्यान

सुनारले सुनको काम गर्ने, ब्राह्मण जातिले पूजाआजा गर्ने जातीय भूमिका माथिको गीतमा रहेको छ ।

४.२.४ **रहनसहन**

खानपान, लुगाफाटो, गरगहना आदिले सामाजिक रहन सहनलाई बुझाउँछन् ।

क) खानपानः

आमाले पकाएको झिनुवाको भात

दुध राखी सपक्क खाउँला बरिलै

असारै खाने दुधिला मकै, साउनै खाने खीर

भातै र खाम्ला कनरी रोपेर तरकारी तामा बरिलै

खान्न भन्थैँ करेली अचार

ग्रामीण समाजमा खाइने दुध भात, मकै, खीर, तरकारी, अचार आदि कुराको प्रस्तुति यस गीतमा छ ।

ख) लुगाफाटोः

के हो दाइ झिल्केको चाल, फाटेको दैरा र सुरवाल

भैलेनी आइन् आँगन, गुनियो चोलो मागन

परम्परागत पुरुष पहिरनका रूपमा दौरा सुरुवाल र महिलाले लगाउने गुनियो चोलो यस गीतमा प्रस्तुत भएको छ ।

ग) गर-गहना

बाबाले दिएका शिरै लाउने शिरफूल

दाजैले दिएका चाँदी बटन

परम्परागत गहनाहरू शिरफुल र चाँदी बटनको उल्लेख यहाँ छ ।

### **४.२.५ सामाजिक विभेद**

सासुले बुहारीलाई गर्ने विभेदपूर्ण व्यवहार, छोराले पैतृक सम्पत्ति प्राप्त गर्ने तर छोरी विवाह गरेर लोग्नेको घरमा जानुपर्ने, जन्मैदेखि छोरीप्रति नकारात्मक र पक्षपाति व्यवहारजस्ता लैङ्गिक विभेद, जातीय विभेद साथै आर्थिक विभेदका कुराहरू यस क्षेत्रका लोकगीतमा भेट्न सकिन्छ -

दिनभरि मेलापात सासुज्यूको खटन

बेलुकी घर फिर्छु लाउँछिन् वचन ।

काम गरेर पनि न्याय नदिने सासूले बुहारीप्रति गर्ने विभेद यहाँ प्रस्तुत छ ।

छोरा भए मैले पनि पाउँथैँ अंश चिरेर

रुँदै रुँदै जानु पऱ्यो डोली चढेर ।

छोरीलाई सम्पत्तिमा गर्ने विभेद यहाँ उल्लेख छ ।

उही कोखका छोराको कापी किताब हातमा

उही कोखकी छोरीलाई मेला पातमा ।

शिक्षा वा अवसर र अधिकारमा गरिने विभेदको प्रस्तुति यहाँ हुन पुगेको छ ।

### ४.२.६ सामाजिक विकृति

नेपाली समाजमा कतिपय विकृति र विसङ्गतिका कुराहरू भेट्न सकिन्छ । पुरुषहरू जुवा ताससँग भुलेर बिताउने, श्रीमान्हरू दिनभरि रक्सी खाने समस्याले आफ्नो आङ ढाक्न वर्ष दिनमासमेत लुगा फेर्न नपाइएको कारुणिक अवस्थाको चित्र तलका गीतमा कलात्मक रूपमा प्रस्तुत भएको छ -

भोटे र वाहुन त्रिपासा खेले
भोटेले जितेर लग्यो बरिलै ।

सिरिमानको जागिर छैन जाँड रक्सी तालमा
एकजोर लुगा फेर्न पाइन्छ कुनै सालमा ।

नेपाली समाजमा दाइजोको प्रभावलाई यसरी व्यक्त गरिएको पाइन्छ -

कस्तो छ दुलहीको मति
कति छ दाइजो र सम्पत्ति ?
त्यस्तै बालविवाहको विकृति पनि यहाँका गीतमा उल्लेख हुन पुगेको पाइन्छ -
पाँचै र वर्षकी बिहे गरी छोडेथैँ
छहारी रहनी भैछ्यौ नि है ।

### ४.२.७ सामाजिक भावना

जीवन सुख र दुःखको सम्मिश्रण हो । जीवन कहिले मिलन, कहिले बिछोड, कहिले सुख, कहिले दुःखको अनुभूति कुमालेको चक्रझैँ घुमिरहन्छन् । सामाजिक प्राणी भएका नाताले अनेकौँ भौतिक तथा मानसिक समस्या झेल्नुपर्छ ।

मायासँग दुई दिन भेट नहुँदा
डाँडा डाँडा रसाए म रुँदा ।
प्रेमीसँग बिछोड हुनु परेपछि उत्पन्न हुन पुगेको स्थितिको कलात्मक प्रस्तुति यहाँ रहेको छ ।

माया राख्नु पछेउरी छेवैमा
बाचुञ्जेल गर्नु है सम्झना ।
प्रदर्शित प्रेमलाई कसिलो बनाउँदै त्यसलाई हार्दिक बनाउने चाहनाको अभिव्यक्ति यहाँ भएको छ ।

४.२.८ **कला/प्रविधि**

लोकगीतमा परम्परागत सरल प्रविधिहरूको प्रस्तुति रहेको हुन्छ ।

सालको पात टिपेर दुना
उही कोखका छोरीलाई डोको बुन्दिने
ढिकी जातो गरिन भन्छ्यौ बज्यै तिमीले
लुगा लाउँने कोरा गरिबको छोरा
जसले दिन्छ पाथी
जसले दिन्छ मानो

यस गीतमा पातका दुना लगाउँने, डोको बुन्ने, कुटपिसका लागि ढिकी जातो निर्माण गर्ने, लुगा बुन्ने, नाप तौलका लागि मानो पाथीजस्ता प्रविधिहरूको चित्रण रहेको छ ।

४.१.९ **सामूहिक कार्य**

लोकगीत लोकको सामूहिक अभिव्यक्ति हो । विभिन्न संस्कार, चाडपर्व, श्रम, मेला, जात्रा,जस्ता पक्षहरूले मानिसहरूलाई सामाजिक सम्बन्धमा उनेका हुन्छन् ।

आकसकी दिदै मेरी पातलकी बैनी मेरी
बनाई देऊ न दिदी बैनी मेरो गणेश ।

आमाले पकाएका मीठा मीठा खजना
दिदी बैनी मिलेर खाउँला बरिलै ।

बिहेमा दिदीबहिनी जम्मा भएर गणेश निर्माण गर्ने, दिदी बैनी रमाउँदै मीठामीठा खाने कुरा खाने गर्दछन् । यही कुराको उल्लेख यस गीतमा भएको छ ।

४.२.१० **जीवन दर्शन**

लोकजीवनको प्रतिविम्बन हुने लोकगीतमा अनुभवबाट प्राप्त जीवन दर्शनका सारसङ्केतहरू यसरी व्यक्त भएका हुन्छन् -

मेरो घर थुम्कीको सिर्कोतान
दुई दिनको जीवनको के ठेगान ।

बाचुञ्जेल तेरो र मेरो
मरेपछि ढुङ्गैको चौघेरो ।

जीवनको क्षण भङ्गुरतालाई प्रस्तुत गर्दै बाचुञ्जेल प्रेम र सद्भाव बाड्नु पर्ने सरल शब्दमा गहन विषयको अभिव्यक्ति माथिका गीतमा भएको छ ।

४.२.११ **औपदेशिकता**

समाजलाई सही मार्गमा डोऱ्याउन र मानिसमा नैतिक आचरण विकास गर्न अर्तिउपदेशका कुराहरू यहाँका गीतहरूमा पाइन्छ -

आफ्नो कर्म आफैले चिन
अर्काको लैलैमा नहिँड ।

हो नि साच्चैँ पानीको कल धारा
बेइमानीको सङ्गतै नगर ।

नजाऊ माया लाउरे हुनलाई
रेलको झ्यालमा बसेर रुनलाई ।

बेला छोपी जिउनी लेखी पर्ने चुल्ठो जोड्न
हाम्ले पनि हुँदैन है परम्परा छोड्न ।

कर्ममा विश्वास गरेर कर्मशील बन्नुपर्ने, जीवनलाई सफल र अर्थपूर्ण बनाउन असल मानिसको मात्र सङ्गत गर्नुपर्ने वा बेइमानीको सङ्गत गर्न नहुने स्वदेशको उन्नतिका लागि पारिवारिक स्नेहमा रमाउँदै स्वदेशमै रहेर काम गर्नुपर्ने, आफ्नो परम्परा, संस्कृतिको संरक्षण गर्नुपर्ने, उपदेशात्मक अभिव्यक्ति लोकगीतमा यसरी मर्मस्पर्शी रूपमा व्यक्त हुन पुगेको छ ।

## ४.२ **धर्म संस्कृति**

नेपाली समाज धर्मपरायण छ । यस क्षेत्रका बासिन्दाहरू देवीदेवता, भूतप्रेत, पुनर्जन्ममा विश्वास गर्ने गर्दछन् । देवीदेवताको पूजा आराधना गरेमा पुण्यलाभ हुने, मनका तृप्ति तथा चाहनाहरू पूरा हुने, दुःखकष्ट तथा दैवी विपत्तिबाट मुक्ति मिल्ने विश्वासले विभिन्न जीवनसंस्कार तथा पदार्थ संस्कारका क्रममा गीतहरू गाउने गर्दछन् । व्रत बस्ने, परिशुद्धिका लागि कार्य गर्ने, ईश्वरप्रति भक्तिभाव दर्साउने क्रममा यस्ता गीतहरू व्यक्त हुन्छन् ।

व्रतबन्धमा पहिरने बस्त्र खासगरी भीख माग्ने संस्कार यहाँ यसरी व्यक्त हुन्छ -

दशै मैना बास गरेँ, मेरी आमा आएँ, जोगी बरिलै
देऊ न आमा, देऊ न आमा, पाँचै मुखी भिख ।

विवाहमा गणेश बटार्ने प्रचलन -

आकाशकी दिदी मेरी पातलकी बैनी मेरी
बनाइदेऊ न दिदीबैनी मेरो गणेश ।

विवाहमा केटीको घरमा पुगेपछि जन्तीलाई अक्षेताले पर्सिने सामाजिक संस्कार यस अंशमा व्यक्त छ -

शालीधान अछेती त माली गाईको दुधिया
पर्साइदेऊ न लोकैले अछेती पर्साइदेऊ ।

त्यस्तै विहेमा वरले बधुको सिँउदोमा सिन्दुर राख्ने, दही खुवाउने, सारी प्रदान गर्ने, साइतका लागि पूर्ण कलश राख्ने संस्कार हुन्छ -

गए बाबु फूलमाला भिरेर
दुधको भारा सारीले तिरेर ।

बाबु तिम्रो लगन हिउँदोमा
राखे सिन्दुर त्यो खाली सिउँदोमा ।

कूल धजा नगलाई दूधधारा
पूर्ण कलश राखेर साइत गर ।

भाइ गयो बुहारी लिन
दिदी बैनी नाचौँ न एकछिन ।

दुवो माला सजाएर शिरमा ढाका टोपी
आमा दही खुवाउँछिन् नि पछ्यौरीले छोपी ।

सिन्दुरको बेला भयो माइती जति लुक
बाबा लाए डोली दिन आमा लाइन् रुन ।

दिदी निस्किन् नाँच्नलाई आमा थाकी बसिन्
कान्छी बहिनी जिम्ती लेख्न भित्रतिर पसिन् ।

यसैगरी देवीदेवताप्रति भक्तिका भावनाहरू यसरी छताछुल्ल भएर पोखिएका पाइन्छन् -

फूलवारीमा जाऔँला फूलका माला गाँसौँला
फूलमाला चढाएर ध्यान बसौँला ।
फूका केश जुम्ला हात ठूलो हाम्रो वरित ।

रामलाई अघि लाम्ला
रामको पछि म जाम्ला ।

चढाँऊ भगवान्लाई

फूल दिप नैवेत ।

ईश्वरप्रतिको भक्ति भावनाको प्रसङ्ग यस गीतमा उल्लेख छ ।

कसले चिन्यो चौतारी कसको रह्यो नाम

चार भाइले चिन्ने चौतारी धर्मको रह्यो नाम ।

धर्म प्राप्तिका लागि चौतारी चिन्ने जस्ता परोपकारका कार्यहरूको उल्लेख यहाँ हुन पुगेको छ ।

बाह्रै वरिसको सोमबारे औँशी

हिड स्वामी राजै नुहाउन जाम् ।

सोमबारे औंसीमा नदी नुहाउन जाने प्रसङ्ग यहाँ उल्लेख छ ।

## ४.३ आर्थिक अवस्थाको चित्रण

यस क्षेत्रका गीतमा  आर्थिक अवस्थाको स्पष्ट चित्र भेट्टाउन सकिन्छ । यहाँको मुख्य पेशा कृषि नै हो । कृषि गतिविधिमा आधारित आर्थिक स्थितिका सङ्केतहरू साथै वर्गीय समाजका स्वरूपहरू यहाँका गीतमा भेट्टाउन सकिन्छ -

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

पातली मोरीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।

कृषिमा आधारित भई जीवन गुजार्ने क्रममा आई पर्ने आर्थिक अभावको चित्रण यहाँ छ ।

शिरै लाउने शिरवन्दी साहुकहाँ बन्धक

किन आउँछस् पापी चाड मनै रुवाउँन ।

चाडवाड मान्न घरगहना बन्धक राख्नु पर्ने कुराको चित्रण यहाँ भएको छ ।

रिनै रिनमा डुबेर घरबारी बेचेर

पोहोर साल मुग्लान झरे बरिलै ।

आर्थिक विपत्तिका कारण चर्को ऋण थेग्न नसकेपछि घरबार नै बेचेर जीवनयापनको खोजीका लागि मुग्लान जानुपर्ने दुर्दशा यहाँ व्यक्त भएको छ ।

शोाषकको जालमा परी माइती हिडे मुग्लान

कहिले आउला गरिबको दिन बरिलै ।

समाज शोषक र शोषित दुई वर्गमा विभाजित रहेको कुरा माथिका गीतमा व्यक्त छ ।

## ४.४ लोक विश्वास

विभिन्न प्राकृतिक स्वरूपहरूलाई ईश्वरीय स्वरूप मान्ने जस्तै नदीमा नुहाउने, फूल तार्ने, आकाशलाई दिदी र पाताललाई बहिनी मान्ने, भूमिलाई पूजा गर्ने, गाईलाई लक्ष्मी, बाघलाई भगेर मानेर पूजा गर्ने, सृष्टिरचनालाई ईश्वरीय देन मान्ने, पाप धर्मको फल प्राप्त हुने, बहुलोकलाई स्विकार्ने, अन्नको सह बढ्ने, बाडुल्की लागे कसैले सम्भेको मान्ने, सपनाको शुभाशुभ परिणाममा विश्वास राख्ने, हिड्दा साइत पर्ने नपर्नेजस्ता लोक विश्वासहरू यस क्षेत्रका गीतमा पाइन्छन् ।

क) कर्मप्रतिको विश्वासः

पाइन सुख जीवनभरिमा
भावीले नि के लेख्यो करिम ।

ख) धर्मप्रतिको विश्वासः

चौतारी चिनेर धरिम
हेर्छु ऐना देख्दिन करिम ।

ग) सपनाप्रतिको विश्वासः

आजै र राती सपनी देखें
बाबाले मुकुट लाएका है ।

घ) देवदेवीप्रतिको विश्वासः

गोली चल्न सुरु भो दुश्मन बीच परियो
चिसापानी देवीको सरन परियो ।

हामी त त्यसै आएनौं
बली राजाले पठा'को
हे औसीं बार
गाईतिहार भैलो ।

ङ) सृष्टिसम्बन्धी विश्वासः

अवतार लिनु'भो
कमलबाट ब्रह्माले ।

च) शकुन-अपशकुनः

जरी राम्रो दुवोको मालामा

लगाइदिम्ला भाइ जाने बेलैमा ।

दुनोको माला लाएमा साइत पर्ने विश्वास यहाँ व्यक्त छ ।

छ) निषेधित कार्यप्रतिको विश्वासः

दिनलाई हुँदैन चेली वरितको दियो ।

व्रतको दियो दिएमा माइती वंश नै नाश हुने विश्वास पनि गरिन्छ ।

## ४.५ प्रकृति चित्रण

लोकगीतमा स्थानीयसँगै सार्वभौम प्रकृतिको सुन्दर चित्रण पाइन्छ । जनमानसद्वारा अनुभूत गरिएका प्राकृतिक विम्बलाई आत्मसात गरिएको हुन्छ । प्रकृति आफैमा सङ्गीतमय छ । खोलानालाहरू र झरनाहरू कलकलाउछन्, वन पाखाहरू सुसाउँछन्, चराचुरीङ्गीहरू चिरबिराउँछन्, मानव जीवन स्वयम् प्रकृतिको उपहार हो, उसले प्रकृतिका अन्य पक्षसँग मितेरी लाएको हुन्छ । तिनै प्रकृतिका सुन्दर उपहारहरू लोकगीतमा विम्ब बनेर आएका हुन्छन् ।

कहाँ गयो मौरीको राना
गैराबारी तोरीको फूल खान ।

पानी पधैंराको
दाउरा घाँस वनको
माया रैछ मनको ।

भेट कैले होला
जूनको र घामको
सीताको र रामको ।
मत डाँडाकाँडा
बैनी तल खोलीमा
बोलाउँदा नि बोलिन ।

यैले सालको खडेरी
सुक्यो बोडी सिमी त
बिमानी रैछ्यौ बैनी त ।

आज भैंसी भोकै
कुटमेराका काइनाले
बोलाऊँ केका साइनाले ।

तिम्रै पिरलोले
ज्यान सुकेर लौरीझैँ
घुम्छु फूलमा मौरीझैँ ।
म पनि त रुन्छु
तिम्रै पिरले न्याउली झैँ
ज्यान सुकेर लौरी झैँ ।

रातो लालुपाते
सेतो फूल गुलाफ
रातो लालुपाते ।

सेती नदी धमिलो पानी
चोखो माया लाऊँ क्यारे जुग जाने ।

लक्ष्मीले बास गरिन् घर
हिमालजस्तो हँसिलो मुहार ।

यसरी प्रकृतिका स्वरूपहरू पशुपक्षी, बोटबिरुवा, फूलहरू, खोलानाला, दिनरात, स्थान, पर्वत, घाम जून आदिको चित्रण यी गीतमा भएको छ ।

## ४.६ कृषिसम्बन्धी वर्णन

कृषि प्रधान देश नेपाल, यहाँका अधिकांश मानिस कृषि पेशामा नै निर्भर छन् । खेतबारी खनजोत, मलजल गर्नु, बिउबिजन छर्नु, रोप्नु गोड्नु, गाउँवेशी गर्नु, मेलापर्म जानु, दाउराघाँस गर्नु यहाँका मानिसको प्रमुख दिनचर्या हो । खेतबारीको माटोलाई सिँगारेर आफ्नो जीवन सजाउने यहाँका मानिसहरू पसिना काट्दै श्रमका गीतहरू गाउँछन् ।

(क) अन्नबालीः

लेकको घर बेसीको खेत फाँटमा जानु छ
एकै र महिना लाएको खेती बर्षदिन खानु छ ।
असारै रोप्ने मूलपानी छोप्ने मंसिरै राख्ने दाइँ
रामकी सीता रामणले हऱ्यो भेटाइद्यौ सीतालाई ।

कोदो रोपी सकियो धान गोडी भ्या'छैन
अजै पनि सासुको वचन पा'छैन ।

खेतबारीमा लगाइने धान, मकै, कोदोको वर्णनसँगै ती अन्नबालीहरू लगाउँदा गरिने कार्यको वर्णन यहाँ रहेको छ ।

(ख) फलफूलः

बाबाको दैलामुनि सुन्तलाको घारी
टिपन सकिन खाइन बरिलै ।

नेपाली समाजको फरक हावापानी र भूगोल अनुसार प्राप्त हुने अनेकौं फलफूलको वर्णन यहाँका लोकगीतमा व्यक्त भएको पाइन्छ ।

(ग) पशुपक्षीः

गाईभैँसीलाई घाँस
खनियोको झोपो छ
माया लाउने धोको छ ।
सबको देख्छु परेवा जोडी
मेरो मात्र एकलो बेजोडी ।

ग्रामीण समाजमा पालिने गाई, भैंसी, बाखा, परेवाजस्ता पशुपक्षीको प्रस्तुति यहाँ रहेको छ ।

## ४.७ ऐतिहासिकता

इतिहासका विभिन्न घटनाक्रमहरू लोकगीतमा सङ्क्षिप्त रूपमा अटेका हुन्छन् । यस क्षेत्रका लोकगीतमा पनि केही त्यस्ता ऐतिहासिक पक्षहरू समेटिन पुगेको पाइन्छ ।

भारत र पाकिस्तानको लडाइको घटना
गोली लाग्ने लाउरेको दुःख वेदना ।

भारत र पाकिस्तानबीच चलेको युद्धमा भारतीय सेनामा भर्ती भएका नेपालीहरूले युद्धमा वीरगति प्राप्त गरेको ऐतिहासिक घटनालाई यस गीतले चित्रण गरेको छ ।

## ४.८ राजनैतिक अवस्था

लोकगीतमा राजनीतिको प्रभाव परेको हुन्छ । मुलुकमा प्रजातन्त्र र लोकतन्त्रका लागि थुप्रै योद्धाहरूले ज्यान गुमाउनु परेको तर प्राप्त प्रजातन्त्र वा लोकतन्त्र सीमित व्यक्तिका लागि भएको, नेताहरूले राष्ट्रिय स्वार्थलाई लत्याएर व्यक्तिगत स्वार्थमा लिप्त बनेको विकृत राजनीतिलाई यसरी व्यक्त गरिएको पाइन्छ -

सहिदको रगतले प्रजातन्त्र आएको
हरे कठै ! प्रजातन्त्र सस्तो भएको ।

फुटेको यो राजनीतिले केही गरेन जन्तालाई
धन कमाउने पेशामात्र भयो नेतालाई ।

कमाइसके धन सम्पत्ति सात पुस्तालाई पुऱ्याए
देशको निम्ति हिड्नु पर्ने बाटो बिराए ।

उत्पीडित नारीहरू स्वतन्त्रता प्राप्तिका लागि आवाजहरू यसरी बुलन्द गर्दछन् -

आधा आकाश ढाकने हामी नारी जातिलाई
थियोमिचो व्यवहार हटाऊ सधैंलाई ।

## ४.९ भाषिक प्रयोग

लोकगीतमा अभिधायुक्त सरल र सहज भाषाको प्रयोग भएको पाइन्छ । लोकगीतमा प्रयुक्त भाषा र मानक भाषाबीचको अन्तरलाई यहाँ प्रस्तुत गरिन्छ -

| गीतमा प्रयुक्त रूप | मानक रूप |
|---|---|
| मैना | महिना |
| धरिम | धर्म |
| करिम | कर्म |
| सिरिराम | श्रीराम |
| पिठिम | पिठ्यु |
| कार्जे | कार्य |
| गाम | गाउँ |
| खोजन | खोज्न |
| खन्चन् | खन्छन् |
| भन्छेउ | भन्छ्यौ |
| बिर्स्या | बिर्सेको |
| हिरदय | हृदय |
| लिनी | लिने |
| जग्गे | जग्गिया (यज्ञ) |
| रतेउली | रत्यौली |
| तिम्लाई | तिमीलाई |
| कस्ले | कसले |

| | |
|---|---|
| हिन | हिड |
| पछेउरी | पछ्यौरी |
| पिलेन | प्लेन (विमान) |
| रच | रहेछ |
| रुम्त | रुँ त |
| पर्च | पर्छ |
| नभा’को | नभएको |
| हिड्नी | हिड्ने |
| लाइदिम्ला | लाइदिउँला |
| हामरा | हाम्रा |
| एकु | एक |
| दुसरी | दुई (दोस्रो) |
| पठिन | पढ्न |
| विया | विहे |
| दयेली | दैलो |
| भुकदो | भुक्दो |
| आउनी | आउने |
| जानी | जाने |
| दिनुस् | दिनुहोस् |
| भ्या’छैन | भ्याएको छैन |
| जन्ता | जनता |
| छइन | छैन |
| भनम् | भनौँ |
| क्यार्नी | के गर्ने |
| जाम् | जाऔँ |
| मागम्ला | मागौँला |
| तरिन | तर्न |
| टिपन | टिप्न |
| नमजा | नमज्जा |
| हुनिछ | हुनेछ |

| | |
|---|---|
| रिन | ऋण |
| लगेनी | लगे पनि |
| दुईटा | दुईवटा |
| ओड्‌म् | ओडौँ |
| ऐले | अहिले |
| करता | कर्ता |
| विमानी | बेइमानी |
| ढल्किएसी | ढल्किएपछि |
| लाई | लाएर |
| आसी | हसिँया |
| बेलाउती | अम्बा |
| धन्सार | गोठ |
| रौसी | रक्सी |
| अम्चुर | आँप (आँप निचोरी सुकाएर बनाएको माडा) |

यस क्षेत्रका लोक गीतमा लेख्य वा स्तरीय भाषाको तुलनामा कत्थ्य रूपको प्रयोग बढी मात्रमा भएको पाइन्छ । 'छ' वर्णको ठाउँमा 'च' को प्रयोग, धातुमा लाग्ने 'ने' प्रत्ययको ठाउँमा 'नी' को प्रयोग, सम्भावनार्थ 'औला' प्रत्ययको ठाउँमा 'अम्ला' प्रत्यय, 'पछि' नामयोगीको ठाउँमा 'सी' को प्रयोग त्यस्तै ध्वनिसङ्कोच, ध्वनिबिस्तार र ध्वनि विपर्यसका भाषिक प्रयोगहरू रहेको पाइन्छ ।

## ४.१० निष्कर्ष

विवेच्य क्षेत्रका लोकगीतहरूमा सामाजिक जनजीवनका बहुपक्षको प्रतिविम्ब खिचिएको छ । समाजको संरचना, नातासम्बन्धहरू, अनेकौ कर्म र व्यवहार वा उत्पन्न अन्तर्क्रियाद्वारा निर्मित समाजको यथार्थतालाई बुझ्न यहाँका लोकगीतले सहयोग गरेको छ । स्थानीय तथा सार्वभौम प्रकृति प्रतिविम्ब बनेर आएको छ । लोकविश्वासहरूले अन्धविश्वास र वैज्ञानिक मान्यता दुबैलाई आत्मसात गरेका छन् । यसबाहेक ऐतिहासिकता र समसामयिक राजनीतिक पक्ष समेटिएको छ । स्थानीय भाषिकाको प्रयोगले गीतमा मिठास थपेको छ ।

अध्याय-पाँच

# उपसंहार

## ५.१ सारांश

कास्की जिल्लाको पूर्वोत्तर क्षेत्र प्रायः भिरालो धरातलीयस्वरूप साथै विभिन्न टार, फाँट, वेशी, ताल-तलैया र सेती मादी नदीको स्पर्श प्राप्त ऐतिहासिक विभिन्न कोटहरू, मठमन्दिर, प्रकृतिक रूपले विविधस्वरूप बोकेको अनि लोक साहित्यमा उत्तिकै उर्बर छ ।

बहुजातीय, वहुभाषिक, बहुधार्मिकस्वरूप यहाँ पनि रहेको छ । हिन्दु धर्म मान्ने मानिसहरू दशै, तिहार, तीज, ऋषिपञ्चमी, कृष्ण जन्माष्टमी, चैते दशैं, वैशाखे, साउने र माघे संक्रान्ति, शिवरात्रीजस्ता चाडपर्वहरू मनाउने गर्दछन् भने बैशाख पूर्णिमा, ल्होछार बौद्धमार्गीहरूले र मुसलमानहरू इद मनाउँछन् । पेसा, रोजगारी तथा अध्ययनका लागि विदेसिने प्रचलन यहाँ पहिलेदेखि नै रहेको पाइन्छ ।

रोधीको चलन यस क्षेत्रमा व्याप्त रहे पनि हालका दिनमा त्यसको नाम निशाना भेट्न सकिँदैन । आधुनिक शैलीका देशी विदेशी गीतको प्रभावले यहाँको समाजलाई केही हदसम्म गाँजेको पाइन्छ । अध्ययन अनुसन्धानको अभावमा कतिपय गीतहरू गायकसँगै मरेर गएका छन् । वर्तमान समयमा रत्यौली, तीजे, असारे गीत, भजन चुड्का, विभिन्न मेला महोत्सवमा प्रतियोगितात्मक वा अप्रतियोगितात्मक रूपमा सञ्चालित हुँदैआएको पाइन्छ । यहाँको करपुटारे भाकाका रूपमा प्रख्यात ठाडो भाका, त्यसको उत्थानमा लागेका मोतीलाल गुरुङ्ग र दाइँगीतको धर्मराज थापाले विशेष रूपमा उल्लेख गरेकै छन भने स्वस्थानी व्रत तथा सत्यनारायणको पूजामा अभिरुचि देखाउने व्यक्तिहरू यहाँ अझै पनि उत्तिकै छन् । खेतीपाती र पशुपालनलाई आफ्नो प्रमुख पेसा बनाउँदै आएका यहाँका मानिसहरूले घाँस, दाउरा, मेलापात, गोठाला, खेताला गर्दा भीरपाखा र खोला खोल्सामा गुञ्जने लोकगीतमा उनीहरू सुख, दुःख, आरोह-अवरोह, हर्ष-बिस्मातका उत्साह, उमङ्ग अनुभूतिहरू छचल्किनुका साथै समसामयिक झलक प्राप्त हुन्छ । यस्ता प्रकारका लोकगीतहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित र विकसित हुँदै आएको पाइन्छ । यी लोकगीतहरूको सम्बन्ध ऐतिहासिक, पौराणिक एवम् समसामयिक आधुनिकतासँग पनि रहेको पाइन्छ ।

निश्चित ठाँउ र बासिन्दाहरूलाई केन्द्रित गरेर प्रस्तुत गरिएको यस शोधपत्रमा यस क्षेत्रका गीतहरूलाई सङ्कलन गरी यसको परिचय, वर्गीकरण र विषयगत आधारमा विश्लेषण गर्ने कार्य गरिएको छ । लोकसाहित्यअन्तर्गतको सबैभन्दा बढी झ्याङ्गिएको विधा लोकगीतले अज्ञात रचयिता, मौलिक र मौखिक रचना लयात्मकता साथै सङ्गीततात्मकता, सरल र सहज अभिव्यक्ति, सामूहिक भावभूमि, स्थानीयताको चित्रण परिवर्तनशीलताजस्ता विशेषताहरू बोकेको हुन्छ भने कत्थ्य वा भाव, भाषा, लय वा भाकाजस्ता अनिवार्य तत्त्वसँगै अन्य काव्यात्मकता, रहनी वा थेगो, वाद्य, नृत्य, वेश-भूषा र श्रोता र दर्शक ऐच्छिक तत्त्व पनि यसमा रहेका हुन्छन् । यहाँका बाह्रमासे गीतहरूमा झ्याउरे, दोहोरी र ठाडो भाकाका गीतहरू, कर्म गीतमा जेठे, असारे र दाइँ गीत, पर्वमा तीजे भैलो

र देउसी गीत संस्कारमा रत्यौली र मागल गीत धार्मिकमा भजन, चुड्का र रोइला बढी लोकप्रिय छन् । यस क्षेत्रका कर्मगीतमा कर्मशीलताको साथै नारीवेदनाको चित्रण र भविष्यप्रतिको आशा पनि पाइन्छ । पर्वगीतहरूमा धार्मिक आस्था अभिव्यक्त गर्ने कार्य, भातृत्व, पौराणिक महत्त्वलाई प्रष्ट्याउनुका साथै दुःख, विरह, वेदना बिसाउँदै आनन्द लिने गरेको पाइन्छ । त्यस्तै यहाँका संस्कार गीतमा कार्य मङ्गलको कामनासँगै दमित इच्छा, हर्ष र विरहको अभिव्यक्ति पनि पाइन्छ भने धार्मिक गीतमा देवीदेवताप्रति आस्था र श्रद्धा भाव साथै त्यसै आवरणभित्र प्रेमका अङ्कुरित भावनाहरू सलबलाएका पाइन्छन् । लोकपरम्पराको संरक्षण र संवर्धन गर्ने कार्यसँगै मनोरञ्जनको महत्त्वपूर्ण माध्यमका रूपमा यहाँको लोकगीतले आफ्नो विशिष्ट स्थान ओगट्न सफल छ ।

## ५.२ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने कास्कीको पूर्वोत्तर भागमा प्रचलित लोकगीतको यस अध्ययनले यस क्षेत्रका लोकगीतको विशेषता र क्षमताको पहिचान गराएको छ । यसमा यस क्षेत्रको लोकधारणा, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, ऐतिहासिक, राजनैतिक, भाषिक स्वरूप साथै प्राकृतिक छटाहरूको यथार्थ चित्रण पाइन्छ । प्रायः गरेर दुई पङ्क्तिको एक श्लोक पाइने यहाँका लोकगीतमध्ये रत्यौली गीतमा भाकाको अंश नै अन्तरामा रहनी बनेर आएको देखिन्छ । यस क्षेत्रका लोकगीतमा विषयगत विविधता, साहित्यकता, लयगत विविधता, माधुर्यता र प्रस्तुतिमा विविधताको समन्यीकृत स्वरूप भेट्टाउन सकिन्छ । यहाँका लोक मानसले समयानुकूल सृजनात्मक बान्की चढाउँदै यहाँको लोकगीतको संवर्द्धन गर्दै लगेको पाइन्छ । जसले गर्दा यहाँको लोकगीतले समग्र लोकगीत सङ्गीत र लोक साहित्यकै विशाल फाँटलाई अझ फराकिलो पार्ने कार्य गरेको छ ।

यस अध्ययनमा कास्की जिल्लाको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको यथासम्भव अध्ययन गरिएको छ । अझै पनि विशिष्टताको खाँचो भने रहन सक्छ । यस अध्ययनमा जे जति कार्य भएको छ । समाजशास्त्रीय आधारसँगै ज्ञानका अन्य पक्षको बारेमा जानकारी लिन चाहनेका लागि आधार सामाग्री रहने छ । अन्त्यमा, यस अध्ययनले लोकगीतको संरक्षणमा केही हदसम्म सहयोग पुगेको आशा लिइएको छ ।

# लोकगायक/गायिकाहरूको विवरण

| क्र.सं. | नाम | ठेगाना | उमेर (वर्षमा) |
|---|---|---|---|
| १ | छगमाया सुवेदी | थुम्की-८ | ६५ |
| २ | श्रीप्रसाद सुवेदी | थुम्की-६ | ५५ |
| ३ | तारा कँडेल | ले.न.पा. १३ | ५० |
| ४ | सरस्वती भण्डारी | ले.न.पा. १३ | ५२ |
| ५ | रामप्रसाद बाँस्तोला | ले.न.पा. १३ | ७० |
| ६ | सरस्वती बाँस्तोला | ले.न.पा. १२ | ६२ |
| ७ | श्रीप्रसाद न्यौपाने | हंसपुर ३ | ५३ |
| ८ | रगवीर गुरुङ | थुम्की-७ | ६४ |
| ९ | सुनमाण वि.क. | थुम्की-७ | ४० |
| १० | सुकमाया वि.क. | थुम्की-७ | ४६ |
| ११ | टीकामाया नेपाली | थुम्की-७ | ४८ |
| १२ | राजकुमारी नेपाली | थुम्की-७ | १८ |
| १३ | दीपक उदास | थुम्की-७ | २० |
| १४ | इन्द्रबहादुर घताने | थुम्की-७ | १७ |
| १५ | सुमित्रा ढुङ्गाना | थुम्की-६ | ६८ |
| १६ | शीलकुमारी ढुङ्गाना | थुम्की-६ | ४५ |
| १७ | विनोद ढुङ्गाना | थुम्की-६ | ५४ |

# सन्दर्भसूची

आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण**, काठमाडौँः पैरवी प्रकाशन, २०६२ ।

आर. डी र एल. एल., **नेपालका विभिन्न जाति र लोकगीत**, ललितपुरः जगदम्बा प्रकाशन, २०३८ ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्यकी भूमिका**, बाणायसीः साहित्य भवन प्रा.लि., १९६८ ।

कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य**, काठमाडौँः ने.रा.प्र.प्र., २०२० ।

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति**, काठमाडौँः रत्न पुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौँः ने.रा.प्र.प्र., २०३० ।

__________ **मेरो नेपाल भ्रमण**, काठमाडौँः साभ्का प्रकाशन, २०३२ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसहित्यको विवेचना**, काठमाडौँः पा.वि.के., २०४१ ।

पन्त, कालिभक्त, **हाम्रो सांस्कृतिक इतिहास**, स्याङ्गजाः स्वयम्, २०२८ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौँः वीणा प्रकाशन, २०५७ ।

पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा**, काठमाडौँः साभ्का प्रकाशन, २०५६ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा**, पोखराः तारादेवी पराजुली, २०४९ ।

______________ **नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू**, काठमाडौँः साभ्का प्रकाशन, २०६३ ।

पौडेल, सुमित्रा, **पोखरेली लोकगीतको सङ्कलन, वर्णीकरण र विश्लेषण**, त्रि.वि.पोखरा, एम.ए. शोधपत्रः २०५५ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौँः एकता बुक्स, २०२८ ।

बरुवाल, उषा, **पोखरेली नारी गीतको सङ्कलन, वर्णीकरण र विश्लेषण**, त्रि.वि. पोखरा, एम.ए. शोधपत्रः २०५८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, काठमाडौँः साभ्का प्रकाशन, २०५५ ।

शर्मा, पुण्यप्रसाद, **गाइने जातिमा प्रचलित लोकगीतको अध्ययन**, त्रि.वि. पोखरा, एम.ए. शोधपत्र, २०५० ।

श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, **कास्की वस्तुगत विवरण**, केन्द्रीय तथ्याङ्क विभाग, २०६२ ।